अंक-८

VOLUME - EIGHT

THE VOICE OF TRUTH INTERNATIONAL

# सत्यवाणी

## नेपाल



उहाँ मेरो निम्ति मर्नु भयो...


"Where Bible speaks we speak & where Bible silent we silent" Scince 33AD
(in all over the World)
पापबाट बचाइएकाहरू पुग्ने स्थान अनन्त स्वर्ग
2012-21
हरेक मानिसले यो संसार छाडन अघि एक न एक दिन यो प्रश्नको जवाफ सोध्नै पर्ने हुन्छ ....
उद्धार पाउन मैले के गर्नुपर्छ ?
मानिसको आफ्नै मेहनत, इच्छा र प्रयत्नद्वारा उद्धार पाउन सक्दैन (रोमी ९:१६)
तर परमेश्वरको दया र अनुग्रहबाट मात्र मानिसले उद्धार पाउन सक्छ एफि २:८,९; तीतस ३:४-७)
र पनि यी ६ वटा सिढी पार गरेर मात्र उद्धार पाइन्छ
मानिस तर्फको काम
के तपाईंले चाहि पुरागर्नु भयो ?
परमेश्वर तर्फको काम
जो उहाँले गरी सक्नुभयो
१ सुनुवाइ
जसरी पनि येशूकोबारे सुसमाचार सुन्नपर्छ रोमी १०:१७
२ विश्वास
प्रभु येशूलाई हृदयदेखि नै विश्वास गर्नु पर्दछ। मर्कूस १६:१६ हिब्रू ११:६
३ पश्चताप
आफ्नो पापहरुको पश्चताप गर्नुपर्छ प्रेरित ३:१९
४ स्वीकार
येशूखीष्टलाई परमेश्वरको पुत्र र प्रभुभनि- १ पत्रुः२१
आफ्नो मुखले स्वीकार गर्नुपर्छ रोमी १०:९,१०
"God, be merciful to me, a sinner"
५ बप्तिस्मा
यही पानी बप्तिस्माको एउटा रुप हो, जसले तिमीहरुलाई बचाउछ
मर्कूस १६:१६
६ मण्डली
मण्डली जानपर्छ, मण्डली भनेको कुनै भवन होइन तर बोलाइएका मानिसहरुको झुण्ड हो जसको पाप बप्तिस्मासंगै क्षमा भएको हुन्छ।
बाइलको मण्डली एउटै - मात्र छ खीष्टको मण्डली
मत्ती१६:१८, एफि १:२२,२३
प्रेरिर२:४१,४२,४७ एफि ४:४
रोमी १६:१६ (गला १:२२)
..पश्चताप गर र तिमीहरुका पाप क्षमाको निम्ती येशू खीष्टको नाउमा तिमीहरु प्रत्येकले बप्तिष्मा लेउ प्रे. २:३८
विश्वास सुनुवाईबाट आउछ, सुनुवाई परमेश्वरको वचनबाट आउछ रोम१०:१७
पवित्रआत्मा पठाइदिनुभयो
म गएपछि सत्यको आत्मा तिमीहरुकहा पठाइ दिनेछु.. (यूह. १६:७) (प्रेरि१:४,८)
येशूले रगत बलिदान गर्नुभयो
एफि. १:७
१पत्रु. १:१९
रोमी ५:८
परमेश्वरले आफना पुत्र पठाइदिनुभयो यूह.३:१६
परमेश्वरले संसारलाई यस्तो प्रेम गर्नुभयो कि उहाले आफ्ना एक मात्र पुत्र दिनुभयो ताकि उहामा विश्वास गर्ने कोही पनि नाश नहोस तर त्यसले अनन्त जीवन पाओस । (यूहन्ना ३:१६)
पापमै हराइ रहेका अवस्था
खीष्ट येशूले भन्नुभयो " म मेरो मण्डली यस चट्टानमाथि स्थापित गर्नेछु" (मत्ती १६:१८)
खीष्टको मण्डली
प्रेरित२:४२ तिनीहरु प्रेरितहरुका शिक्षा, संगति, र रोटी भाच्न र प्रार्थनामा भक्तिसाथ लागिरहन्थे।
CHURCH OF CHRIST PUTALISADAK
मेघ ब.मोक्तान
९८५१००७१६०
९८१८२७७७१६


## हामी क्रूसको वरपर यी दृश्यहरु देख्छौं...

- दोष दिने भीड
- कमजोर पिलातस
- हाँसिरहेको हेरोद
- हत्यारा बारब्बा
- क्रूस बोक्ने कुरेनी
- रुने स्त्रीहरु
- पापी मानिसहरु
- प्रेमिलो पिता



- उपहास गर्ने शासक
- ठट्टा गर्ने सिपाहीहरु
- प्रार्थना गर्ने चोर
- विश्वास गर्ने कप्तान
- हेर्ने आफन्तहरु
- विलाप गर्ने मानिसहरु
- धार्मिक अधिकारीहरु
- विचारशील योसेफ

# मण्डली स्थापना भयो ।



यशैया २:२–३
१ तिमोथी ३:१५
मत्ती १६:१८
दानिएल २:४४
कलस्सी १:१३
मत्ती १:१-२
ख्रीष्ट- शीर
राज्य
पाप क्षमा
कलस्सी १:१३-१४
एफिसी १:२२
ख्रीष्ट-शीर
मण्डली
बचाइएकाहरु थपिएका
प्रेरित २:४७
कलस्सी १:१८
ख्रीष्ट- शीर
शरीर
मुक्ति
एफिसी ५:२३
मत्ती १:१-२
ख्रीष्ट- शीर
ख्रीष्ट
उद्धार
२ तिमोथी २:१०
इ.सं. ३०
इ.पू.७००
इ.पू.५००
इ.स.२९
पेन्तिकोस
इ.सं.४६
इ.सं.९६
यशैया २:२-३
दानिएल २:४४
मत्ती १६:१८
प्रेरित १४:२३
प्रकाश १:४
प्रेरित १:५-२:४७
कहिले?
इ.सं. ३०
मण्डली, राज्य
ख्रीष्टको शरीर
सबै आत्मिकी आशिषहरु
पाप क्षमा
उद्धार
एफिसी १:३
कहाँ?
यरुशलेम
यशैया २:२-३ प्रेरित १:४-८

# The Voice of Truth International


**Staff:**

Editor : Louis Rushmore
Associate Editor : Jerry Bates
Editor Emeritus : Byron Nichols
Founding Editor : J.C. Choate

**ENGLISH EDITION IN INDIA AND BRAILLE EDITION:**
***Managing Editors:***
Philemon Rajah & Kingsly Rajah

**TELUGU EDITION:**
***Managing Editor, Translator:***
Joshua Gootam

**TAMIL EDITION:**
***Managing Editor, Translators:***
Benny Martin, S. Rajanayagam

**HINDI EDITION:**
***Managing Editor:***
Earnest Gill

**PAITE EDITION:**
***Managing Editor:***
Thang Lien

**NEPALI EDITION:**
***Managing Editor, Translators:***
Gajendra Deshar, Arun Rijal

**MARATHI EDITION:**
***Managing Editor:***
Amul Bansod



**Printed and Published in Nepal by:**

**Nepal Center for Biblical Study**
**Chapagaun Church of Christ**
**Seraphat, Chapagaon,**
**Godawori Municipality-11,**
**Lalitpur, Nepal**

Computer Typing, Lay-out/ Printing
**Dachhin Lalitpur Offset Press**
Chapagaun, Lalitpur
<dloffsetpress@gmail.com>

**Publisher:**
The Voice of Truth Nepal
P.O.Box: 25999
Kathmandu, Nepal


Please send Nepali articles for publication to
**<votinepal@gmail.com>**

**कृपया आफ्ना लेखहरु छन भने प्रकाशनको निम्ति माथीको इमेल र पोष्ट बक्समा पठाउनु हुन विनम्र अनुरोध गर्दछौ ।**


**THE VOICE OF TRUTH INTERNATIONAL** is published by churches of Christ as non-profit effort. Write to us at World Evangelism, P.O.Box 72, Winona, Mississippi, 38967, USA. Phone: 662-283-1192; Email address: Choate@worldEvangelism.org.


**THE CHURCHES OF CHRIST SALUTE YOU** (Romans 16:16)

# के शबाथ ख्रीष्टियानहरूले मनाउनु पर्ने दिन हो?

येशूलाई पछ्याउँने संसारका बहुसख्यक ख्रीष्टियानहरूले शबाथ दिन मनाउनु पर्छ भनी विश्वास गर्दछन् । के तिनीहरूको अवस्था सही छ? यो विषयमा बाइबलले के सिकाउँछ?

पहिलो पल्ट सातौं दिनलाई उत्पति २:१–३ मा उल्लेख गरेको छ, जसलाई पछि शबाथ भनियो । सन्र्दभले स्पष्ट संकेट गरे अनुसार परमेश्वरले आफ्नो सृष्टिको कामबाट बिश्राम लिनु भएको यो सातौं दिन थियो । "शबाथ" शब्दको वास्तविक अर्थ नै "बिश्राम" भन्ने बुझिन्छ । उत्पति २:३ पद अनुसार परमेश्वरले त्यो दिनलाई आशिष दिनुभयो र यसलाई पवित्र पार्नुभयो । धार्मिक इतिहासले शबाथलाई पवित्र दिन भनेर मान्ने गरिन्छ । यो पदले कसैलाई पनि शबाथ दिन मनाउन अर्ती दिएको देखिदैन् । तल दिएका अनुच्छेदहरूका सन्दर्भलाई विचार गर्दा कसैलाई पनि सातौं दिनलाई मनाउने आज्ञा दिदैनन् ।

प्रस्थान १६:२३–३० पदको सन्दर्भमा हप्ताको सातौं दिनलाई पहिलो पल्ट "परमप्रभुको निम्ति एक पवित्र शबाथ" भनिएको थियो । जब तिनीहरू मिश्रदेशबाट बाहिर निस्केर उजाड स्थानमा आए तब मन्ना जम्मा गर्ने सम्बन्धमा परमेश्वरले इस्रायलका सन्तानलाई अर्ती दिंदा यसलाई संयोजन गर्नुभएको थियो । तापनि यो सन्दर्भमा शबाथ दिनलाई कुनै धार्मिक उत्सवको रूपमा मनाउनु भनि सिकाएको थिएन् । तिनीहरूले ६ दिनसम्म मन्ना जम्मा गरेर सातौं दिनमा बिश्राम गर्नुपर्थ्यो ।

तर प्रस्थान २०:८–११ मा परमेश्वरले मोशाद्वारा इस्रायलीलाई दिनुभएको नियममा तिनीहरूलाई मिश्रदेशबाट छुटकारा गरेको दिन सम्भना र पवित्र दिनको रूपमा लिनुपर्थ्यो (व्यवस्था ५:२–६,१३–१६) । शबाथ दिन मान्नुपर्छ भनी समर्थन गर्ने मानिसहरूले मोशालाई दिएको ब्यवस्था अनुसार पछ्याउन किन कोशिस गर्दैनन्?

येशूका चेलाहरूले शबाथ दिनमा अन्नका बाला टिपेको बिषयमा फरिसीहरूले येशूलाई प्रश्न गरेको थियो । येशूले तिनीहरूलाई यसरी जवाफ दिनुभयो, "शबाथ दिन मानिसको लागि बनेको हो, मानिस शबाथ-दिनको

निम्ति होइन् । यसकारण मानिसको पुत्र शबाथ-दिनको पनि प्रभु हो" (मर्कूस २:२३-२८) । त्यसो भए मोशाद्वारा दिएको ब्यवस्थामा शबाथ दिन पनि एउटा हिस्सा थियो भने शबाथको प्रभुको निम्ति ब्यवस्थाको के उद्देश्य थियो? उहाँ ब्यवस्थालाई पुरा गर्न आउनुभयो (मत्ती ५:१७), र उहाँले त्यही गर्नुभयो (लूका २४:४४,४५) । मोशाको ब्यवस्था पूरा भयो, क्रूसमा किल्ला टाँगेको छ भनी नयाँ नियमले भन्दछ (कलस्सी २:८-१७; गलाती ३:१०-२९; ४:२१-३१; ५:१-५; हिब्रू ७:११-१०:१८; १२:१८-२८; रोमी ३:२०-२७; ७:१-८:४; १०:१-४; एफिसी २:११-१८; प्रेरित १५:११; २ कोरिन्थी ३:१-१८) । सत्य खोज्ने इमान्दार मानिसहरूले माथि उल्लेख गरेका पदहरूलाई अध्ययन गरी मोशाद्वारा दिएको ब्यवस्था ख्रीष्टियानहरूलाई बाँधिएको छ भन्ने कुराको कुनै अवस्था नै रहदैनन् । याद गर्नुहोस्, शबाथ दिन मनाउने कुरा ब्यवस्थासँग बाँधिएको हुन्छ ।

आज कोही पनि मोशाको ब्यवस्था अन्तर्गत छैनन्, जसमा शबाथ दिन मान्ने कुरा पनि सम्लग्न हुन्छ । अन्यजातिहरूलाई कहिल्यै पनि "शबाथ" दिन मान्न आज्ञा गरेनन् । ख्रीष्टको आगमन नभएसम्म ब्यवस्था केवल इस्रायललाई मात्र दिएको थियो । ख्रीष्टको आगमन हुँदा उहाँले पुरानो ब्यवस्थालाई पूरा गरी आफ्नै नयाँ करारको ब्यवस्था स्थापना गर्नुभयो । तिनीहरूले यो तथ्यलाई स्वीकार गरे पनि नगरेपनि सबै मानिसहरू, यहूदी र अन्यजाति दुवैले आज ख्रीष्टको ब्यवस्थालाई नै पछ्याउनुपर्छ (मत्ती २८:१८; यूहन्ना १७:२; प्रेरित २:३६; १७:३१) । ख्रीष्टको ब्यवस्थामा ख्रीष्टियानहरूलाई शबाथ दिन मान्ने बारे कुनै आज्ञाहरू दिएका छैनन् । ख्रीष्ट हप्ताको पहिलो दिन मृत्युबाट बौरी उठ्नुभयो (मत्ती २८:१; मर्कूस १६:१; लूका २४:१; यूहन्ना २०:१) । मण्डली पेन्तिकोसको दिनमा स्थापना भयो, जुन हप्ताको पहिलो दिन पर्छ (प्रेरित २; लेवी २३:१५-१६) । अगिका मण्डली त्यही दिन भेला हुन्थे (प्रेरित २०:७; १ कोरिन्थी १६:२) । धेरै विद्वानहरूले त्यो दिन "परमप्रभुको दिन" हो भनी देखाउँछन् (प्रकाश १:१०) । हप्ताको पहिलो दिनलाई ख्रीष्टियान शबाथको रूपमा देखाउनु भ्रमको कुरा हो । बाइबलमा यस्तो शब्दाबली र विचार पाउँदैनौं । बाइबल जहाँ बोल्छ हामी त्यही बोल्छौं र बाइबल जहाँ मौन हुन्छ हामी त्यहाँ मौन हुन्छौं । "यदि कसैले बोल्दछ भने, परमेश्वरको वचन बोलेजस्तै त्यसले बोलोस्" (१ पत्रुस ४:११) । परमेश्वरको वचनमा त्यस्तो शब्दाबली र ख्रीष्टियान शबाथ कहिँ पनि उल्लेख गरेको छैन । त्यसैले त्यस्तो अभिब्यक्त प्रयोग नगरौं । ❀

| विषय सुची | पाना नं. |
|---|---|


**परमेश्वर**

परमेश्वर अन्यायी हुनुहुन्न् ........ ८
दासत्वको सुन्दर पक्ष ........ ११
परमेश्वरको अस्तित्वका प्रभावहरु ........ १३
ख्रीष्ट हाम्रो जीवन ........ १५
पवित्र आत्माको वासस्थान के हो? ........ १७

**प्रमाणहरू**

पाँच बाइबलीय तथ्यहरुलाई बिज्ञानले पछि सही हो भनी प्रमाणित गरे ...... २०

**परमेश्वरको वचन**

के तपाईले बाइबललाई नष्ट गर्न सक्नुहुन्छ? ........ २२
रोपिराखेको वचन (याकूब १:२१) ........ २३
धर्मशास्त्रसित बरखास्त गर्न रोक्नुहोस, "यो केवल तपाईको व्याख्या हो"... २५

**मुक्ति**

उद्धार पाउन मैले के गर्नुपर्छ? यो यसमा निर्भर हुन्छ ........ ३१
स्वर्ग ........ ३३

**मण्डली**

"बोलाइएका" ........ ३५
किन हामी ख्रीष्टको मण्डलीको सदस्य हौं? ........ ३७

**शिक्षाद्वारा जीउने**

सत्य के हो ? ........ ४०
विश्वास वा भावनाद्धारा? ........ ४३
जब उहाँ देखापर्नुहुनेछ ........ ४५

**ख्रीष्टियानिटी कार्यमा**

ख्रीष्टको निम्ति आत्माहरु जित्नुपर्छ ........ ४८
सुसमाचार फैलाउन मैले के सहायता गर्न सक्छु? ........ ४९

**आराधना**

तपाईको बाँकी जीवनभर प्रभुभोज प्रत्येक हप्ताको पहिलो दिन लिनु ........ ५२
आगोसित खेल्दै ........ ५४
सत्यतामा आराधना ........ ५६

| | |
|---|---|
| **दैनिक ख्रीष्टियान जीवन** | |
| नरक हाँसउठ्दो कुरा होइन्............ | ५९ |
| के तपाईले सन्तुष्ट रहने कुरा सिक्नुभयो?............ | ६२ |
| चोट लागेका हृदयहरुले स्वर्गबाट मद्दत खोज्दै............ | ६५ |
| प्रोत्साहनका केही वचनहरु............ | ६७ |
| **ख्रीष्टियान घर** | |
| बच्चालाई तालिम दिनुहोस............ | ६९ |
| पति, पत्नी र बच्चाहरु............ | ७२ |
| विवाह............ | ७५ |
| आफ्नो जाल हान............ | ७७ |
| **पाठ्य अध्ययन** | |
| तिमीहरु पृथ्वीका नुन हौ ............ | ८० |
| ख्रीष्टियान भरोसा र वास्ता ............ | ८२ |
| हामी पूजाहारीगिरी हौं............ | ८४ |
| **बाइबल चरित्र** | |
| मनासोन, पुराना चेला............ | ८७ |
| के तपाईलाई उनको बुबाको बारेमा थाहा छ?............ | ८८ |
| **बाइबल प्रश्न** | |
| के हामी ख्रीष्टियानहरुले साँच्चैनै उद्धार पाएको अवस्था छौं भनी सुनिश्चित गर्न सक्छौं?............ | ९० |
| कसरी परमेश्वरले प्रार्थनाको उत्तर दिनुहुन्छ?............ | ९२ |
| **रुपरेखा** | |
| ताजा हेराई (यशैया ६:१-८)............ | ९३ |
| अयुबबाट सिक्नुपर्ने महत्वपूर्ण पाठ............ | ९५ |
| | |
| स्थानीय मण्डलीको ठेगाना............ | ९७ |
| पदको खोजी............ | २९ |
| महत्वपूर्ण पदहरुका छिटो टिप्पणी............ | ४७ |
| तपाई कसरी नाप्नुहुन्छ?............ | ५१ |
| प्रसन्न हृदय असल औषधी हो- हितोपदेश १७:२२............ | ५८ |
| पाँच मिनेट बाइबल अध्ययन............ | ७९ |
| वचनको शिकार............ | ८६ |

# परमेश्वर अन्यायी हुनुहुन्न् ।

*- जेरी बेट्स*



हिब्रू ६:१० मा प्रेरणाप्राप्त लेखकले केही हौसलाका शब्दहरू लेखेको पाँउछौं । "परमेश्वर अन्यायी हुनुहुन्न, र तिमीहरूका काम र उहाँको खातिर सन्तहरूका सेवामा तिमीहरूले देखाएको प्रेम उहाँले भुल्नुहुन्न । तिमीहरू अझै पनि त्यस्तै सेवा गरिरहेका छौ ।" यो पत्र प्राप्त गर्ने हिब्रूहरू निरासा भएका थिए । यही पत्रको अघिल्लो खण्डमा लेखकले तिनीहरूलाई धर्मत्यागको खतराबारे चेतावनी दिएको थियो । तिनीहरूले विश्वायोग्य जीवन जिउने छन् भनी आफ्नो दृढतालाई अभ्यिक्त गर्न पद ९ मा हौसलाका शब्दहरू लेख्दछ । यी शब्दहरूले हामीलाई पनि हौसला दिन्छन् किनभने ती वचनहरूले हामीलाई परमेश्वरको विश्वासयोग्यताबारे
स्मरण गराउँछ । आउनुहोस् यी पदहरूलाई छोटकरीमा हेरौं ।

**परमेश्वर अन्यायी हुनुहुन्न् भन्ने कुरामा हामी विश्वस्त हुन्छौं ।** परमेश्वरले आफ्नो मन परिवर्तन गर्नुहुन्न् । उहाँले आफ्नो प्रतिज्ञा पनि रद्द गर्नुहुन्न् । परमेश्वरले आफ्ना प्रतिज्ञाहरू कायम गर्नुहुन्छ । यो अर्थमा उहाँ मानिसभन्दा फरक हुनुहुन्छ । मानिसले आफ्नो मन तीन वटा प्रमुख कारणको निम्ति परिवर्तन गर्छन । पहिलो, हामीले भविष्यको बारेमा अगमवाणी गर्न नसक्ने हुनाले मन परिवर्तन गरी कहिलेकाहिँ नयाँ परिस्थितिहरूलाई अपनाउँछौं । तै पनि यी कुराले परमेश्वरलाई अचचम्मित बनाउँदैनन् । दोस्रो, कहिलेकाहिँ हाम्रा योजनाहरूलाई कसैले वा कुनै ठुलो शक्तिले बाधा दिन्छन् । परमेश्वरभन्दा कुनै पनि कुरा शक्तिशाली छैनन्, त्यसो भए यो परमेश्वरमा सत्य हुन सक्दैनन् । तेस्रो, लालचको कारणले

गर्दा मानिसले आफ्नो मन परिवर्तन गर्छ किनभने उसले राम्रो सम्झौता पाउँन सक्छन् भनी सोच्छ । यो परमेश्वरमा सत्य हुन सक्दैनन् भनी पुनः हामी देख्न सक्छौं । मोशाले गन्ती २३:१९ मा लेख्दछ, "परमेश्वर ढाँट्नुहुन्न, कारण उहाँ मानिस हुनुहुन्न्, उहाँले मन बदल्नुहुन्न, कारण उहाँ मान्छेको सन्तान हुनुहुन्न् । उहाँले भन्नुभएपछि के त्यो गर्नुहुन्न र?" भजनसंग्रहको लेखकले यसमा थप्दै लेख्दछ, "म मेरो करार भङ्ग गर्नेछैनँ, अथवा मेरो मुखबाट निस्केको वचन बदल्नेछैनँ" (भजनसंग्रह ८९:३४) । उहाँलाई पूर्णरूपमा भरोसा गर्न सक्छौं भन्ने कुरा हामीले थाहा पाएको उहाँ चाहनुहुन्छ । हिब्रू लेखकले हिब्रू ६:१३-१८ मा यी कुराहरूलाई निरन्तररूपमा जोड दिएको छ ।

**परमेश्वरले बिर्सेर अन्यायी गर्नुहुन्न् ।** सामान्यरूपमा यसले केही कुराहरू गर्न बेवास्ता गर्ने विचारलाई बोकेको हुन्छ । मानिसले प्रायजसो बिर्सिन्छ र स्मरण गराइ रहनुपर्छ भन्ने कुरा हामीलाई थाहा छ । मानिसले बिर्सने मात्र होइन, तर उनले गर्नुपर्ने कुराहरू थाहा हुँदाहुँदै बारम्बार तिनीहरूलाई बेवास्ता गर्छन् । यो विचारलाई हामी हिब्रूको पुस्तकमा पनि पढ्न पाउँछौं । यी ख्रीष्टियानहरूले आफ्ना मुक्ति विरूद्धको चेतावनीलाई बेवास्ता गरेका थिए (हिब्रू २:३) । जसरी तिनीहरू हुर्कनु पर्ने थियो, त्यो बृद्धिलाई इन्कार गरेका थिए (हिब्रू ५:१२) । अतिथिसत्कार गर्ने कुरालाई बेवास्ता नगर्न तिनीहरूलाई हौसला दिएको थियो (हिब्रू १३:२) । तै पनि यी कुराहरू परमेश्वरले बिर्सनुहुन्न । दया र प्रेमको सबैभन्दा सानो कार्य पनि परमेश्वर देख्नुहुन्छ । जस्तैः- उहाँको नाउँमा चिसो पानी दिएको उहाँले याद गर्नुहुन्छ (मत्ती १०:४२) । यशैयाले परमेश्वरलाई आमा र उनको बच्चासित तुलना गर्नुहुँदा यो तथ्यलाई जोड दिएको थियो, "के कुनै आमाले आफ्नो दुधे बालकलाई बिर्सन सक्छे र? आफुले जन्माएको बालकलाई के त्यसले टिठयाँउदिनँ र? त्यसले बिर्सन पनि सक्छे, तर म त तँलाई बिर्सन सक्दिनँ" (यशैया ४९:१५) ।

अर्को पक्षलाई हेर्दा परमेश्वरले केही कुराहरू बिर्सनुहुन्छ । परमेश्वरले हाम्रा विगतका पापहरू बिर्सनुहुन्छ । "म उही हुँ, जसले तेरा अपराधहरू मेरो आफ्नै खातिर मेटिदिन्छु, र तेरा पापहरूलाई सम्झँदैन" (यशैया ४३:२५) । हिब्रू ८:१२ मा हिब्रू लेखकले यर्मिया ३१:३४ पदलाई उद्धरण गर्दछ, "...म तिनीहरूका पाप र अपराधहरू कहिल्यै सम्झनैछैन ।" जब

परमेश्वरले पाप क्षमा गर्नुहुन्छ, तब ती पापहरू उहाँले सधैंको निम्ति मेटाइदिनु हुन्छ भन्ने कुरामा हामी सुनिश्चित हुन सक्छौं । प्रायजसो मानिसहरूका बानीसित यो मिल्दैनन् । शेक्सपियरले एकपल्ट यसरी लेखेको थियो, "मानिसहरूले गर्ने खराब काम तिनीहरूको पछि जीवित हुन्छ, असल कामहरू प्राय तिनीहरूका हाडसित बाधक हुन्छ ।" परमेश्वरले हाम्रा असल कामहरू सम्झनुहुन्छ र हाम्रा पापहरू बिर्सनुहुन्छ । यो आशिषमय कुरा हो!

**हाम्रो प्रेमको परिश्रमलाई बिर्सेर परमेश्वरले अन्याय गर्नुहुन्न् ।** विना आशाले यी कामहरू प्रेमसित गरेको हुन्छ । यो ख्रीष्टप्रति देखाएको प्रेम हो; तापनि, यी कामहरू आवश्यक परेका सँगी ख्रीष्टियानहरूका सेवा हो । कसैले सँगी सन्तहरूलाई हेरविचार गर्दछ भने उनले ख्रीष्टलाई पनि वास्ता गरिरहेको हुन्छ (मत्ती २५:४०) । यी ख्रीष्टियानहरूलाई सन्त भनिए । सन्त हुनको निम्ति कोही मरेको हुनुपर्दैन् न ता यो शब्दले अधिक आत्मिक ब्यक्तिलाई जनाउँदछ । सबै ख्रीष्टियानहरू सन्त हुन् । तिनीहरू परमेश्वरको सेवाको निम्ति अलग/सर्मपण गरेका हुन्छन् । यी ख्रीष्टियानहरूले विगतका दिनमा प्रेमपूर्वक सेवा गरेका थिए र त्यसलाई निरन्तरता दिदैछन् । तर तिनीहरूलाई हौसलाका वचनको आवश्यकता छन्, ताकि ती वचनहरूले तिनीहरूका परिश्रम ब्यर्थको थिएनन् भनी याद गराउँछ ।

तिनीहरूले आफ्ना संगी सन्तहरूलाई देखाएको प्रेमलाई परमेश्वरले सम्झनुहुन्थ्यो । "किनकि जसका हृदय उहाँप्रति भक्त छन्, तिनीहरूलाई सहायता दिन सारा पृथ्वीभरि नै परमप्रभुको दृष्टि रहिरहन्छ" (२ इतिहास १६:९) । उद्धार नभएको अवस्थामा पनि कर्नेलियसले परमेश्वरलाई खुशी तुल्याउने इच्छा गरेको कुरा बारे विचार गर्नुभयो (प्रेरित १०:४०) । उहाँलाई सेवा गर्नको निम्ति आफ्ना सन्तानहरूले गरेको प्रयासमा उहाँले कति धेरै विचार गर्नुहुन्छ? यी वचनहरूले हामीलाई पनि हौसला दिँदछन् । निरासा हुन सजिलो छ । यो सबै सार्थकको छ भनी अच्चम नहुनुहोस् । हामी कहिलेकाहिँ सोध्छौं, "के कसैले वास्ता गर्छन्?" मानिसले वास्ता नगलार्न, तर परमेश्वरले देख्नुहुन्छ, र उहाँले वास्ता गर्नुहुन्छ भन्ने कुरामा हामी पूर्ण भरोसा गर्न सक्छौं । हाम्रा कामहरूलाई बेवास्ता गरिएको छ भन्ने कुरा सोचेर हामी कहिल्यै पनि निरासा नहोऔं ।

❀

- परमेश्वर -

# दासत्वको सुन्दर पक्ष

*- ब्रेट पेट्रिलो*



दासत्व । यो शब्द सुन्नमा त्यति राम्रो छैन् । यो राम्रो महसुस गर्ने शब्द पनि होइन् । आजको संस्कृतिमा पनि यो सुहाउँदो शब्द ठान्दैनन् । हामीले यो शब्दलाई सुन्दा अत्याचार, अमानविय ब्यवहार, तुच्छ कार्यहरू बारे सोच्छौं । यो शब्दलाई विचार गर्दा हामीले केही अन्धकारमय समय र भयानक मानिसहरूबारे सोच्न पुग्छौं । असल कारणको निम्ति दासत्वले नकारात्मक अर्थ दिन्छ । दासत्वमा अतितका गहिरो, अन्धकार र कुरूपता थियो भन्ने कुरामा कुनै शंका छैनन् । त्यसो भए दासत्वको बारेमा सम्भवत के राम्रो कुरा हुन्थ्यो? धेरै कम सुन्दरता हुन्थ्यो ।

रोमी ६ अध्यायले दासत्वबारे निकै फरक पक्षलाई प्रकट गर्दछ । यो अध्यायमा पावलले हाम्रो जीवनको त्यस्तो अवस्थाको बारे कुरा गर्दछ जहाँ हामी पापको दास थियौं (रोमी ६:६) । हाम्रो मालिक पाप थियो । पापले हामीलाई राज गऱ्यो, अत्याचार गऱ्यो, र आखिरमा हामीलाई विनाशतर्फ डोऱ्यायो (रोमी ६:२३) । त्यसपछि केही अचम्मको कुरा भयो । हामी परमप्रभुको दास भयौं भने हाम्रा दुष्ट मालिकबाट हामीलाई स्वतन्त्र

तुल्याउनेछन् भन्ने कुराको प्रस्ताव आयो (रोमी ६:१-७)। मालिकको रूपमा उहाँले हामीलाई नयाँ जीवनको प्रस्ताव दिनुभयो (रोमी ६:४) । उहाँले हामीलाई हाम्रा पापबाट छुटकारा गर्ने प्रस्ताव दिनुभयो (रोमी ६:७) । उहाँले हामीलाई धार्मिकता र पवित्रीकरणको प्रस्ताव गर्नुभयो (रोमी ६:१६,१९) । उहाँले हामीलाई अनन्त जीवनको प्रस्ताव गर्नुभयो (रोमी ६:२२)।

यो प्रस्ताव आज पनि उपलब्ध छ । पापको दासत्वलाई त्यागेर उहाँलाई सेवा गर्नको निम्ति परमेश्वरले हामीलाई सोधिराख्नु भएको छ । उहाँले हामीलाई जुन इनामको प्रस्ताव गर्नुहुन्छ त्यो हामी नाप्न सक्दैनौं । उहाँले हामीलाई जुन लाभहरू दिनुहुन्छ त्यसलाई हामी पर्याप्तरूपमा वर्णन गर्न सक्दैनौं । त्यसको बदलामा उहाँले हामीबाट धेरै कुरा सोधिराख्नु भएको छैन् । उहाँले हामीलाई प्रेम, वास्ता र दयासित ब्यवहार गर्नुहुनेछ । उहाँ धैर्यवान, क्षमा दिने र नम्र हुनुहुन्छ । वास्तवमै उहाँले हामीलाई दासको रूपमा ब्यवहार गर्नुहुनेछैन, तर छोराछोरी र संयुक्त उत्तराधिकारको रूपमा स्वीकार्नुहुनेछ (गलाती ४:७) ।

हामी जहिले पनि केही कुराहरूका दास भइरहेका हुन्छौं । यद्यपी हाम्रो संसारको जातियता, पूर्वाग्रह, भेदभाव र विभेदको अन्त्य भएता पनि अझै संसारमा दासत्व हुनेछन् । दासत्व नहुने भन्ने कुरा होइन् । त्यसको कारणमा हामीसँग दुईवटा रोजाइहरू छन्ः (१) पाप र शैतानले हामीमाथि प्रभुत्व गर्न दिऔं वा (२) परमेश्वरले हामीमाथि प्रभुत्व गर्न दिऔं ।

हामीले दासत्वको बारेमा सोच्दा, परमेश्वरको दास हुनेबारे सोच्यौं भने यसमा कुनै नकारात्मक कुरा छैनन् । परमप्रभुसितको सम्बन्धलाई प्रयोग गर्दा दासत्वमा कुनै नकारात्मक भावना र अर्थ लाग्दैनन् । यदि दासत्वको सुन्दर पक्ष हुने हो भने यही नै राम्रो पक्ष हुनुपर्छ । केवल एउटै प्रश्न बाँकी रहन्छः हामीले कसको सेवा गर्ने? म आशा गर्छु कि हामी सबैले यहोशूको वचनहरूलाई सुन्नुपर्छः "तर यदि परमप्रभुको सेवा गर्न तिमीहरूलाई मन पर्दैन भनेता तिमीहरूले कसको सेवा गर्ने आजै तिमीहरूले रोज- कि तिम्रा-पूर्खाहरूले यूफ्रेटिस नदी पारि पुजेका देवताहरू कि तिमीहरू अहिले बसेको देशका एमोरीहरूका देवताहरू । तर म र मेरो घरानाले परमप्रभुकै सेवा गर्नेछौं" (यहोशू २४:१५) ।

# परमेश्वरको अस्तित्वका प्रभावहरू

*– नील पोलार्ड*



"परमेश्वर हुनुहुन्छ ।" परमेश्वर वास्तवमै हुनुहुन्छ । परमेश्वरले सबै कुरा देखिराख्नु भएको छ । सबै कुरा परमेश्वरको नियन्त्रणमा छन् । सबै विचारहरू र तोकिएका निश्चित प्रभावको संख्याका तथ्यहरू परमेश्वरको अस्तित्व हुन् । परमेश्वरले अरू कुराहरू प्रयोग गर्नुहुन्छ ।

**उहाँको सर्वश्रेष्ठ उद्देश्यलाई हासिल गर्न मानिसको जीवनका हरेक घटनाहरू भएर परमेश्वरले काम गर्न सक्नुहुन्छ** (रोमी ८:२८) । उहाँको इच्छा अनुसार हरेक महादेशमा भएका मानिसहरूका दैनिक जीवनका घटना र असंख्य कार्यहरूलाई परमेश्वरले अचम्मलाग्दो तरीकाबाट थाहा पाउनुहुन्छ । उहाँले कसैलाई पनि केही गर्न लगाउनुहुन्न् वा दबाब दिनुहुन्न् । तर असल प्रभावको निम्ति मानिसहरूका कारणबाट आएका वियोगान्त घटनाहरू भएर पनि उहाँले काम गर्नुहुन्छ । कसैले आफ्नो भलाइको अवस्थाहरूलाई एक उत्कृष्ट व्यक्तिभन्दा ठुलो छ भनी



परिभाषित गर्छन भने त्यहाँ समस्या उत्पन्न हुन्छ । परीक्षामा शक्ति, दुःखमा चरित्र, ठुलो कष्ट वा क्षति भएता पनि सबै उदाहरण उत्कृष्ट छन् ताकि हामीले जीवनमा उल्टो सामना गर्नुपर्दा पनि हामीमा यी कुराहरू देखापर्छन् ।

**परमेश्वरले हामीलाई एक्लै छोड्नुहुन्न्** (रोमी ८:३५-३९) । डिज्म भन्ने ब्यक्तिले सल्लाह दिन्छ कि परमेश्वरले सबै कुरा सृष्टि गर्नुभयो, त्यसपछि हाम्रो मामिला बाहिर गएर पछाडिबाट विशाल ईश्वरीय कदम चाल्नुभयो । तापनि, परमेश्वर एक्लो र मानिसको निम्ति उदासिन हुनुहुन्न् । कलभरी क्रूसमा यसलाई सबैभन्दा राम्रो तरीकाले प्रमाणित गर्नुभयो । प्रार्थनाको ब्युत्पन्न शक्तिद्धारा भएर यसलाई प्रमाणित गरियो । मण्डली उहाँको अनन्तको उद्देश्य भएर संगती र संगतद्धारा यसलाई प्रमाणित गरियो (एफिसी ३:९-११) ।

**परमेश्वरले हामीलाई जिम्मेवार ठह्याउनुहुन्छ** (रोमी १४:१२) । मानव जाति एउटा हिस्साको स्वरूप परमेश्वरको समानतामा बनाइनु (याकूब ३:९), र अनगिन्ती आशिषहरू पाउनु कति सौभाग्यको कुरा हो । "...प्रत्येक जसलाई धेरै दिइएको छ, त्यसबाट धेरै मागिनेछ, र हरेक जसलाई धेरै सुम्पिएको छ, त्यसबाट अझ बढी लिइनेछ" (लूका १२:४८) । परमेश्वरसँगको सम्बन्धमा पनि यो सत्य हो । उहाँले हामीलाई जीवन, अनन्तको आत्मा, प्रशस्त मात्रामा भौतिक र आत्मिक आशिषहरू, प्रतिभा, समय, र मौका दिनु भएको छ । यी सबै स्रोतहरूलाई हामीले हाम्रो जीवनमा भण्डारेको रूपमा लिनुपर्छ ।

स्पष्टरूपमा देखेका कुराहरूलाई केवल मूर्खले मात्र इन्कार गर्नेछ (भजनसंग्रह १४:१; ५३:१; हिब्रू ११:३) । परमेश्वर हुनुभएको हुनाले हामीले सही जवाफ दिनुपर्छ । उहाँको अस्तित्वले हाम्रा सही जवाफको माग गर्दछ भन्ने कुरालाई हामीले कृतज्ञता र शान्त दुवै तरीकाबाट महसुस गर्दै काम गर्नुपर्छ ।

❀

# ख्रीष्ट हाम्रो जीवन

*- भ्यान्स हटन्*

कलस्सी ३:४ मा पावलले ख्रीष्टलाई "हाम्रो जीवन" को रूपमा उल्लेख गरेको छ । उनको निम्ति जिउनु ख्रीष्ट थियो (फिलिप्पी १:२१) । पावलमा ख्रीष्ट जिउनुभयो (गलाती २:२०) । के तपाईले आफ्नो जीवनमा परमप्रभुलाई उच्च स्थानमा राख्नुभएको छ (फिलिप्पी १:२०)? ख्रीष्ट हामीमा हुनुको महत्वलाई पावल लेख्दछ (कलस्सी १:२७; २ कोरिन्थी १३:५) । ख्रीष्ट हाम्रो जीवनमा हुनुहुँदा केही कुराहरू सम्लग्न हुन्छन् भन्ने कुरालाई हामी स्मरण गरौं । यी कुराहरू हाम्रो जीवनमा स्पष्ट देखिनुपर्छ ।

**परमप्रभुको बारेमा सोचौं, अध्ययन गरौं, र चिन्तन गरौं ।**

मनमा कुराहरू विचार गर्न सक्ने अवस्थामा हामी सृजिएका छौं । ख्रीष्टियानहरूले परमप्रभुको बारेमा सोच्छन् र चिन्तन मनन गर्छन् । हृदयका इच्छाहरू स्वर्गीय मार्गदिशामा छन् (कलस्सी ३:१-३) । हामी धर्मी, शुद्ध र पवित्र कुराहरूबारे सोच्छौं (फिलिप्पी ४:८) । रातको समयमा परमप्रभुलाई मनन गर्नेबारे भजनसंग्रह लेखक भन्दछ (भजन संग्रह ६३:६,७) । आत्मिक कुराहरूमा ध्यान दिनको निम्ति पावलले तिमोथीलाई चुनौती दिएको छ (१ तिमोथी ४:१५) । परमेश्वरको वचन अध्ययन गर्न समय दिनुपर्छ । आउनुहोस् बेरियाका मानिसहरूजस्तै हामी पनि दैनिकरूपमा धर्मशास्त्र अध्ययन गरौं (प्रेरित १७:११) ।

**परमेश्वरले भन्नुभएको कुरामा आज्ञाकारी होऔं ।**

हामीमाथि परमप्रभुको अधिकार छ (मत्ती २८:१८; प्रेरित ५:३६) । उहाँको वचनले हामीलाई आखिरी दिनमा न्याय गर्नेछ (यूहन्ना १२:४८) । उहाँलाई प्रेम गर्नु भन्नाले हामी उहाँका आज्ञाहरूलाई पालना गर्छौं भन्ने बुझ्छौं (यूहन्ना १४:१५) । उहाँका आज्ञा पालन गर्नेहरूका निम्ति परमप्रभु अनन्त मुक्तिको स्रोत हुनुहुन्छ (हिब्रू ५:८९) । जसले उहाँको आज्ञा पालना गर्दैनन्, तिनीहरूमा उहाँको क्रोध आउनेछन् (२ थेसलोनिकी १:७-९) । हामीले परमेश्वरको आज्ञालाई होशियारकासाथ पालन गर्नेछौं (प्रेरित ५:२९) ।

**उत्सुकतापूर्वक नियमितरूपमा परमेश्वरमा प्रार्थना गरौं ।**

परमेश्वरमा आराधना गर्दै, हाम्रा पाप, हाम्रा आवश्यकता, चासोहरूप्रति जागरूकता र कृतज्ञताले परमेश्वरको सिंहासनको कोठामा लिएर जान्छन् । जीवनको धेरै जसो समय प्रार्थनामा ब्यतित हुनुपर्छ । बिहान हुनुभन्दा अगि प्रभु प्रार्थना गर्न उठ्नुभयो (मर्कूस १:३५), र कुनै समय उहाँ रातभरी प्रार्थना गर्नुभयो (लूका ६:१२) । मृत्युको धम्कीले हामीलाई प्रार्थनाबाट ताढा नराखोस् (दानिएल ६; प्रकाश २:१०) । परमेश्वरले हामीलाई गर्नुभएका कुराहरूप्रति उहाँलाई धन्यवाद दिन हामीलाई समय दिएको छ । हाम्रो बुद्धिको खोजको केही हिस्सा प्रार्थनामा पुरा हुनुपर्छ (याकूब १:५) । हाम्रा पाप र कमजोरीहरू परमेश्वरमा प्रार्थनाद्धारा पठाउँछौं । आउनुहोस्, हामी आफैले आफैलाई प्रार्थनामा समय दिऔं (प्रेरित ६:३) ।

**परमेश्वरलाई निरन्तररूपमा आराधना गरौं ।**

ख्रीष्ट हाम्रो जीवन हुनुहुन्छ भने हामीले उहाँमा आराधना गर्ने चाहना राख्नुपर्छ । भजनसंग्रहको पुस्तकभरी हामी "परमप्रभुको घर" भन्ने उद्देश्यलाई पछ्याउँदा आराधना र आराधनाको निम्ति इच्छा प्रकट भएको देख्छौं । प्रकाशको पुस्तकमा आराधनाबारे अध्ययन गर्नुहोस् । परमेश्वरलाई आराधना गर्नुहोस् (यूहन्ना ४:२४,२५) । यस्तो कुराहरू जीवनको अभिन्न हिस्सा हुन जान्छ । यी कुराहरू कहिल्यै पनि कामको रूपमा, थकाउने कुरा वा अल्छी लाग्ने कुरा नहोस् । मण्डली भएर हामी परमप्रभुलाई आराधना गर्छौं अनि हामी निकै आशिषित हुन्छौं । के ख्रीष्ट तपाईको जीवनमा हुनुहुन्छ? के तपाई आराधनाबाट पछि हट्नुभयो (हिब्रू १०:२४-२५)?

**हरेक दिन स्वर्गको बारेमा पूर्वअनुमान गरौं ।**

हामी स्वर्गबारे भजन गाउँछौं । हामीले स्वर्गको बारेमा पढेका छौ, र त्यो स्थानमा हुने चाहना गर्दछौं (२ कोरिन्थी ५:१) । हामी विश्वासद्धारा नदेखेका कुराहरू देख्छौं । हामी त्यो शहरको निम्ति प्रतिक्षा गर्छौं जसरी अब्राहामले गरेको थियो (हिब्रू ११:१०) । संसारका सबै कुराहरू अस्थायी हुन्, तर हामीले स्वर्गमा धन जम्मा गर्देछौं (मत्ती ६:१९,२०) । परमप्रभुसित हुने कुरा, सबै युगका धार्मिक मानिसहरूसित हुने कुरा, जीवनका सबै बोझहरू हटाइने स्थानबारे सोच्दा, त्यस्तो सुन्दर स्थानमा हुने कुरा सोच्दा हाम्रा आशाहरू माथि पुग्छन् । हामी निश्चय नै यसको निम्ति योग्यका थिएनौं (रोमी ६:२३) ।

# पवित्र आत्माको वासस्थान के हो?

- *जे.सी. चोएट्*

के तपाईको जीवनमा ख्रीष्ट हुनुहुन्छ? उहाँ योग्य हुनुहुन्छ । यदि उहाँ तपाईको जीवनमा हुनुहुन्न् भने तपाईको जीवन जस्तो हुनुपर्ने हो त्यस्तो हुँदैनन् ।

प्रेरित पावलले थेसलोनिकी ख्रीष्टियानहरूलाई लेख्दछ, "अन्त्यमा भाइहरू– प्रभु येशूमा हामी तिमीहरूलाई आग्रहपूर्वक बिन्ती गर्छौं र अर्ती दिन्छौं, कि तिमीहरूले कसरी जिउनु र परमेश्वरलाई प्रसन्न तुल्याउनुपर्छ भन्ने तिमीहरूले हामीबाट सिक्यौं र त्यसो गर्दै पनि छौ, त्यसैमा तिमीहरू झन् बढ्दैजाओ । किनकि तिमीहरूलाई थाहा छ हामीले प्रभु येशूद्वारा कुन-कुन आदेशहरू तिमीहरूलाई दियौं । किनकि परमेश्वरको इच्छा जो तिमीहरूको पवित्रकरण पनि हो, सो यो हो कि तिमीहरू ब्यभिचारबाट अलग बस । पवित्रता र आदरसाथ आफ्नो निम्ति पत्नी लिनू, सो तिमीहरू प्रत्येकले जान, तर परमेश्वरलाई नचिन्ने अविश्वासीहरूजस्तै कामुकताको कुवासनामा नबस । यस विषयमा कसैले अपराध गरेर आफ्नो भाइलाई खराबी नगरोस्, किनकि यस्ता सबै कुरामा बदला लिनुहुने प्रभु नै हुनुहुन्छ । हामीले तिमीहरूलाई अगाडि नै यसबारे गम्भीर चेताउनी दिएका छौं । किनकि परमेश्वरले हामीलाई अशुद्धताको निम्ति होइन, तर पवित्रतामा बोलाउनुभएको छ । यसैकारण जसले यस कुराको अवहेलना गर्छ त्यसले मानिसको होइन, तर परमेश्वरको अवहेलना गर्छ, जुन परमेश्वरले तिमीहरूलाई आफ्ना पवित्र आत्मा दिनुहुन्छ । तर भाइहरूप्रतिका प्रेमको विषयमा कसैले तिमीहरूलाई लेख्न खाँचो छैन, किनकि एउटाले अर्कालाई प्रेम गर्नु भन्ने तिमीहरू आफैले पनि परमेश्वरबाट शिक्षा पाएका छौं" (१ थेसलोनिकी ४:१–९) ।

यी पद खण्डहरूमा पावलले ख्रीष्टियानहरूलाई शुद्ध, पवित्र, उही सम्मान र एक अर्कामा प्रेम हुनको निम्ति हौसला दिदैछन् । किनभने तिनीहरू परमेश्वरको अधिनमा थिए र तिनीहरूलाई पवित्र आत्मा दिएको थियो । यो सन्दर्भमा पावलले सबै ख्रीष्टियानहरूलाई सामान्य कुरा गरेको देखिन्छ, र यसो गर्दै गर्दा परमेश्वरले तिनीहरूलाई पवित्र आत्मा दिनुभएको थियो भनी उनी भन्दछ ।

पावलले कोरिन्थीका ख्रीष्टियानहरूलाई भन्दछ, "के तिमीहरूलाई थाहा

छैन, तिमीहरू परमेश्वरका मन्दिर हौ, र परमेश्वरका आत्मा तिमीहरूमा वास गर्नुहुन्छ? कसैले परमेश्वरको मन्दिरलाई नष्ट गर्छ भने परमेश्वरले त्यसलाई नष्ट गर्नुहुनेछ । किनकि परमेश्वरको मन्दिर पवित्र हुन्छ, र त्यो मन्दिर तिमीहरू नै हौं" (१ कोरिन्थी ३:१६,१७) ।

पुनः उनी भन्दछ, "तिमीहरूको शरीर पवित्र आत्माको मन्दिर हो, जुन पवित्र आत्मा तिमीहरूले परमेश्वरबाट पाएका छौ, र उहाँ तिमीहरूभित्र वास गर्नुहुन्छ भन्ने के तिमीहरूलाई थाहा छैन? तिमीहरू मोल तिरेर किनिएका हौ । यसकारण तिमीहरूका शरीरमा परमेश्वरको महिमा गर" (१ कोरिन्थी ६:१९,२०) ।

हाम्रो शरीर पवित्र आत्माको मन्दिर हो भनी पावलले प्रष्टरूपमा भनिरहेको छ । तर कसरी उहाँ ख्रीष्टियानहरूमा गैर-आश्चर्यकर्म तरीकाद्वारा जिउनुहुन्छ? यसरी नै ख्रीष्ट (कलस्सी १:२७), र परमेश्वर हामीमा वास गर्नुहुन्छ (एफिसी ४:६) । हामी ख्रीष्ट र परमेश्वरमा वास गर्छौं (रोमी ६:३,४; गलाती ३:२६-२७) ।

शाब्दिकरूपमा पवित्र आत्माको वासलाई इन्कार गर्नेहरू पनि छन्, जसले भन्ने गर्दछन् कि उहाँ ख्रीष्टियानहरूमाभ केवल धर्मशास्त्रको प्रतिनिधित्व भएर वास गर्नुहुन्छ । तिनीहरूको तर्क यो छ कि बाइबल पवित्र आत्माद्वारा प्रेरणा पाएको थियो । यसकारण उहाँ वचनद्वारा भएर हामीमा वास गर्नुहुन्छ ।

- यो शिक्षामा धेरै समस्याहरू छन् । तथ्यभन्दा पर गएर जब तिनीहरूले रोमी ८:११ पदलाई पढेर भन्दछ कि पवित्र आत्मा हामीमा वास गर्नुहुन्छ, तिनीहरूले "वचनद्वारा भएर" भन्ने शब्दलाई निक्षिप्तरूपमा अस्वभाविक रूपले थपेको थियो । ताकि यसलाई स्रोताले पढ्दा तिनीहरूको विश्वासले यसो भन्दछः "तर यदि येशूलाई मरेकाबाट जीवित पार्नुहुनेका आत्मा (वचनद्वारा भएर) तिमीहरूमा वास गर्नुहुन्छ भने, ख्रीष्ट येशूलाई मरेकाबाट जीवित पार्नुहुनेले नै तिमीहरूमा वास (वचनद्वारा भएर) गर्नुहुने उहाँका आत्माद्वारा तिमीहरूका मरणशील शरीरलाई पनि जीवन दिनुहुनेछ ।" के "वचनमा थप्ने" बारे प्रकाश २२:१८ ले केही भन्दछ? "यस पुस्तकको अगमवाणीका वचन सुन्ने हरेक मानिसलाई म चेतावनी दिन्छुः यदि कसैले तिनमा थप्यो भने यस पुस्तकमा लेखिएका विपत्तिहरू परमेश्वरले त्यसमाथि थपिदिनुहुनेछ...।"
- यो तथ्य समस्याभन्दा बाहिर छ किनभने पत्रुसले प्रचार गरिरहँदा

पश्चात्ताप गरेर बप्तिस्मा लिएकाहरूले पवित्र आत्माको वरदान पाउने छौ भन्ने कुरा नयाँ करारमा त्यतिबेलासम्म लेखिएको थिएन् । यदि “वरदान” को वास धर्मशास्त्रद्धारा हुन्थ्यो र आत्मा स्वयं आफै होइनन् भने त्यो दिन ३,००० मानिसहरूले कसरी शताब्दीयौंसम्म पुरा नभएको केही कुराहरू पाउँथ्यो?

- फेरी त्यहाँ अर्को समस्या हुन्छन् । पुरानो करार अन्तर्गतका धर्मशास्त्रको केही हिस्सामा जिएका मानिसहरूलाई पवित्र आत्माको वरदान दिइयो भन्ने वर्णन कहिल्यै पनि गरेनन् । तिनीहरूमा परमेश्वरको वचनले वास गरेको थियो । इस्रायल देशमा पवित्र आत्माको “वास” थियो भनी किन कहिल्यै पनि भनेनन्?
- र अन्तमा, मानिसहरूले आफ्नो जीवनमा धर्मशास्त्रलाई विविध मात्रामा आत्मसाथ ग्रहण गर्छन् । यदि वास गर्ने कुरा केवल तिनीहरूमा भएको धर्मशास्त्रको आधारमा हुन्थ्यो भने कसैमा २०% र अरूमा ३५% को आत्मा हुन्थ्यो । तिनीहरूको बारेमा के भन्ने जसले धर्मशास्त्रको ठुलो हिस्सालाई कण्ठ गरेका छन् तापनि प्रेरित २:३८ अनुसार विशिष्ट रूपमा सही तरीकाले बप्तिस्मा लिएका छैनन्? परमेश्वरका घरानाका धेरै मानिसहरूमा भन्दा वास्तवमै तिनीहरूको दिमागमा शाब्दिक धर्मशास्त्रहरू थिए । त्यसकारण तिनीहरूले कहिल्यै पनि पहिलो स्थानमा पवित्र आत्माको वरदान पाउनको निम्ति परमेश्वरले माग गर्नुभएको कुराहरू संकलन गर्नुभएका छैनन् भने के तिनीहरूमा अझ बढी पवित्र आत्माले वास गर्नुहुन्छ?

यसकारण हामी प्रभुमा छौं र प्रभु हामीमा हुनुहुन्छ भनी हामी विश्वास गर्छौं । परमेश्वरले हामा पुकारा सुन्नुहुन्छ, प्रार्थनामा जवाफ दिनुहुन्छ र परमेश्वरले दुरदर्शिताद्धारा शक्तिशाली कार्य गर्नुहुन्छ भनी हामी विश्वास गर्छौं । हामी विश्वास गर्छौं कि दुरदर्शिताद्धारा भएर पवित्र आत्माले काम गर्नुहुन्छ र प्रार्थनाको जवाफ दिनुहुन्छ । यी सबै कुरा पवित्र र ईश्वरीय हुन, जुन नयाँ नियममा समावेश गरिएको परमेश्वरको वचन, आत्माको वचनसित समानता कायम गर्दै आज पनि हुन्छ । धर्मशास्त्रमा लेखिएका वचनहरूका विरूद्धमा गएर हामी सिकाउँदैनौं । परमेश्वरले आज पनि काम गर्नुहुन्छ, र हामीमा पवित्र आत्मा जिउनुहुन्छ, आश्चर्यजनक रूपमा होइन्, तर उहाँको वचनमा स्पष्ट रूपले भनेको घेराभित्र भएर गर्नुहुन्छ ।

# पाँच बाइबलीय तथ्यहरुलाई बिज्ञानले पछि सही हो भनी प्रमाणित गरे ।

*- मार्कस एन. जोन्स*

पछिल्लो केही शताब्दीहरूमा विज्ञान र बाइबल एकअर्कामा अनौठो भएको देखिन्छ । यसको अनुहारमा दुईवटा फरक पक्षहरू थिए । आफ्ना सर्वश्रेष्ठतालाई प्रमाणित गर्न दुवै लडिरहेका छन् । विज्ञान जहिले पनि परिवर्तन हुन्छ र यसका धेरै सिद्धान्तहरू अस्वीकृत भएका छन् । बाइबल र यसका तथ्यहरू जहिले पनि जहाँको त्यही छन् । यहाँ हामी पाँच वटा बाइबलीय तथ्यहरूलाई हेर्नेछौं जुन लामो समय पछि विज्ञानले सही हो भनेको छ ।

**(१) पृथ्वी गोलो छ ।** यो विन्दुबाट शुरूवाट गरेनौं भने शायद हामी गलत हुन सक्छौं । सामान्यरूपमा पृथ्वी चेप्टो थियो भनी धेरै वर्षदेखि मानिसहरूले विश्वास गरेका थिए । पृथ्वीको अन्तिम विन्दुसम्म पुग्नुभयो भने तपाई खस्नुहुनेछ भनी प्रायजसो मानिसहरूले सोचेका थिए । महान विचार गर्नेहरूले पहिला यसरी हेरेका थिए । तर तपाईले केवल बाइबललाई हेर्नुपर्छ जहाँ यसो भनिएको छ, "परमेश्‍वर पृथ्वीको परिधिभन्दा माथि विराजमान हुनुहुन्छ" (यशैया ४०:२२) र "उज्यालो र अँध्यारोको बीचको सिमानामा उहाँले पानीको सतहमा क्षितिजलाई स्थिर राख्नुभएको छ" (अयूब २६:१०) । इ.पू. २४० मा इरातोस्थेनिसले प्रस्तुत गर्नु अगि पृथ्वी वास्तवमै गोलो थियो भनी स्पष्टरूपले धर्मशास्त्रको सत्यतामा प्रकट भएको छ ।

**(२) हावाको तौल हुन्छ ।** हाम्रो नाङ्गो आँखाले हावा देख्न सक्दैनन् भन्ने कुरा सबैलाई थाहा छ । यसकारण हावाको कुनै तौल हुँदैन भनी विश्‍वास गरी तार्किक निष्कर्षमा पुऱ्याउँछौं । ग्यालिलियो ग्यालिलीले अन्तमा यो अवधारणलाई प्रसंगतरूपमा चलाखीपूर्ण प्रयोगबाट प्रमाणित गर्ने विचार गऱ्यो । उनले यो गर्नुभन्दा लामो समय अगि अयुबको पुस्तकमा यो प्रकट गरेको छ, "परमेश्‍वरले बतासलाई शक्ति दिनुभयो, र समुन्द्रको सिमाना

बाँधिदिनुभयो" (अयूब २८:२५) । ग्यालिलियोले यस बतासलाई समात्यो कि समातेन्, यो परीक्षण गर्ने निर्णय कुनै बहसको निम्ति पनि हुन सक्थ्यो ।

**(३) समुन्द्रमुनि पहाडहरू ।** वैज्ञानिकहरूले समुन्द्रको गहिराई भित्र नयाँ पहाडहरू पत्ता लगाए भनेर केही वर्ष अगि धेरै समाचार सम्वाददाताहरूले भन्न थाले । यी पहाडहरू जहिले पनि त्यही थियो भन्ने कुरा प्रष्ट छन् । तर अहिलेका सही विज्ञानका साधनहरूका माध्यमबाट तिनीहरू अस्तित्वमा छन् भन्ने कुरालाई प्रमाणित गरे । योनाको ठुलो माछा भित्रको अनुभव आफैमा दन्त्य कथा जस्तो लाग्थ्यो, तर महासागर भित्रको तिनको समयलाई पुनः विचार गर्दै उनी लेख्दछ, "म त डाँडाहरूका फेदीसम्मै तल डुबें, पृथ्वीले मलाई सदाको निम्ति थुनिदियो" (योना २:६) । यस्तो भनाई भन्नको निम्ति योना समुन्द्रको निकै गहिराइमा गएको हुनुपर्थ्यो भन्ने कुरा प्रष्ट हुन्छ ।

**(४) रगत जीवनको स्रोत हो ।** उल्लेखनीय कुरा के छ भने केही शताब्दीसम्ममा रगत बहाउने प्रक्रियाद्वारा रोगहरूका उपचार गरिन्थ्यो । यो प्रक्रिया अनुसार प्रचुरमात्रामा रगत प्रत्यारोपण गर्ने कुरा समावेश हुन्थ्यो । यसको मूल उपचार पद्धति प्राचीन मिश्रमा हुन्थ्यो । परमेश्वरले इस्रायलीहरूलाई व्यवस्था दिनुहुँदा मोशालाई जानकारी गराउनुभयो, "किनकि जीवधारीको प्राण त्यसको रगतमा हुन्छ" (लेवी १७:११) । यो भनाइमा आधारित भएर रगत बहाउने प्रक्रियाद्वारा उपचार गर्ने अभ्यास लामो समयदेखि चलेको थियो ।

**(५) गुरूत्वाकर्षणको शक्तिले गर्दा पृथ्वी एक ठाउँमा अडिएको छ ।** यो तथ्यलाई प्रमाणित गर्न लामो समय लाग्यो । हाम्रो वरपरका चिजहरूसँग मूल्यांकन गर्दा, कुनै पनि दृश्य वस्तुहरूको सहायताविना हावाको विचमा यति भारी वजन भएको पृथ्वी तैरिरहेको देख्दा विश्वास गर्न गाह्रो हुन्थ्यो । प्रायजसो प्राचीन सभ्यतालाई विश्वास गर्दा त्यहाँ एउटा भगवानले आफ्नै हातमा पृथ्वीलाई थामिरहेको थियो भन्ने गर्दथे । तर बाइबलले पुष्टि गर्दछ कि परमेश्वरले "पृथ्वीलाई शून्यतामा झुण्डयाउनुहुन्छ" (अयूब २६:७) । गुरूत्वाकर्षको शक्तिको व्याख्याले केही शताब्दीयौं अघिमात्र पुष्टि गरेको थियो । तर हामी यहाँ धर्मशास्त्रले प्रदर्शन गरेको गहिरो रहस्यको ज्ञान देख्छौं ।

# के तपाईंले बाइबललाई नष्ट गर्न सक्नुहुन्छ?

*- स्टीभ हाइगिनबोथाम*

धेरै वर्ष अगि दुष्ट राजाले परमेश्वरको वचनको प्रतिलिपिलाई प्रस्तुत गरेको थियो । राजाले एक जना मानिसलाई आफ्नो निम्ति वचन पढ्ने आज्ञा दियो । केही अनुच्छेद पढिसकेपछि राजाले मुठ्ठेलाई लिएर कागत काट्ने चक्कुले काट्न थाले, त्यसपछि त्यसलाई आगोको मकलमा फालेर नष्ट गरिदिए (यर्मिया ३६:२१-२३) । ईश्वरी तरीकाबाट टिप्पणी गर्दै राजाले परमेश्वरको वचनलाई नष्ट गरेपछि यर्मियाको अभिलेखले भन्दछ, "यी कुरा सुनेर तिनीहरू डराएनन्, नता तिनीहरूले आफ्ना लुगा च्याते" (यर्मिया ३६:२४) ।


यो ऐतिहासिक घटनाको सन्दर्भले यो विषयमा मेरो ध्यान खिचिएको छ । राजाले परमेश्वरको वचनलाई नष्ट गर्नु जति खराब थियो, परमेश्वरको दृष्टिकोणमा त्यो पनि अविश्वसनिय र त्यति नै खराब कुरा थियो कि त्यो घटना देखेका कोही मानिसहरू पनि उहाँमा डराएनन् नता तिनीहरूले आफ्ना लुगा च्याटे ।

यो विचार म तपाईको बीचमा राख्न चाहन्छु । बाइबलले भनेको सबै कुराहरू हामीलाई मन लाग्दैनन् भनेर हामीमा कहिल्यै पनि बाइबललाई नष्ट गर्ने विचार नआउन सक्छन् । कसैले बाइबललाई तिरस्कारपूर्वक नष्ट गर्न खोज्दा के हामी त्यसको साक्षी भएकोमा दोषी हुनेछौं? के हामी डराएका छौं? के हामीले हाम्रा लुगाहरू च्याटेका छौं? के हामी आफैले भाङ्ग्राका लुगा लगाएका छौं?

स्वर्गमुनि हरेक समयको आफ्नो उद्देश्य हुन्छ । हाँस्ने समय छ (उपदेशक ३:४), तर हाँसोलाई पर राखेर विलाप गर्ने, रूने र शोक गर्ने पनि समय छ (याकूब ४:९) । आफैले आफैलाई परमेश्वर र उहाँको वचनको निम्ति अपमान गर्ने कुनै असंवेदनशील संस्कृतिको कहिल्यै पनि विकास नगरौं । जसरी स्पष्टरूपमा राजाले आफ्नो चक्कुले मुठ्ठेलाई नष्ट गरेको थियो, त्यसरी नै धेरै जसो हाम्रा संचारका माध्यमहरू (टेलिभिजन, चलचित्रहरू, संगीत, इन्टरनेट आदि) ले परमेश्वरको वचनलाई नष्ट गरिरहेका छन् । त्यस्तो अवस्थामा हाम्रो कस्तो प्रतिक्रिया हुनुपर्छ? त्यसो भएता पनि के हामी त्यसलाई हेरिरहन्छौं, सुनिरहन्छौं वा के हामी विलाप गर्छौं, रून्छौं, र शोक गर्छौं? केही विचार गर्नुहोस् । ❀

# रोपिराखेको वचन (याकूब १:२१)

- *जिमी क्लार्क*



"यसैकारण सबै फोहोर कुरा र समस्त दुष्टतालाई हटाओ, र तिमीहरूका हृदयमा रोपिराखेको वचन नम्रतापूर्वक धारण गर, जसले तिमीहरूका प्राणलाई उद्धार गर्न सक्छ" (याकूब १:२१) । परमेश्वरको वचनलाई याकूबको पुस्तकमा विभिन्न तरिकाले व्यक्त गरेको छ । उहादरणको निम्ति यसलाई "सत्यको वचन" (याकूब १:१८), "स्वतन्त्रता दिने शुद्ध व्यवस्था" (याकूब १:२५), "हाम्रा प्रभु येशू ख्रीष्टमाथिको विश्वास" (याकूब २:१), "पवित्र धर्मशास्त्रको राजकीय व्यवस्था" (याकूब २:८), "व्यवस्था" (याकूब २:९,११; ४:११), "सम्पूर्ण व्यवस्था" (याकूब २:१०), "स्वतन्त्रताको व्यवस्था" (याकूब २:१२), "धर्मशास्त्र" (याकूब २:१३; ४:५), "सत्यता" (याकूब ३:१४; ५:१९), र "स्वर्गबाट आउने बुद्धि" (याकूब ३:१७) भनिएको छ ।

भित्री मनुष्यत्वमा वचन गाडिएको हुनुपर्छ भन्ने आवश्यकता दर्शाउनको निम्ति यहाँ याकूबले "रोपिएको" भन्ने शब्दलाई प्रयोग गर्दछ (याकूब १:२१) । थाईर भन्दछ कि यहाँ ग्रीक शब्द "रोपिएको" (याकूब १:२१) लाई अनुवाद गर्दा "जन्मदिने, प्रकृतिद्धारा रोपेको, अरूको अर्तीद्धारा रोपेकोः यसरी तपाईको शिक्षकहरूद्धारा रोपिएको शिक्षा" हो (थाईर २०९) । यो विशेषण क्रियाको शब्दले रोपण गरेको बुझिन्छ । यो रोपिएको शब्दबारे धेरै विचारहरू छन् जुन अध्ययन गर्न लायकको छ । हामी यहाँ तीन वटा कुराहरूलाई विचार गर्नेछौं ।

**(१) आफुलाई बाधा दिने प्रभावहरूबाट मुक्त हुनुहोस् ।** परमेश्वरले जुन उत्पादनको निम्ति संरचना गर्नुभएको थियो वचनसँग त्यही उत्पादन गर्ने शक्ति छ (यशैया ५५:१०-११; रोमी १:१६) । त्यसको पूर्ण लाभको निम्ति वचन सही प्रकारको हृदयमा रोपेको हुनुपर्छ । बीउ छर्नेको दृष्टान्तमा यसलाई विभिन्न तरीकाबाट प्रकट भएको छ (लूका ८:५-१५) ।

याकूब २:२१ मा "फोहोर" शब्दलाई अनुवाद गर्दा यसले कुनै पनि "नैतिक अपवित्रताको दुष्टतालाई जनाउँछ (थाईर ५६४) । यसले यो भनाइलाई याद गराँउछ जहाँ पावलले कोरिन्थीहरूलाई यसो भनेको थियो, "यसकारण हे प्रिय हो, हामीसित यी प्रतिज्ञा भएका हुनाले शरीर र आत्माको हरेक किसिमको अशुद्धताबाट हामी आफैलाई शुद्ध पारौं, र परमेश्वरको भयमा पवित्रतालाई सिद्धतातर्फ बढाउँदैजाऔं" (२ कोरिन्थी ७:१) ।

प्रत्येक अनुच्छेदमा फोहोर शब्दको निम्ति फरक ग्रीक शब्दहरू प्रयोग भएता पनि एउटै भाव छ । परमेश्वरको शुद्ध वचन (याकूब ३:१७) संसारको अशुद्धतासित मिसिन सक्दैनन् । "समस्त दृष्टतालाई हटाओ" भन्ने शब्दले दुष्ट कुराहरूका अवशेषलाई मानिसहरूको हृदयमा अझै राखेको हुन सक्छन् भन्ने अर्थ लाग्छ । त्यसले आफैलाई संसारबाट निष्कलङ्क राख्न (याकूब १:२७), शुद्ध र पवित्र धर्मलाई अभिब्यक्त गर्न कायम गरेको छ । रोपेको वचन फलदायी हुनको निम्ति कसैले नकारात्मक प्रभावहरूलाई पर राख्नुपर्छ ।

**(२) नम्रताकासाथ वचनलाई ग्रहण गर्नुहोस् ।** याकूब १:२१ मा "धारण" गर्नु भन्ने शब्दले स्वागत गर्नु भन्ने दर्शाउँछ । नम्रता त्यो इच्छुक हुने कोमलता हो, जसले वचनलाई आफ्नो हृदयमा वास गराउँछ । यो प्राप्त गर्ने ब्यक्तिलाई सत्यको वचन (याकूब १:१८) कति महत्वपूर्ण थियो? मेरो मनमा त्यस्ता ब्यक्तिहरू कर्नेलियस, इथियोपियाली नपुंसक, टार्ससको शाऊल, लिडिया, फिलिप्पीको झ्यालखानाको हाकिम इत्यादि आउँछन् ।

**(३) वचनमा बचाउन सक्ने शक्ति छ भन्ने कुरा पहिचान गर्नुहोस् ।** वचनले आत्मालाई बचाउन सक्ने कुरा याकूबले विशिष्टरूपमा औंल्याउँछ । बचाउन सक्ने परमेश्वरको शक्ति जहिले पनि परमेश्वरको वचनद्वारा भएर आउँछ (रोमी १:१६) । मानिस वचनद्वारा जीवित रहन्छ (मत्ती ४:४) । आफ्नो विषय र शिक्षाको विषयमा ध्यान दिंदा मुक्तितर्फ दोहरिन्छ (१ तिमोथी ४:१६) । बाइबलविना मानिसलाई पिता, पुत्र, पवित्र आत्मा, मुक्तिको योजना, मण्डलीको पहिचान, नैतिकता र पवित्र जीवन जिउने, आराधनामा परमेश्वरको सामुन्ने पुग्ने, र अरू धेरै विशिष्ट कुराहरू थाहा हुँदैन्थ्यो । यो वास्तवमै ज्योति (भजनसंग्रह ११९:१०५) र जीवन (२ तिमोथी १:१०) हो ।

❀

# धर्मशास्त्रसित बरखास्त गर्न रोक्नुहोस्, "यो केवल तपाईको व्याख्या हो"

*- वेस म्याकाडेम्स*



प्रायजसो म कसैसँग कुराकानी गरिरहँदा वा अरूले गरेको कुराकानी सुन्दा, जहाँ एक जना मानिसले बाइबलको कुनै विषयमा बताइरहेको हुन्छ, तर सुन्ने मानिसले छिट्टै नै यसरी प्रतिक्रिया दिन्छ, "राम्रो, यो केवल तपाईको व्याख्या हो ।" मानौं कि त्यो भनाइले एक पटकको निम्ति सबैको मामला नै सुल्झाइदिन्छ । हरेकसँग धर्मशास्त्रलाई आफ्नै तरीकाले व्याख्या गर्ने अधिकार छ, र एउटा व्याख्या अर्को जतिकै मान्यता छ । त्यसको तर्कमा यहाँ केही विचारहरू दिएको छ ।

## केही महत्वपूर्ण शब्दहरू बुझ्दै

अक्सर हामीले प्रयोग गर्ने केही शब्दहरू छन्, र त्यसको अर्थ के हो भनी मानिसहरूले बुझेका छौं भनी हामी सोच्छौं । थोरै समयमा केही महत्वपूर्ण शब्दावलीहरूलाई परिभाषित गर्नु राम्रो हुन्छः-

**"अनुवाद" –** बाइबलमा ६६ वटा पुस्तकहरू छन् । तिनीहरूलाई तीन फरक भाषाहरूमा (हिब्रू, आरामाईक, र ग्रीक) लेखेको थियो । यसकारण, अंग्रेजी बोलचाल गर्नेहरूले आज यसलाई पढ्नको निम्ति तिनीहरूलाई अनुवाद गरेको हुनपर्छ । अंग्रजी बाइबलका धेरै भरपर्दो संस्करणहरू छन् । यी भाषाहरू सिक्नको निम्ति मानिसहरूले आफ्नो जीवन सर्मपण गरेका थिए । ती विज्ञ र विद्वानहरूका समुहले मूल भाषाबाट अनुवाद गरेका थिए । अनुवादकहरूका प्राथमिक चासो भनेकोः **मुलपाठले के भन्छ?** भन्ने बारेमा बुझ्ने हो ।

**"व्याख्या"–** बाइबलको पुस्तकहरू केवल फरक भाषाहरूमा मात्र लेखिएका थिएनन् । तिनीहरू हजारौं वर्ष अगि पूर्णरूपले आफ्नै फरक संस्कृतिमा लेखेको थियो । पुस्तकलाई अहिलेको भाषामा अनुवाद गरेता पनि लेखकले के को बारेमा लेखिरहेको थियो भन्नेबारे आजका मानिसहरूलाई अझै बुझ्न गाह्रो हुन सक्छन् । हामी सबैले धर्मशास्त्रलाई व्याख्या गर्नुपर्छ, तर यसको सामान्य अर्थ के हो भनी हामीले यो प्रश्न सोध्नैपर्छः **"यो मुलपाठको के अर्थ लाग्छ?"**

**"प्रयोगात्मक"–** बाइबलीय मूलपाठलाई हाम्रो आफ्नै भाषामा अनुवाद गरियो । त्यो मूलपाठको अर्थ के हो भनी बुझ्नको निम्ति हामीले कठोर मेहनत गरेका छौं भने यसलाई हामीले हाम्रो जीवनमा प्रयोग गर्नैपर्छ । हामीले यो प्रश्न सोध्नुपर्छः **"यो मुलपाठले मेरो जीवनमा के फरक ल्याउँछ?"**

## केवल एउटै सही व्याख्या

हामीले महत्वपूर्ण सिद्धान्तलाई बुझ्नुपर्छः **बाइबलीय पाठसित केवल एउटै सही व्याख्या हुन्छ ।** यसलाई अर्को शब्दमा भन्नुपर्दा यसको केवल एउटै अर्थ लाग्छ । मानिसहरू आफ्नै व्याख्याको हकदार हुन्छन् र हरेकको व्याख्या अर्को जस्तै मान्यता हुन्छन् भन्ने कुरा गलत हो ।

जुन व्यक्तिले कुनै भनाइलाई पढेर वा सुनेर त्यसको अर्थ उसलाई के लाग्दछ भनी आफ्नो निम्ति निर्णय गर्न सक्छन् भने यसको सम्वादले अरूको सम्वाद व्यर्थको हुन् भन्ने कुरा प्रयास गरिरहेको हुन्छ । गाडी चालकले "रोक" भन्ने चिन्हमा गाडी नरोक्दा पुलिसले त्यस मानिसलाई तानेको कुरा कल्पना गर्नुहोस् । पुलिसले सोध्यो, "महाशय, के तपाईले

'रोक' भन्ने चिन्ह देख्नुभयो?" चालकले जवाफ दियो, "हजुर, मैले देखें ।" अलमल्ल हुँदै पुलिसले सोध्यो, "के तपाईले रोक्नुपर्छ भन्ने कुरा बुझ्नुभएन्?" त्यसपछि चालकले हाँसेर यसो भन्यो, "त्यो तपाईको अर्थ हो ।"

कुनै विशेष अनुच्छेदको अर्थ लगाउन गाह्रो होलान्, तर अरू कुराको चिन्ता नलिनुहोस्, केवल यसको एउटै व्याख्या छ । जसले यसलाई पढ्नुहुन्छ, तिनीहरूको निम्ति अर्थ परिवर्तन लाग्ने बाइबल कुनै रहस्यमय पुस्तक होइन् । फरक मानिसहरूका निम्ति बाइबलले फरक अर्थ दिदैंनन् । अगमवक्ता वा प्रेरितहरूले ती मूल स्रोताहरूलाई विशेष वचनहरू लेखेका थिए भने तिनीहरूको निम्ति केही अर्थ लाग्थ्यो । "लेखकले के भन्न खोजेको हो" भनी पत्ता लगाउनु हाम्रो काम हो ।

**व्याख्याको निम्ति धेरै परिश्रमको आवश्यकता पर्छ ।**

धर्मशास्त्र अनुच्छेदको अर्थ बुझ्न गाह्रो हुन सक्छ । जसरी मैले अगि नै भनिसकें कि बाइबलको पुस्तकहरू पूर्णरूपमा फरक संस्कृतिहरूमा जिइएका मानिसहरूले लेखेका थिए । बाइबलको पुस्तकहरूलाई विभिन्न तरीकाबाट व्याख्या गर्नुपर्छ । उदाहरणको निम्ति तपाईले यहोशूको पुस्तकलाई ऐतिहासिक कथाको रूपमा व्याख्या गर्नुपर्छ । त्यसरी नै भजनसंग्रहको पुस्तक कवितात्मक शैलीमा लेखेकोले यसलाई तपाईले कवितात्मक शैलीमा व्याख्या गर्नुपर्छ ।

यदि हामी सत्य जान्न चाहन्छौं भने सही व्याख्याको निम्ति हामीले कठोर मेहनत गर्नैपर्छ । "यो पुस्तक कसले लेख्यो?", "लेखकले कसलाई लेखेको थियो?", "उनले यो कहिले लेखेको थियो?", "कस्तो प्रकारको साहित्य शैलीलाई प्रयोग गरी लेखेको थियो?", "यो पुस्तकको प्राथमिक उद्देश्य के थियो?" भन्ने जस्ता प्रश्नहरू हामीले सोध्नैपर्छ ।

जब हामीले यी प्रश्नहरूका उत्तरहरू पाउँछौं तब हामी धर्मशास्त्रको सही अर्थ लगाउन उत्तम निष्कर्षमा पुग्नेछौं । यो असम्भव कार्य होइन् । मानिसहरूले धर्मशास्त्रको अर्थ बुझोस् भन्ने परमेश्वर चाहनुहुन्छ । बाइबल अनन्तसम्म रहनको निम्ति लेखेको थियो । हाम्रो पुस्ताले पनि बाइबल पढोस् भन्नको निम्ति लेखेको हो । यसलाई बुझ्न सक्ने तरीकाले लेखेको थियो ।

## विविध सम्भाव्य अर्थहरू

धर्मशास्त्रका केही अनुच्छेदहरू व्याख्या गर्न गाह्रो भएको कुरालाई म सजिलै स्वीकार गर्नेछु । यी अनुच्छेदहरूका विविध सम्भाव्य अर्थहरू छन् । अर्को शब्दमा भन्नुपर्दा यो अनुच्छेदको अर्थ के लाग्छ भन्ने विषयमा विद्धानहरू र ईश्वरशास्त्रीहरू असहमत हुन्छन, र तिनीहरू फरक सम्भावनाका व्याख्याहरूमा आउँछन् । तर अन्तमा केवल एउटै सही व्याख्या छ, र अरू व्याख्याहरू गलत छन् ।


## अल्छी हुने वा अनाज्ञाकारी हुने कुरालाई रोकौं ।

"तपाईले जे गरिराख्नु भएको छ, त्यो गलत हो भनी धर्मशास्त्रले भन्दछ" भनी ख्रीष्टमा एक जना भाइले मलाई सल्लाह दिन्छ भने त्यसको जवाफमा "महाशय, यो त केवल तपाईको व्याख्या" हो भनी मैले भन्छु भने, न्युनतम रूपमा म निकै अल्छी भएको हुन्छु र परमेश्वरमा अनाज्ञाकारी भई सबैभन्दा खराब भएको हुन्छु । यसरी त्यो व्यक्ति आफ्नो व्याख्यामा गलत हुन सक्छ । यस्तो घटनामा हामी एकैसाथ बसेर त्यो अनुच्छेदको सही व्याख्या पत्ता लगाई अहिलेको ख्रीष्टियान जीवनमा यसलाई कसरी प्रयोग गरिन्छ भन्ने कुरा हेर्नुपर्छ । यदि उनी आफ्नो व्याख्यामा गलत छ, र मलाई पनि उ गलत छ भन्ने कुरा थाहा छ भने उनले गलत व्याख्यालाई विश्वास गरेको कुरा ठिकै छ भन्ने प्रभावलाई छोड्नु भनेको ममा प्रेम र दया नहुनु हो । यदि त्यसो हो भने हामी पनि फरक व्याख्याका हकदार हुन्छौं ।

उनको व्याख्या सही पनि हुन सक्छ । यदि त्यसो हो भने, मैले मेरो जीवन परमेश्वरको इच्छाको उपजमा राख्नुपर्छ । "त्यो अनुच्छेदलाई म त्यसरी व्याख्या गर्दिन्" भनी बरखास्त गर्न सजिलो छ । किनभने बरखास्त भनेको प्रायजसो सामान्यरूपमा अनाज्ञाकारी बुझिन्छ । अनाज्ञाकारी हुनु सजिलो छ ।

## अन्तिम रेखा

धर्मशास्त्रको अनुच्छेले भनेको कुरा तपाईलाई मन पर्दैन् भन्दैमा तपाईले फरक तरीकाद्धारा व्याख्या गर्न सक्नुहुन्छ भन्ने अर्थ दिदैन् । तपाई ख्रीष्टको चेला हुनुहुन्छ भने धर्मशास्त्रले प्रकट गरेको कठिनाइ र चुनौतीका सत्यतालाई पनि तपाईले ग्रहण गर्नुपर्छ ।



# पदको खोजी

## १ कोरिन्थी ५:१-१३

### जेरी बेट्स

(१) कोरिन्थीहरुको बीचमा पावलले कस्तो पापको बारेमा सुनिएको छ (१ कोरिन्थी ५:१)?

(२) त्यो बिषयमा कोरिन्थीहरुले के गरे? तिनीहरुले के गर्नुपर्ने थियो (१ कोरिन्थी ५:२)?

(३) पावल शरीरमा...............भए पनि आत्मामा................थिए (१ कोरिन्थी ५:३)।

(४) ती पापमा हुनेहरुलाई कोरिन्थीहरुले के गर्नुपर्ने थियो (१ कोरिन्थी ५:४-५)?

(५) पावलले पापलाई के सित तुलना गर्दछ (१ कोरिन्थी ५:६) ।

(६) अलिकता........................जम्मै........................खमीरा बनाइहाल्छ भन्ने कुरा के तिमीहरुलाई थाहा छैन् (१ कोरिन्थी ५:६)?

(७) हाम्रो निस्तारको थुमा को हुनुहुन्छ (१ कोरिन्थी ५:७) ।

(८) हामी ख्रीष्टियानहरु...................र.....................अखमिरी रोटीको जीवन जिऔं (१ कोरिन्थी ५:८) ।

(९) अनैतिक व्यभिचारी दाजुभाइ, दिदी बहिनीको विषयमा कोरिन्थीहरुले के गर्नुपर्छ भनी पावल भन्दछ (१ कोरिन्थी ५:९-११)?

(१०) व्यभिचारको साथसाथै पावलले उल्लेख गरेका अरु पापहरुका नाम के-के हुन् (१ कोरिन्थी ५:११) ।

(११) ख्रीष्टियानहरुसँग हामी जस्तो व्यवहार गर्छौं किन अख्रीष्टियानहरुसँग त्यस्तो व्यवहार गर्दैनौं (१ कोरिन्थी ५:१२)?

(१२) मण्डली बाहिरकाहरुका न्याय कसले गर्नुहुन्छ (१ कोरिन्थी ५:१३)?

(यसको जवाफ पुस्तिकाको पछाडी पानामा छ ।)

## - पदको खोजी -

**१ तिमीहरुका बीचमा व्यभिचार छ भन्ने कुरा पक्का गरी सुनिएको छ, यस्तो व्यभिचार जो अन्यजातिहरुमा पनि हुँदैन । तिमीहरुमध्ये कुनै एक जनाले आफ्नै बाबुकी स्वास्नी राखेको छ अरे । २ तिमीहरुचाहिँ घमण्ड गर्छौं । तिमीहरुले त शोक गर्नुपर्नेथिएन र? यस्तो काम गर्नेलाई तिमीहरुका बीचबाट हटाओ । ३ म शरीरमा उपस्थित नभए पनि आत्मामा म तिमीहरुसँग छु । म उपस्थित भएझैं गरी यस्तो काम गर्नेको न्याय मैले गरिसकेको छु । ४ जब तिमीहरु हाम्रा प्रभु येशूको नाउँमा भेला हुन्छौं र म आत्मामा तिमीहरुसँग उपस्थित हुन्छु, अनि हाम्रा प्रभु येशूको शक्ति त्यहीँ हुन्छ, ५ त्यस मानिसलाई शैतानको हातमा सुम्पिदेओ, ताकि त्यसको पापमय स्वभाव नाश होस्, अनि प्रभुको दिनमा त्यसको आत्माचाहिँ बाँचोस् ।**

**६ तिमीहरुको घमण्ड ठीक होइन् । अलिकता खमीरले जम्मै ढिकालाई खमीरा बनाइहाल्छ भन्ने के तिमीहरुलाई थाहा छैन? ७ नयाँ ढिका बन्नलाई पुरानो खमीरलाई निकाल, किनकि तिमीहरु वास्तवमा अखमिरी नै हौ । हाम्रो निस्तारको थुमा, ख्रीष्टको बलिदान भइसकेको छ । ८ यसकारण हामी पुरानो खमीरले, अर्थात कुकर्म र दुष्टताको खमीरले होइन्, तर निष्कटपता र सत्यताको अखमिरी रोटीले चाड मनाऔं ।**

**९ मैले मेरो पत्रमा तिमीहरुलाई व्यभिचारीहरुको सङ्गत नगर्नू भनेर लेखेको थिएँ । १० त्यसको अर्थ, यस संसारका व्यभिचारीहरु, लोभीहरु, वा लुटाहाहरु, वा मूर्तिपूजकहरुसँग बिलकुलै सङ्गत नगर्नू भनेको होइन, नत्रता तिमीहरु संसारबाट निस्किजानुपर्थ्यौं । ११ तर यस्ताको सङ्गत नगर्नू भनेर मैले तिमीहरुलाई लेखें, जसले आफैलाई विश्वासी भाइ हुँ भनी भन्छ, तर वास्तवमा जो व्यभिचारी, वा लोभी, वा मूर्तिपूजक, वा निन्दा गर्ने, वा मतवाला वा लुटाहा हो । त्यस्तो मानिससँग त खान पनि नबस ।**


**१२ किनकि बाहिराकाहरुको इन्साफ गर्नु मलाई के खाँचो? के तिमीहरुले मण्डली भित्रकाहरुको न्याय गर्नुपर्दैन र? १३ बाहिरकाहरुको न्याय परमेश्वरले नै गर्नुहुन्छ । तिमीहरुले आफ्नो बीचबाट दुष्ट मानिसलाई निकालिदेओ ।**

नोटः आफ्नै विश्वासीहरूबीचको पापलाई मण्डलीले कसरी सामना गर्ने भन्नेबारे यो अनुच्छेदमा पावल छलफल गर्दैछन् । पापलाई वेवास्ता गर्नु वा त्यसमा घमण्ड हुनुको सट्टा मण्डलीले त्यस्तो खुल्लारूपमा निरन्तर पापमा जिउनेहरूलाई बहिष्कार गर्नुपर्छ । आज यो गर्न धेरैलाई गाह्रो भएको देखिन्छ, तर यसको उद्देश्य भनेको तिनीहरूको पापलाई दोष दिनु हो ताकि तिनीहरूले पश्चात्ताप गरेर आफ्नो आत्मा बचाओस् । केही अस्थायी शारीरिक कष्टहरू अनन्त विनाशभन्दा उपयुक्त हुन्छन् । मण्डली भित्रको पापलाई सामना गर्नैपर्छ किनभने यसले सिङ्गो शरीरलाई असर पार्छ । पापलाई खमीरसित तुलना गरेको छ, जसरी थोरै खमीरले जम्मैलाई खमीरा बनाइदिन सक्छ, त्यसरी नै पापले पनि सिङ्गै ख्रीष्टको शरीरलाई प्रभाव पार्छ ।

ती ख्रीष्टियानहरूलाई पावलले सिमित शर्तहरू दिन्छन् । यदि यो मापदण्ड हरेक ख्रीष्टियानको बीचमा प्रयोग गर्ने हो भने सबै ख्रीष्टियानहरू संसारबाट आफै अलग हुनुपर्नेहुन्छ, र पावलले हामीलाई त्यसो नगर्न भन्दछ । अख्रीष्टियानहरू ख्रीष्टियानहरूजस्तै जिउनुपर्छ भनी हामीले अपेक्षा गर्नुहुँदैन । ख्रीष्टको शरीर बाहिर भएकाहरूका न्याय गर्ने हाम्रो जिम्मेवारी होइन । त्यो परमेश्वरले गर्नुहुन्छ, तैपनि, ख्रीष्टको शरीरभित्र भएकाहरूका न्याय गर भनी हामीलाई बताएको छ ।

# उद्धार पाउन मैले के गर्नुपर्छ? यसको उत्तर यसमा निर्भर हुन्छ...

- *केविन एल.मूर*



"मैले उद्धार पाउन के गर्नुपर्छ" भनी कसैले सोध्यो भने त्यसको बाइबलीय जवाफ के हुन्छ? प्रश्न कसले सोधिरहेको छ र परमप्रभुको सम्बन्धमा त्यो व्यक्ति कहाँ छ भन्ने कुरामा उत्तर निर्भर हुन्छ । प्रेरितको पुस्तकमा तीनवटा फरक घटनाहरूमा यो प्रश्न सोधिएको थियो र प्रत्येक घटनामा फरक जवाफ दिएको थियो (प्रेरित २:३७; १६:३०; २२:१०) ।

पूर्ण अविश्वासीले सबैभन्दा पहिला परमेश्वर र प्रभु येशू ख्रीष्टमा विश्वास गर्नैपर्छ (प्रेरित १४:१५; १७:२३-२७) । विश्वासको यो प्रारम्भिक पाइलाविना कोही पनि मुक्तिको प्रक्रियामा जान सक्दैनन् । विश्वासलाई सम्भव बनाउनु अगि परमेश्वरको सत्यतालाई सम्वाद गरेको, बुझेको र स्वीकार गरेको हुनुपर्छ (प्रेरित २:३७; ८:१२; १६:३२; १७:२३, ३४) । जब कसैमा ईश्वरीय सन्देशलाई ग्रहण गरी भरोसा गर्ने विश्वास उत्पन्न हुन्छ (रोमी १०:१७), तब विश्वास गरेको मानिसले उद्धार पाउन के गर्नैपर्छ?

कसैले येशूमा विश्वास गर्नुभएको छ भने त्यो विश्वासलाई स्वीकार

गर्नैपर्छ । दुर्भाग्यवश, कसैले येशूलाई स्वीकार नगरीकन विश्वास गर्छन् (यूहन्ना १२:४२), र कसैले येशूलाई आज्ञापालन नगरीकन स्वीकार गर्दछ (मत्ती ७:२१) ।

विश्वासीले पश्चात्ताप (पापवाट फर्किनु) गर्नैपर्छ (प्रेरित २:३८; ३:१९; १७:३०; २६:२०) । पश्चात्ताप विना उद्धारमुक्ति उपलब्ध हुँदैन् (लूका १३:३,५; २४:४७; २ पत्रुस ३:९) । विश्वास गरेर कोही अन्धकारबाट ज्योतिमा फर्किन्छ भने यो पश्चात्ताप गरेको विश्वासीले उद्धार पाउन के गर्नैपर्छ?

विश्वासको प्रतिज्ञा अनुसार (१ तिमोथी ६:१२), पश्चात्तापी विश्वासीले पाप क्षमाको निम्ति बप्तिस्मा (पानीमा डुब्ने) लिनैपर्छ (प्रेरित २:३८; २२:१६; रोमी ६:१-५, १७,१८) । कोही पानी र आत्माद्धारा जन्मनु भएको छैनन् भने तिनीहरूलाई परमेश्वरको राज्यमा प्रवेश मिल्ने छैनन् (यूहन्ना ३:५,२२,२३) । "ख्रीष्टमा" मुक्ति छ भन्ने कुरा देख्छ (२ तिमोथी २:१०), बप्तिस्माले कसैलाई ख्रीष्टमा पुऱ्याउँछ (रोमी ६:३; गलाती ३:२७), यसकारण मुक्तिको निम्ति बप्तिस्मा आवश्यक छ (मर्कूस १६:१५,१६; १ पत्रुस ३:२०,२१) । बप्तिस्मा लिइसकेपछि पश्चात्ताप गरेर बप्तिस्मा लिएको विश्वासीले उद्धार पाउन के गर्नुपर्छ?

पश्चात्ताप गरी बप्तिस्मा लिएको विश्वासीले विश्वासमा निरन्तरता दिनुपर्छ (प्रेरित २:४२; ११:२३; १४:२२) । आवश्यक परेको बेला पापलाई स्वीकार गर्दै पश्चात्ताप गर्ने कुरा सम्लग्न हुन्छ (प्रेरित ८:२२; १ यूहन्ना १:७-१०) । यसमा सिक्ने, बृद्धि हुने, आज्ञा पालन गर्ने, र प्रभुको मण्डलीको क्रियाशिल सदस्य भएर सेवा गर्ने कुरा सम्लग्न हुन्छन् (रोमी १२:१-१८; १ कोरिन्थी १२:१२-२७; २ पत्रुस १:२-११ इत्यादि) ।

मैले उद्धार पाउन के गर्नैपर्छ? यो प्रश्न कसले सोधिरहेको छ? अविश्वासीको सन्दर्भमा हो भने उनले विश्वास गर्नैपर्छ । विश्वासीको सन्भर्दमा हो भने उनले आफ्नो विश्वासलाई स्वीकार गर्नैपर्छ । विश्वासीले पश्चात्ताप गर्नैपर्छ । पश्चात्तापी विश्वासीले बप्तिस्मा लिर्नैपर्छ । बप्तिस्मा लिएको पश्चात्तापी विश्वासीले बाइबलीय मार्ग निर्देशन अनुसार विश्वासयोग्य जीवन जिउनुपर्छ । परमेश्वर आफैं विश्वासयोग्य हुनुहुन्छ । उहाँको हिस्सामा हामी सबैले नम्रतालाई धारण गर्नुपर्छ ।

❀

# स्वर्ग

*– पेरी एन हल*

प्रतिज्ञा गरेको कुरा प्राप्त नगरी अब्राहाम र सारा विश्वासमै मरे । तर टाढैबाट त्यसलाई देखेर स्वागत गरी तिनीहरूले मानिलिए र त्यसलाई अंगाले (हिब्रू ११:८–१६) । "अझ उत्तम देश, अर्थात एक स्वर्गीय देशको इच्छा गर्छन् ।" कस्तो उत्कृष्ट विचार! हामी मत्ती २५:२१,२३ मा येशूको वचनद्वारा परमेश्वरमा विश्वासयोग्य भएकाहरूका निम्ति उहाँको योजना देख्छौं । "स्याबास, असल र विश्वासी नोकर! तँ थोरै कुरामा विश्वासी भइस्, अब म तँलाई धेरै कुराको जिम्मा दिनेछु । तँ आफ्ना मालिकको खुशीमा सहभागी हो ।" यहाँ लगायत अरू धेरै स्थानहरूमा येशूले धर्मीहरूको अनन्त गनतव्य स्थानको बारेमा भन्नुभयो । दुष्टहरूसितको तीव्र विषमतामा धर्मीहरू परमेश्वर, उहाँको संगती र आशिषको सम्बन्धमा रहेको बताउँदछ ।

ग्रीक संज्ञा "ओरानोस" शब्दलाई परमेश्वरको वासस्थानको रूपमा प्रयोग गरेको छ । अंग्रेजी शब्द Heaven बाट "स्वर्ग" भनी अनुवाद गरेको छ । ग्रीक र हिब्रू शब्द "शामयिमको" अर्थ समान लाग्छ, जसले "माथिल्लो क्षेत्रहरू" वा "उचाई माथिको" भन्ने जनाउँछ । यसले हामीलाई धेरै कुराहरू बताउँदैन् । तर नयाँ नियममा पाएको जानकारीले पर्दा पछाडिको रहस्य कुरालाई खिच्दछ र विश्वासको उत्तम लडाईद्वारा अनन्त जीवनलाई पक्रिराख्ने सही सोच भएका हरेकलाई कुनै कारणबाट जीवनको पर्याप्तता देख्ने अनुमति दिन्छ (१ तिमोथी ६:१२) ।

समयको शुरूवाट भएदेखि मानिसले चिहानभन्दा केही परको झलक देख्ने इच्छा गर्दथे । परमेश्वरको योजना अनुरूप येशूले मृत्युलाई अन्त्य गर्ने कुरा रोज्नुभयो । सुसमाचारले जीवन र अमरत्वको प्रकाश ल्याउँदछ (२ तिमोथी १:१०) । स्वर्गबाट परमेश्वरको पुत्रको आगमन भयो (यूहन्ना ३:१३) । उहाँको स्वर्गारोहणपछि उहाँ आज "जो स्वर्गमा महान् परमेश्वरका सिंहासनको दाहिनेपट्टि विराजमान हुनुहुन्छ" (हिब्रू ८:१; १ पत्रुस ३:२२) । संसारको सृष्टि हुनुभन्दा अगि पिताको सामुन्ने उहाँको जस्तो महिमा थियो त्यही महिमामा आज उहाँलाई महिमा देओ (यूहन्ना १७:५) ।

धर्मीहरूको अनुभवलाई जीवनको अवधारणासित जोड दिएको छ । यो जीवन गुणस्तरको छ, जुन यहाँ हामीलाई थाहा भएको भन्दा पनि श्रेष्ठ छ । यो अनन्त अस्तित्वमात्र होइन् । वास्तवमा नरक पनि त्यस्तो छ । यो पूर्ण,

बिनासर्त र असिमित यर्थाथको जीवन हो । सिमित विचारले अनन्ततालाई बुझ्न सक्दैनन् । आखिरी वासस्थानलाई विश्राम भनेर चित्रण गरिन्छ (हिब्रू ३:११,१८; ४:१,३,८,९) भनी मानविय आवासका शब्दहरूले हामीलाई बताउँछ । प्रभुमा मर्नेहरू "धन्यका" हौ भनेको छ र "तिनीहरूले आफ्नो-आफ्नो परिश्रमबाट आराम पाउनेछन्" (प्रकाश १४:१३) । त्यो अनन्त राज्यमा प्रवेश गर्नु निष्क्रियतामा हुनु होइन् । यो जीवनको परिश्रम पश्चात हामीले सामर्थ्य र आरामको नविनता पाउँछौं भन्ने अर्थ लाग्छ ताकि हामीले उहाँलाई दिन रात सदाकाल आनन्दसाथ सेवा गर्न सक्छौं (प्रकाश ७:१५) । "सिंहासनबाट यसो भन्ने एउटा चर्को सोर मैले सुनें, हेर, परमेश्वरको वास मानिसहरूसँग भएको छ । उहाँ तिनीहरूसँग वास गर्नुहुनेछ, र तिनीहरू उहाँका प्रजा हुनुहुनेछ, र परमेश्वर आफैं तिनीहरूका परमेश्वर भएर तिनीहरूसँग रहनुहुनेछ । उहाँले तिनीहरूका आँखाको आँसु पूर्ण रूपले पुछिदिनुहुनेछ, र फेरि मृत्यु नै हुनेछैन, र शोक र पीडा पनि हुनेछैन । किनकि पहिलेका कुराहरू बितिसकेका छन्" (प्रकाश २१:३,४) । परमेश्वर आफ्ना मानिसहरूसित तुरुन्तै नजिकैको संगतीमा वास गर्नुभएको हामी देख्छौं । यो जीवनसँग जोडिएका कुनै पनि चिन्ताजनक र हृदय विदारक अनुभवलाई उहाँले अनुमति दिनुहुनेछैन् नता त्यहाँ पापले नै प्रवेश गर्दछ (प्रकाश २१:२७) ।

त्यो पवित्र शहर, नयाँ यरूशलेमले आफ्ना जनहरूलाई त्यसको उच्च चारकुने पर्खालसित पूर्ण सुरक्षा गर्नुहुनेछ । यसलाई प्रकाश २१:१०–२२:५ मा मानविय कल्पनाको निम्ति सुन्दर आलंकारीक भाषामा वर्णन गरेको छ । स्वर्गीय स्थानमा बृद्धि भएको कुरा जीवनको वृक्षको बगैंचा जस्तो छ । परमेश्वरको वचनको शुरूवाटमा हामी स्वर्गीय स्थान हराएको देख्छौं । अन्तमा, विजयी थुमाको गुणले उहाँद्वारा धर्मी बनाइकाहरू पुनः अनन्त परमेश्वरको उपस्थितमा तत्कालैको संगतीमा प्रवेश गर्नेछन् । स्वर्गीय स्थान पुनः प्राप्त हुनेछ । हामी धेरै कुरा जान्न चाहन्छौं, तर यति मात्र हामीलाई थाहा छ । यूहन्नाको वचनमा हामी पढ्न पाउँछौंः "हेर, पिताले हामीलाई कस्तो किसिमले प्रेम गर्नुभएको छ, कि हामी परमेश्वरका सन्तान भनी कहलिएकाहरू हौं, र साँच्चै हौं पनि । यसैकारणले त संसारले हामीलाई चिन्दैन, किनभने त्यसले उहाँलाई चिनेन । प्रिय हो, अहिले हामी परमेश्वरका सन्तान हौं, र हामी के होऔंला, सो अहिलेसम्म प्रकट भएको छैन । यति जान्दछौं, कि जब उहाँ प्रकट हुनुहुन्छ, तब हामी उहाँजस्तै हुनेछौं । किनकि उहाँ जस्तो हुनुहुन्छ हामी उहाँलाई त्यस्तै देख्नेछौं । अनि जस्तो उहाँ पवित्र हुनुहुन्छ, उहाँमाथि यो आशा राख्ने हरेक मानिसले आफूलाई पवित्र पार्छ" (१ यूहन्ना ३:१–३) ।

# “बोलाइएका”

- रोइस फ्रेडरिक



“...म मेरो मण्डली स्थापित गर्नेछु...” (मत्ती १६:१८) । “पति हो, आफ्ना पत्नीहरूलाई प्रेम गर, जसरी ख्रीष्टले पनि मण्डलीलाई प्रेम गर्नुभयो, र त्यसको निम्ति आफूलाई अर्पण गर्नुभयो” (एफिसी ५:२५) ।

“मण्डली” शब्दको अर्थ “बोलाएका” भन्ने लाग्छ । यो ग्रीक शब्द “एक्लेसिया” बाट अनुवाद गरेको हो । ख्रीष्टद्वारा हाम्रो बोलावट भएको हो ।

हामी हाम्रै अलग मार्गहरूमा जानको निम्ति बोलाइएका होइनौं । एक्लेसिया शब्दमा “भेला भएको” विचार पनि सम्लग्न हुन्छ । पहिलो शताब्दीमा शहरका विभिन्न भागहरूबाट बोलाइएका नागरिकहरूका समुह एक्लेसिया थियो । शहरको महत्वपूर्ण विषयहरूमा छलफल गर्नको निम्ति विभिन्न ठाउँबाट एउटै स्थानमा बोलाइएका हुन्थे ।

यसरी नै हामीहरू एकैसाथ भेला हुनको निम्ति ख्रीष्टले हामीलाई बोलाउनुभयो । संसारभरका मानिसहरू जसले सुसमाचारलाई आज्ञापालन


गरेका छन् तिनीहरू मण्डली, उहाँको एउटै आत्मिकी शरीरमा भेला हुन्छन् । "शरीर एउटै छ..." (एफिसी ४:४) । "उहाँ शरीर, मण्डलीको शीर हुनुहुन्छ" (कलस्सी १:१८) ।

पृथ्वीको जुनसुकै स्थानमा हामी जिइएता पनि उहाँको स्थानिय मण्डलीको रूपमा भेला हुन पनि ख्रीष्टले हामीलाई सिकाउनुहुन्छ (रोमी १६:१,५,२३; १ कोरिन्थी १:२; १६:१९; कलस्सी ४:१५) । सबै स्थानिय मण्डलीहरू ख्रीष्टको मण्डली हुन् (रोमी १६:१६) । उहाँले यसलाई स्थापना गर्नुभयो, उहाँ यसको निम्ति मर्नुभयो, र उहाँ यसको शीर हुनुहुन्छ । ख्रीष्टले हामीलाई स्थानिय रूपमा अरू ख्रीष्टियानहरूसित भेला हुँदाको उद्देश्य र लाभहरू देखाउनुहुन्छ । हामी बृद्धि हुनको निम्ति भेला हुन्छौं । "तिनीहरू प्रेरितहरूका शिक्षामा लागिरहन्थे..." (प्रेरित २:४२) । परमेश्वरको वचनको अर्तीको निम्ति हामी एकै स्थानमा भेला हुँदा आत्मिकीरूपमा एकैसाथ हुर्कन मद्दत गर्दछ । "तब पूरा एक वर्षसम्मै मण्डलीका मानिसहरूसँग तिनीहरूले भेटघाट गरिरहे, र मानिसहरूको ठूलो समूहलाई शिक्षा दिए" (प्रेरित ११:२६; १३:१; १ कोरिन्थी १:१०; ४:१७; २ पत्रुस ३:१६-१८) ।

हामी एक आपसमा बाँडचुड गर्नको निम्ति भेला हुन्छौं । "तिनीहरू सङ्गतिमा लागिरहन्थे" (प्रेरित २:४२) । हामी परमेश्वरको घरानामा सहकर्मी, दाजुभाइ र दिदीबहिनी हौं । हामी एक अर्कामा आवश्यकता, दुःख र आनन्द बाँड्छौं । "विश्वास गर्नेहरू जति सबै एकसाथ बस्थे, र तिनीहरूका सबै थोक साझा थिए । तिनीहरूले आफ्ना सम्पत्ति र मालमत्ता बेचीकन जस-जसलाई जे-जे कुराको खाँचो पर्थ्यो सबैलाई ती बाँडिदिन्थे" (प्रेरित २:४४-४५; २:४६; ४:३२-३७) । "यदि एउटा अङ्गलाई कष्ट भयो भने सबै अङ्गहरूले सँगै कष्ट भोग्छन्, अथवा एउटा अङ्गको आदर भयो भने सबै अङ्गहरूले सँगै आनन्द मनाउँछन्" (१ कोरिन्थी १२:२६) । प्रत्येक हप्ताको पहिलो दिन हामीले भेटी दिएर परमेश्वरको कामलाई सहायता गर्छौं (१ कोरिन्थी १६:१,२; २ कोरिन्थी ९:७) । परमेश्वरको अनुग्रहद्वारा हामी एकैसाथ काम गर्छौं र उहाँको महिमाको निम्ति धेरै असल कुराहरू हासिल गर्छौं (रोमी १२:४-१५; १ कोरिन्थी १२:४-१५; १ कोरिन्थी १२:१४-२७; १५:५८; १ थेसलोनिकी १:१-३; एफिसी ३:२०-२१; १ पत्रुस ४:१०,११) ।

# किन हामी ख्रीष्टको मण्डलीको सदस्य हौं?

*- ओवेन डी.ओलब्रिक्ट*



प्रायजसो मानिसहरूमा जिज्ञासा हुन्छन् । किन अरू मानिसहरू कुनै निश्चित धर्मको सदस्यहरू हुन भनी कोही जान्न चाहन्छ र तिनीहरूले नै सोध्छन् कि हामी किन ख्रीष्टको मण्डलीको सदस्य हौं । यो राम्रो प्रश्न हो, र बाइबल अनुसारको जवाफ दिन योग्यको छ, हामी मण्डलीको सदस्य भएकोले जवाफ दिन तयार हुनुपर्छ (१ पत्रुस ३:१५) । हामी किन ख्रीष्टको मण्डलीको सदस्य हौं भन्ने प्रश्नवाचक चिन्हमा दुईवटा फरक प्रश्नहरूलाई प्रयोग गर्न सकिन्छः "किन हामी ख्रीष्टको मण्डलीको सदस्य भयौं?" वा "किन हामीलाई कुनै निश्चित कार्यहरूले अरू कुनै मण्डलीको सट्टा ख्रीष्टको मण्डलीको सदस्य बनाउँछ?"

**किन ख्रीष्टको मण्डलीको सदस्य हुने?**

केवल एउटै शरीर छ भनी नयाँ नियमले सिकाउँदछ (रोमी १२:५; १ कोरिन्थी १०:१७; १२:१०; एफिसी २:१६; ३:६; ४:४; कलस्सी ३:१५), जुन मण्डली हो (एफिसी १:२०-२२; कलस्सी १:१८, २४) । हामी बप्तिस्माद्वारा एउटै शरीर, ख्रीष्टको मण्डलीमा प्रवेश गर्छौं (१ कोरिन्थी १२:२७) । अर्को शब्दले अभिव्यक्त गर्ने हो भने बप्तिस्माद्वारा हामी ख्रीष्टमा प्रवेश गर्छौं (रोमी ६:३; गलाती ३:२६,२७), यसरी एउटै शरीर, ख्रीष्टको मण्डलीको सदस्य हुन्छौं (१ कोरिन्थी १२:२०,२७), त्यो ख्रीष्टमा हुन्छ (रोमी १२:५) ।

येशूले सिकाउनु भएको (मत्ती २८:१९; मर्कूस १६:१५,१६) एउटै बप्तिस्माले (एफिसी ४:४) केवल एउटै शरीरको सदस्य बनाउँछ (१ कोरिन्थी १२:१३) । बप्तिस्मा भन्दा अगि हामीले सुसमाचारलाई सुनेर विश्वास गरी (मर्कूस १६:१५,१६; प्रेरित ८:१२), पापबाट पश्चात्ताप गरी येशूलाई स्वीकार गर्छौं (प्रेरित २:३८; रोमी १०:९,१०) । हामी ख्रीष्टको शरीर अर्थात मण्डलीको सदस्य हुन्छौं किनभने त्यहाँ केवल एउटै शरीर/मण्डली छ- जहाँ येशूको एउटै बप्तिस्मालाई ग्रहण गरेर हामी प्रवेश गर्छौं । जब हामी पानी र आत्माबाट जन्मिन्छौं (यूहन्ना ३:५), तब हामी अन्धकारबाट येशूको राज्य (कलस्सी १:१३), अर्थात उहाँको मण्डलीमा (मत्ती १६:१८,१९) परिवर्तित हुन्छौं ।

हामी ख्रीष्टको मण्डलीको सदस्य हुन्छौं किनभने येशूको एउटै बप्तिस्माले हामीलाई एउटै शरीर, उहाँको मण्डलीमा थपिन्छ । यदि येशूले सिकाउनुभएको बप्तिस्माद्वारा तपाईलाई उहाँको मण्डलीमा राख्दछ भने, तपाई त्यसकै सदस्य हुनेछौं ।

## किन हामीले सदस्य हुने कुरा रोज्यौं?

उहाँको मण्डलीसित येशूको सम्बन्धको कारणले गर्दा हामी ख्रीष्टको मण्डलीको सदस्य हुन्छौं, यसरीः

- उहाँ आफ्नै मण्डलीको निर्माता हुनुहुन्छ (मत्ती १६:१८) ।
- उहाँले आफ्नो मण्डलीको निम्ति रगत बहाउनुभयो (प्रेरित २०:२८) ।
- उहाँको महिमा उहाँको मण्डलीद्वारा हुन्छ (एफिसी ३:२१) ।
- उहाँ मण्डलीको शीर हुनुहुन्छ । एउटै मण्डली उहाँको अधिनमा छ (एफिसी ५:२३,२४) ।
- उहाँ मण्डलीको मुक्तिदात्ता हुनुहुन्छ (एफिसी ५:२३) ।
- उहाँले आफ्नो मण्डलीलाई प्रेम गर्नुहुन्छ (एफिसी ५:२५) ।
- उहाँले आफ्नै मण्डलीको निम्ति प्राण दिनुभयो (एफिसी ५:२५) ।
- वचनद्वारा पानीको स्नानबाट उहाँले आफ्नो मण्डलीलाई पवित्र र शुद्ध पार्नुहुन्छ (एफिसी ५:२६) ।
- उहाँले आफ्नो मण्डलीलाई आफैमा दाग रहित, चाउरी नपरेको, पवित्र र दोष रहितको रूपमा प्रस्तुत गर्नुहुनेछ (एफिसी ५:२७) ।
- उहाँको मण्डलीमा भएकाहरूका नाउँ स्वर्गमा लेखिएका छन् (हिब्रू १२:२२,२३) ।

उहाँको मण्डलीको सदस्यहरूमा येशूसित सम्बन्ध भएर हामीले आत्मिकी आशिषहरू पाउने भएको कारणले गर्दा हामी ख्रीष्टको मण्डलीमा हुन्छौं ।

## सबैभन्दा महत्वपूर्ण कारण

माथि दिएका कारणहरू सबै उत्तम छन् । त्यो भन्दा पनि अर्को कारण हाम्रो निम्ति सबैभन्दा महत्वपूर्ण छ । मण्डली "पहिले जन्मेकाहरू" बाट बनेको हुन्छ । जसरी पुरानो करारमा पहिले जन्मेको व्यक्ति परिवारको सबै भन्दा प्रिय हुन्थ्यो, त्यसरी नै ख्रीष्टको मण्डली पनि येशूको सबैभन्दा प्रिय बनाइएको छ, पहिलो जन्मेकाहरूका नाउँ दर्ता गरिएको छ । जीवनको पुस्तकमा लेखेको छ (हिब्रू १२:२२,२३) ।




येशूको मण्डलीको सदस्य भएको हुनाले हामी नयाँ स्वर्गीय यरूशलेममा प्रवेश गर्नेछौं (प्रकाश २१:२) किनभने हाम्रो नाउँ थुमाको जीवनको पुस्तकमा लेखेको छ (प्रकाश २१:२७) । यदि हाम्रो नाउँ त्यहाँ लेखिएका छैनन् भने हामीले सजाय पाउनेछौं । "जसको नाउँ जीवनको पुस्तकमा लेखिएको भेट्टाइएन त्यो अग्नि-कुण्डमा फालियो" (प्रकाश २०:१५) ।

हामी ख्रीष्टको मण्डलीमा छौं किनभने हामीले यसमा बप्तिस्मा लिएका छौं र हामी अग्नि-कुण्डमा फालिएको चाहदैनौं । हामी अहिले यसमा आशिषित भई रमाउँछौं । हामी येशूसित अनन्त स्वर्गमा हुन चाहन्छौं ।

# सत्य के हो ?

*- रान्डाल क्यासलम्यान*



"सत्य के हो?" भनी पिलातसले सोध्यो । के हामी सत्य जान्न सक्छौं? के हामी सत्यमा सुनिश्चित हुन सक्छौं? के सत्यताको वास्तविकता/यर्थाथ छ? के फरक हुनको निम्ति कुनै एक दिन सूर्य पश्चिमबाट उदाउँछ? के सिकर्मीले आफ्नो औजारमा भरोसा गर्न सक्छ? के गणितको सिद्धान्त र नियमहरूमा संरचना गर्न सकिन्छ? के दुइ र दुइ जोड्दा चार हुन्छ भनी हामी विश्वास गर्न सक्छौं? के यो समीकरण असत्य हुन्छ भन्ने समय आउनेछ? के एक हिस्सा हाइड्रोजन र दुइ हिस्सा अक्सिजनको समीकरण जहिले पनि पानी हुन्छ? के यो रसायनले बलजफ्ती अर्को सत्यलाई स्वीकार गर्नेछ?

तपाई देख्नुहुन्छ कि सत्यता जान्न सकिने, हासिल गर्न सक्ने र भरोसा योग्यको हुन्छ । मानिसले सत्यमा भरोसा गर्न सक्छ । सत्यले हामीलाई कहिले पनि असफल बनाउँदैन् । सत्य जहिले पनि सही हुन्छ । मानिसको जीवनका हरेक क्षेत्र यहाँ सम्म कि धर्ममा पनि यो तथ्य सही हो ।

बैंक, विज्ञान, औषधी, शिक्षाविद् र हरेक दैनिक जीवनमा हामी पूर्ण सत्यता खोज्छौं । के तपाई आजको ९९% सत्यतामा सन्तुष्ट हुनुहुन्छ? म त हुन्नँ! तपाई पनि हुनुहुन्न् । उदाहरणको निम्ति ९९.९% उत्तम हुनुको अर्थ...

- यो वर्ष आन्तरिक राजस्व सेवाद्धारा करिब बीस लाख भन्दा बढी

कागजातहरू हराउनु हो ।
- ६० मिनेटको अन्तरालमा २२,००० चेकहरू गलत बैंकबाट काटिनु हो ।
- हरेक दिन १२ जना बच्चाहरू गलत अभिभावकहरूलाई सुम्पिदिनु हो ।
- हरेक वर्ष २,६८,५०० वटा त्रुटीपूर्ण गाडीका टायरहरू पठाउनु हो ।
- १,०३,२६० वटा आयकर कागजहरू यो वर्ष गलत तरीकाले कारवाहीको निम्ति पठाएको छ ।
- हरेक दिन सिकागोको ओ हेर्यर अन्तराष्ट्रिय विमान स्थलमा दुइवटा हवाइ जहाज असुरक्षित तरिकाले अवतरण गरेको हुन्छ ।
- अबको एक घण्टामा हुलाकले १८,३२२ वटा चिठी पत्रहरूलाई गलत तरीकाले पत्राचार गर्छन् ।
- १ वर्षमा २०,००० लागु औषधीहरूका नाम गलत तरीकाले लेख्नेछन् ।
- आज दिनभरी १०८ वटा औषधीहरूलाई गलत तरीकाले प्रयोग गर्नेछन् ।
- वेबिष्टरको नयाँ अन्राष्ट्रिय शब्दकोषबाट ३१५ वटा शब्दहरूलाई गलत उच्चारण गर्नेछन् ।

धार्मिक विषयमा हामी आफैले आफैलाई वचनको सत्यतालाई खोज्नुभन्दा गलत शिक्षाहरूद्वारा सन्तुष्टि भएको पाउँछौं । "तिनीहरूलाई सत्यतामा पवित्र पारिदिनुहोस्, तपाईको वचन सत्य हो" (यूहन्ना १७:१७) । "डर र कम्पसाथ तिमीहरूको आफ्नो मुक्तिको काम पूरा गर्न परिश्रम गर" (फिलिप्पी २:१२) ।

परमेश्वरको सत्य कहिल्यै पनि असफल हुँदैनन् । परमेश्वरको वचन कहिल्यै पनि टुट्दैनन् । "स्वर्ग र पृथ्वी बितेर जानेछ, तर मेरा वचन बितेर जानेछैनन्" (मत्ती २४:३५) ।

**सत्यतालाई हामीले के गर्ने?** सत्यलाई जान्नुहोस् । "तब तिमीहरूले सत्य के हो सो जान्नेछौ, र सत्यले तिमीहरूलाई स्वतन्त्र तुल्याउनेछ" (यूहन्ना ८:३२) । सत्यलाई किन्नुहोस् । "सत्य किन् र त्यो बिक्री नगर्" (हितोपदेश २३:२३) । सत्यलाई अध्ययन गर्नुहोस् । "शर्माउन नपर्ने र सत्यको वचनलाई ठीकसँग प्रयोग गर्ने कामदारजस्तै आफूले आफूलाई परमेश्वरमा ग्रहणयोग्य तुल्याउने भरमग्दूर प्रयत्न गर" (२ तिमोथी २:१५) । सत्यतामा आराधना गर्नुहोस् । "परमेश्वर आत्मा हुनुहुन्छ, र उहाँका आराधकहरूले आत्मा र सत्यतामा आराधना गर्नुपर्छ" (यूहन्ना ४:२४) ।

**सत्यताले हामीलाई के गर्छ?** सत्यताले हामीलाई डोऱ्याउनुहुन्छ । "जब सत्यको आत्मा आउनुहुनेछ, तब उहाँले तिमीहरूलाई सबै सत्यतामा डोऱ्याउनुहुनेछ" (यूहन्ना १६:१३) । हामीलाई पवित्र पार्नुहुन्छ । "तिनीहरूलाई सत्यमा पवित्र पारिदिनुहोस्, तपाईको वचन सत्य हो" (यूहन्ना १७:१७) । हामीलाई शुद्ध पार्दछ । "अब सत्यको पालनद्धारा तिमीहरूले आफैलाई शुद्ध पारेका छौ" (१ पत्रुस १:२२) । हामीलाई स्वतन्त्र पार्छ । "तिमीहरूले सत्य के हो, सो जान्नेछौं, र सत्यले तिमीहरूलाई स्वतन्त्र तुल्याउनेछ" (यूहन्ना ८:३२) । हामीलाई इन्साफ गर्नेछन् । "परमेश्वरको इन्साफ सत्यताको आधारमा हुन्छ । जो वचन मैले बोलें त्यसैले अन्त्यको दिनमा त्यसको न्याय गर्नेछ" (रोमी २:२; यूहन्ना १२:४८) ।

सत्यता लगानी हो । हामीले के मा लगानी गर्दैछौं? सत्यतामा वा झुटमा? म जान्न चाहन्छु । के तपाई जान्न चाहनुहुन्छ? हामी उकालो सिंढी चढ्न ब्यस्त भइरहेका पुस्तामा छौं । हाम्रो सिंढी कुन पर्खालको विरूद्धमा ढल्किरहेको छ भन्ने कुरालाई हेर्ने समय हामीले लिएका छैनौं । कुनै बाटो मानिसको नजरमा ठीक देखिएला, तर अन्त्यमा त्यसले मृत्यु, विनाश, परमेश्वरदेखि अनन्त विछोडमा पुऱ्याउँछ भनी धर्मशास्त्रले हामीलाई भन्दछ (हितोपदेश १४:१२) । सीधा र साँघुरो बाटोको सत्यताले हामीलाई अनन्त जीवनतर्फ डोऱ्याउँछ भनी येशूले भन्नुभयो (मत्ती ७:१३,१४) । "यो सुसमाचार तिमीहरूकहाँ आएको छ, साँच्चै सारा परमेश्वरको अनुग्रह तिमीहरूले सुनेको र बुझेको दिनदेखि उसो सुसमाचारले तिमीहरूका बीचमा पनि त्यसरी नै काम गरिरहेछ" भनी पावलले हामीलाई जानकारी दिन्छन् (कलस्सी १:६) ।

"सत्य के हो" भनी पिलातसले सोध्यो, । तर ऊ सत्यताबाट फर्केर गयो । त्यसले जवाफको निम्ति पर्खेनन् । के तपाई जवाफको निम्ति पर्खनुहुन्छ? यो उपलब्ध छ ।

❀

***"तिनीहरूलाई सत्यतामा पवित्र पारिदिनुहोस्, तपाईको वचन सत्य हो"* (यूहन्ना १७:१७) ।**

# विश्वास वा भावनाद्धारा ?

*- डेभिड आर फारर*

"हामी विश्वासद्धारा हिंडछौं, देखिने कुराको आधारमा होइन" भनी पावल भन्दछ (२ कोरिन्थी ५:७) । विश्वासद्धारा हिड्नुको अर्थ परमेश्वरको वचन अनुसार जीउनु हो । परमेश्वरको वचन सुनेर विश्वास आउँछ (रोमी १०:१७) । धर्मशास्त्रसितको समानतामा जिउनु बाहेक विश्वासद्धारा हिड्ने अर्को कुनै मार्ग छैनन् ।

देखिने कुराको आधारमा हिड्नु भन्नाले भौतिक इन्द्रियहरूद्धारा अगुवाई हुनु हो । हामी देखेको कुरा, शरीरद्धारा अनुभव गरेको र मानविय विचारको तर्क अनुसार जीउनु हो । देखिने कुराको आधारमा कोही ब्यक्ति हिड्छ भने त्यसले बाइबलको सत्यतालाई इन्कार गर्दछ । त्यसलाई पछ्याउनुको सट्टा आफ्नै विचारलाई पछ्याउने कुरामा झुकाव राख्छ । यो विश्वासद्धारा हिड्ने नभइकन भावनाहरूद्धारा हिड्नु हो ।

भावनाका आधारमा मानिसहरूले धार्मिक निर्णयहरू गर्नु यो तिनीहरूको निम्ति असाधारण होइन् । "मैले के गर्नुपर्छ भन्ने कुरा मैले विचार गर्दछु" भनी कसैले भन्न सक्छ । वा कसैले यस्तो दावी गर्दछ, "म सही छु भन्ने कुरा मलाई थाहा छ किनभने मैले मेरो हृदयमा यस्तै अनुभव गर्दछु ।" तिनीहरूले महसुस गरेको कारणले गर्दा धर्मशास्त्रको स्पष्ट भनाइहरूलाई कसैले प्रत्यक्षरूपमा जानाजानी इन्कार गर्दछ । यस्तो प्रकारका भावनाहरूमा भरोसा गर्नु देखिने कुराको आधारमा हिड्नु जस्तै हो । हामी विश्वासद्धारा हिड्छौं भावनाहरूद्धारा होइन् ।

पवित्र आत्माको मार्गदर्शन भावना वा आवेगहरूद्धारा भएर अगुवाई गर्छन भनी कसैले सोच्ने गर्दछ । कहिलेकाहीं मानिसहरू आफ्नै अर्न्तज्ञान वा आत्माद्धारा नै अभिप्रेरित भएका छौं भनी ठान्छ । मानिसहरूले त्यस्तो प्रकारको भावनामाथि भरोसा गर्दा तिनीहरू विश्वासद्धारा हिडेका हुँदैनौ तर आफ्नै प्रवृत्तिमा हिडेका हुन्छौं । कसैले बाइबललाई पछ्याउँछ भने त्यो ब्यक्ति विश्वासद्धारा हिडेको हुन्छ । पवित्र आत्माले कहिल्यै पनि



धर्मशास्त्रबाट अलग भएर हाम्रो हृदयमा अभिप्रेरणा वा उत्तेजित पार्नुहुन्न् । विश्वासद्धारा हिड्नु भनेको परमप्रभुमा भरोसा गर्नु र उहाँले चाहनुभएको कुरा गर्नु हो । “आफ्नो सारा हृदयले परमेश्वरमा भरोसा राख्, र तेरो आफ्नै समझशक्तिमा भर नपर” (हितोपदेश ३:५) ।

तर कसैले भन्न सक्छ, “पवित्र आत्माले म भित्रै अगुवाई गर्नुहुन्छ भनी म वास्तवमै विश्वास गर्छु ।” म यो विश्वास गर्छु, तर यो विश्वासद्धारा हुनुपर्छ । यो विश्वसनिय निष्कर्ष होइन् । कुनै कुरामा विश्वास गर्दा “विश्वासद्धारा” आएको हो भनेर भन्न सकिदैन् । कसैले मजबुटकासाथ झुटो कुरालाई पनि विश्वास गर्न सक्छ । तर पनि त्यो झुट नै हो । बचाउन सक्ने विश्वास भनेको केवल सत्यतामा विश्वास गर्नु हो (यूहन्ना ८:३२,३३; रोमी १०:१७) । आत्मिक सत्यताको केवल एउटै स्रोत बाइबल हो (यूहन्ना १७:१७) । हामी विश्वासद्धारा हिड्छौं भने हामी देखिने कुराहरूका आधारमा, भावनामा वा आवेगहरूद्धारा अगुवाई भएका हुनुहुँदैनौं, तर “परमप्रभुले यसो भन्नुहुन्छ” भन्ने वचनद्धारा चलेको हुनुपर्छ ।

# जब उहाँ देखापर्नुहुनेछ

*- क्लेरेन्स डी लोच जूनियर*



अधिका ख्रीष्टियानहरूका निम्ति ख्रीष्टको दोस्रो आगमन कुनै बहस र विवादको निम्ति ईश्वरशास्त्रीय अनुमानको कुरा थिएनन् । यो तिनीहरूको उत्कष्ट प्रतिक्षा थियो । यी अनुच्छेदहरूलाई विचार गर्नुहोस् । "त्यहाँबाट आउनुहुने मुक्तिदाता, अर्थात प्रभु येशू ख्रीष्टको प्रतीक्षा हामी गर्दछौं" (फिलिप्पी ३:२०) । "हाम्रो देहको उद्धारको निम्ति प्रतीक्षा गरेर हामी आफैं पनि भित्र-भित्रै आर्तनाद गर्दछौं" (रोमी ८:२३) । "तिमीहरू परमेश्वरको दिन प्रतीक्षा गर्दछौं" (२ पत्रुस ३:११,१२) । यी धर्मशास्त्रहरूबाट यो प्रमाणित हुन्छ कि अधिका ख्रीष्टियानहरूले येशूको दोस्रो आगमनलाई हेरिरहेका थिए, त्यसलाई पर्खिरहेका थिए र उत्सुकताकासाथ अपेक्षा गरिरहेका थिए । यो ख्रीष्टियानहरूका आशा र भरोसा हो । यो कुनै धर्मशास्त्रमा उल्लेख गरेको आश्वासनमात्र होइन् । यो ख्रीष्टियान विश्वास हो । यदि ख्रीष्टको दोस्रो आगमन नै हुँदैनन् भने हाम्रो विश्वास ब्यर्थको हुन्छ । हामी अरू मानिसहरूभन्दा दयनीय हुन्छौ ।

"जब उहाँ प्रकट हुनुहुन्छ, तब हामी उहाँजस्तै हुनेछौं । किनकि उहाँ जस्तो हुनुहुन्छ हामी उहाँलाई त्यस्तै देख्नेछौं" भनी यूहन्ना भन्दछ (१ यूहन्ना ३:२,३) । ख्रीष्टको दोस्रो आगमनलाई विश्वास गर्नुहोस् । आफ्नो दिमागले मात्र होइन्, तर हृदयले विश्वास गर्नुहोस्, जसले ख्रीष्टियान जीवन जीउन शक्ति प्रदान गर्छ ।

(१) **यसले प्रेरणा दिन्छ ।** यसले हामीलाई इनामसम्म पुग्न प्रोत्साहन दिन्छ । उहाँको आगमनको निम्ति तयार हुने विश्वासयोग्य सेवाको निम्ति कस्तो ठुलो प्रोत्साहन? "प्रत्येक मानिसको काम प्रकट हुनेछ, किनकि न्यायको दिनले त्यो खुलस्त गरिदिनेछ" (१ कोरिन्थी ३:१३-१४) । "स्याबास, असल र विश्वासी भइस्- तँ आफ्ना मालिकको खुशीमा सहभागी हो" (मत्ती २५:२३) भन्ने शब्दहरू सुन्नुभन्दा ठुलो आनन्द के होला?

(२) **यसले उत्तरदायित्व प्रदान गर्छ ।** हामी हाम्रो सेवाकाइप्रति उत्तरदायित्व हुन्छौं । यूहन्ना लेख्दछ, "जुन कुराको निम्ति तिमीहरू काम गरिरहेका छौं, त्यो गुमाउने होइन तर पूरा इनाम पाउने होओ" (२ यूहन्ना ८) । पुरस्कारको निसानातर्फ जाँदै गर्दा हामीले जवाफ दिनुपर्छ भन्ने कुरामा होशियार होऔं । "यसैले हामी हरेकले परमेश्वरलाई आफ्नो लेखा दिनेछौं" (रोमी १४:१२) ।

(३) **यसले सुरक्षा प्रदान गर्छ ।** भविष्यको बारेमा हामीले चिन्ता लिनुपर्दैन । "म फेरी आउनेछु" भनी येशूले भन्नुभएको छ (यूहन्ना १४:३) । यो हाम्रो आशा, भरोसा, र सुरक्षा हो । हामी ख्रीष्टको अधिनमा छौं । उहाँ हाम्रो निम्ति आउँदैहुनुहुन्छ । यो संसार हाम्रो उत्तराधिकार होइन् । यहाँ कुनै सुरक्षा छैन । हाम्रो निम्ति एउटा स्वर्गीय स्थान छ जुन कहिल्यै नष्ट हुँदैनन्, ओइलाएर जाँदैन, अपवित्र हुँदैनन् र सुरक्षित छ (१ पत्रुस १:४) । यो हाम्रो आशिषित आश्वासन हो । यो आशालाई जीवित राखौं ।

❀

**"जब उहाँ प्रकट हुनुहुन्छ, तब हामी उहाँजस्तै हुनेछौं ।**
**किनकि उहाँ जस्तो हुनुहुन्छ हामी उहाँलाई त्यस्तै देख्नेछौं ।"**
**(१ यूहन्ना ३:२,३)**

# महत्वपूर्ण पदहरुका छिटो टिप्पणी
## (आमोस ४)

"परमेश्वरले कसरी काम गर्नुहुन्छ?" भनी प्रश्न सोध्ने गर्दछ । आज्ञाकारी सन्तानलाई आशिष दिन, अनाज्ञाकारी सन्तानलाई सच्याउन वा सजायँ दिन र उहाँलाई विरोध गर्नेहरू वा उद्धारभन्दा बाहिर भएकाहरूलाई विनाश गर्न परमेश्वरले कुनै मानिस, स्थान वा कुनै बस्तुहरूलाई साधनको रूपमा प्रयोग गर्न सक्नुहुन्छ ।

लूका १२:४८ ले चेतावनी दिन्छ, "प्रत्येक जसलाई धेरै दिइएको छ, त्यसबाट धेरै मागिनेछ...।" परमेश्वरले हरेक देशलाई प्रशस्त मात्रामा आशिष दिनुभएको छ । जसरी ईश्वरवाद र मानवतावादले कसैको संस्कृतिलाई नियन्त्रण गर्ने कुराको विकाश हुन्छ भने परमेश्वरले विगतका अनाज्ञाकारी मानिसहरूमाथि प्रकोपहरू ल्याउनु भएको कुरामा हामी होशियार हुनुपर्छ । आफ्ना मानिस इस्रायलहरूसित- उहाँका मानिसहरूलाई उहाँमा फर्काएर ल्याउनको निम्ति उहाँले गर्नु भएको प्रयासको यो अध्यायलाई विचार गरौंः-

"मैले हरेक शहरहरूमा तिमीहरूलाई रित्तो पेट र हरेक नगरमा रोटीको अभाव पारिदिएँ,
**तापनि तिमीहरू मतिर फर्केर, आएका छैनौ," परमप्रभु भन्नुहुन्छ ।**

"कटनी गर्ने समय अझै अरू तीन महीना बाँकी रहँदै मैले तिमीहरूबाट वर्षा रोकें ।
मैले एउटा नगरमा वर्षाको पानी पठाइदिएँ, तर अर्कोमा पठाइनँ ।
एउटा खेतमा पानी पऱ्यो, अर्कोमा केही पनि परेन र त्यो सुक्यो । मानिसहरू
नगर-नगर हुँदो पानीको लागि धरमरिँदै हिंडे, तर पिउनलाई यथेष्ट पाएनन्,
**तापनि तिमीहरू मतिर फर्केका छैनौ" परमप्रभु भन्नुहुन्छ ।**

"मैले धेरै पल्ट तिमीहरूका बगैंचा र तिमीहरूका दाखबारीका रोग र ढुसीद्वारा
प्रहार गरें । तिमीहरूका नेभारा र भद्राक्षका रूखहरूलाई सलहहरूले सखाप पारे,
**तापनि तिमीहरू मतिर फर्केका छैनौ" परमप्रभु भन्नुहुन्छ ।**

"मैले तिमीहरूका बीचमा मिश्रदेशलाई गरेझैं रुढीहरू पठाएँ । मैले तिमीहरूका
जवान मानिसहरूलाई तिमीहरूले पक्रेर ल्याएका घोडाहरूसमेत तरवारले
मारें, र तिमीहरूका छाउनीको दुर्गन्ध तिमीहरूका नाकसम्मै भरिदिएँ,
**तापनि तिमीहरू मतिर फर्केका छैनौ," परमप्रभु भन्नुहुन्छ ।**

"मैले तिमीहरूमध्ये कति जनालाई सदोम र गमोरालाई जस्तै गरी
ध्वंस पारिदिएँ । तिमीहरू जलिरहेको आगोबाट झिकेको अगुल्टाजस्तै थियौ,
**तापनि तिमीहरू मतिर फर्केका छैनौ," परमप्रभु भन्नुहुन्छ ।**
"यसकारण हे इस्रायली हो, म तिमीहरूलाई यसो गर्नेछु, म यसो गर्न लागेको कारणले,
**हे इस्रायली हो, तिमीहरूका परमेश्वरसित भेट गर्न तिमीहरू तयार होओ ।"**

# ख्रीष्टको निम्ति आत्माहरू जित्नुपर्छ

- *डेल ग्रिसम*

प्रभावकारीरूपमा आत्माहरू जित्न चाहिने आवश्यक तत्व "प्रोत्साहन" हो । तापनि हामी सबैमा अभाव भएको यो एउटा गुण पनि हो । कसैको अनन्तको गनतव्य स्थानबारे परिवारका सदस्य वा मित्रहरूसित कुरा गर्न अगाडी धकेल्ने कुरा नै प्रोत्साहन हो । हराएका आत्माहरूको बारेमा वास्ता गर्ने र उनलाई नरकबाट ताढा राख्न हामीले गर्न सक्ने कुरालाई माथि उचाल्नु नै प्रोत्साहन हो ।

अक्सर हामीले विरोधलाई इन्कार गर्छौं । जब हामी सुसमाचारसित हराएकाहरूका विरोधमा वहस गर्छौं, त्यतिबेला हामी अप्ठयारो महसुस गर्छौं । हामीले पापलाई होइन्, तर पापीलाई प्रेम गर्नुपर्छ । सन्तुष्ट नभएता पनि हामी सामना गर्न सक्छौं । हामीले मानिसहरूलाई हामीसितै आराधनामा निमन्त्रणा गर्न सक्छौं ताकि वचन प्रचार गरेको कुरा मानिसहरूले सुन्न सक्छन् । परमेश्वरको वचन अध्ययन गर्नको निम्ति हामी आफैले मेहनत गर्नुपर्छ ताकि हामीले पूर्ण भरोसा राखी प्रेमपूर्वक सुसमाचार प्रस्तुत गर्न सक्छौं । प्रेरित पावलले रोमीको पत्र लेख्दा उनले रोमी १:१६ मा सुसमाचारको शक्तिलाई साहसकासाथ बोलेको थियो, "किनकि सुसमाचारसँग म शमाउँदिनँ । किनभने विश्वास गर्ने र प्रत्येकका मुक्तिको निम्ति यो परमेश्वरको शक्ति हो, पहिले यहूदीहरूका निम्ति र अन्यजातिहरूका निम्ति पनि ।"

अरू मानिसहरूलाई सिकाउनको निम्ति हामीले बाइबलका सबै कुराहरू जानेको हुनुपर्दैन । तापनि हामीले आधारभूत कुराहरूलाई बुझ्नु पर्छः ख्रीष्टले आफ्नो मण्डली स्थापना गर्नेछु भनी प्रतिज्ञा गर्नुभयो (मत्ती १६:१३–२०); मण्डली स्थापना भयो (प्रेरित २); प्रेरितको पुस्तकमा परिवर्तनका धेरै उदाहरणहरू छन् । स्वीकारयोग्य आराधनाको निम्ति ढाँचा र नियमहरू लगायत ख्रीष्टियान जीवनको निम्ति चाहिने सबै कुराहरू नयाँ नियममा पाउँछौं ।

हामीले बहाना गर्ने कुराहरूलाई रोक्नुपर्छ । वचन थाहा पाउनको निम्ति हामीले बाइबल अध्ययन गर्नैपर्छ । अनि अरूलाई सिकाउन सक्षम हुन्छौं; जे कुरा हामीलाई थाहा छैन, ती कुराहरू हामीले सिकाउन सक्दैनौं । "किनकि परमेश्वरको वचन जीवित र क्रियाशिल हुन्छ, र कुनै पनि दुइधारे तरवारभन्दा बढी धारिलो हुन्छ । यसले प्राण र आत्मालाई त्यसका जोर्नी-जोर्नी र हाडको गुदीसम्मलाई भाग -भाग पारूञ्जेल वारपार छेड्ने र हृदयका विचार र इच्छा जाँच्न सक्ने हुन्छ" (हिब्रू ४:१२) । असल र इमान्दार मानिसको हृदयमा सुसमाचार प्रचार गर्दा ती आत्माहरू मण्डलीमा थपिएर ख्रीष्टियान हुन्छन् । सुसमाचार सिकाउने हाम्रो उत्तर दायित्वबाट हामी पछि नहटौं ।

# सुसमाचार फैलाउन मैले के सहायता गर्न सक्छु?

*- जेनेट ब्यारियर*



कसैले चासो नदिएको वा सबैले सुनेको छ जस्तो भाव लिँदा हामी महिला भएकोले प्रायजसो आफैले आफैलाई सोध्ने गर्छौं कि सुसमाचार फैलाउन मैले के सहायता गर्न सक्छु? हामीले गर्न सक्ने कुरा धेरै छन् । उदाहरणको निम्ति यहाँ केही कुराहरू उल्लेख गरेको छुः-


- हामीले केही उत्साहजनक क्रियाकलापहरू गर्न सक्छौं । जस्तैः छिमेकीहरूलाई भेट्न जाने, काम गरिहरनु भएकाहरूलाई हौसला दिने, अस्पताल, आश्रमहरूमा भेट्न जाने, परिवारमा कसैको मृत्यु हुँदा तिनीहरूलाई सान्त्वना दिन जाने गर्न सक्छौं । अस्पतालमा कुरूवा बस्नु भएकाहरूलाई खाना लिएर जाने; त्यसमा कुनै ख्रीष्टियान पर्चाहरू वा सत्यवाणीका कापीहरू लिएर जान सक्छौं । सिकिस्त बिरामीको कुरूवाहरू लगाएत भेटघाट गर्न आउने आगन्तुकहरूका निम्ति बिहानको नास्ताको लागि राती नै केही बिस्कुट तथा खाजाहरू लिएर जान सक्छौं । तपाईको स्थानीय मण्डलीको जानकारी भएको केही कार्ड र पर्चाहरू छोडेर आउन सकिन्छ ।
- सेवाकाई र संगती जाने जो कोहीलाई पनि तपाईले उहाँहरूका आवश्यकतामा केही आर्थिक सहायता गर्न सक्नुहुन्छ । यसरी तपाइको धार्मिकता जम्मा हुँदै जान्छ (फिलिप्पी ४:१५-१७) । महिलाहरूले प्रचारक वा सेवाकाईमा जाने ब्यक्तिको पत्नीलाई उनको काममा सहयोग होस् भनी आवश्यकतामा खर्च गर्नको निम्ति केही आर्थिक रकमको सहायता दिन सक्छन् ।
- ख्रीष्टियान महिलाहरूले सेवाकाईमा जाने ब्यक्तिहरूलाई पढ्दा लगाउने

चस्मा, जुत्ता, सिकाउने सामग्रीहरू, चार्ट पेपरहरू, बाइबलका कथा, पुस्तकहरू, रंगहरू, चित्र भएका पुस्तकहरू, केही प्राथमिक उपचारका सामग्रीहरू लगायत अति आवश्यक औषधीहरू दिएर सहायता गर्न सक्छन् ।

- मण्डलीको कार्यमा सहायता गर्नुहुने अन्य मण्डलीहरू लगायत परिवारहरूलाई पनि सम्झिरहेका छन् भन्ने कुरा याद दिलाउनको निम्ति समय-समयमा कार्डहरू पठाएर हौसला दिनुहोस् ।
- सानो केटाहरूलाई प्रचार गर्नमा पनि सहायता गर्न सक्छौं । ४-५ वर्ष उमेरका केटाहरूलाई उनीहरूले भरेको रंगको चित्रहरूबाट पाठहरू उठेर भन्न लगाउने । यसो गर्दा तिनीहरूले पनि सुसमाचार प्रचार गर्दैछन् भनी सोच्नेछन् ।
- सेवाकाई गर्ने मानिसहरूका साथ कोही जवान ब्यक्तिहरू पनि साथमा जान्छन् भने तिनीहरूको साथमा केही सिकाउने सामग्रीहरू, बालबच्चाहरूका निम्ति केही कोसेलीहरू, टाँस्ने कण्ठस्थ पदहरू साथमा पठाउन सकिन्छ । लगेका सामग्रीहरू जहिले पनि स्थानीय मण्डलीहरूलाई छोडेर आउनुपर्छ ताकि तिनीहरूले पछि प्रयोग गर्न सक्छन् ।
- स्थानीय मण्डली लगायत अरू स्थानहरूमा बाइबल गोष्ठी भइरहेका छन् भने स्त्री दिदी बहिनीहरू ती ठाउँहरूमा गएर विशेष कक्षाहरूमा सहभागी भई आत्मिकी हौसला प्राप्त गर्न सकिन्छ । कहिलेकाहिँ ती कार्यक्रमहरूमा खाना पकाउनमा सहायता गर्ने, सरसफाइका कामहरूमा सहायता गर्न सक्छन् ।
- जवान भाइ बहिनीहरूलाई सेवाकाईको काममा सहभागी हुन प्रोत्साहन दिन सकिन्छ ।
- यदि तपाई बृद्ध हुनुभएको छ र मैले कुनै सहायता गर्न सक्दिन् भनी सोच्नुहुन्छ भने पनि तपाईले गर्न सक्ने कुरा जहिले पनि केही न केही अवश्य हुन्छन् । सेवाकाईमा जाने ब्यक्तिहरूलाई केही वचनका कार्डहरू पठाएर हौसला दिन सक्नुहुन्छ ।


सुसमाचार फैलाउनको निम्ति दिदी बहिनीहरूले गर्न सक्ने कार्यहरू धेरै छन् । आउनुहोस् ती कार्यहरू गर्नको निम्ति उत्साह दिऔं ।

❁


तपाईं कसरी नाच्नुहुन्छ?
१. हे सारा पृथ्वीका मानिस हो, परमप्रभुको जयजयकार मनाओ ।
२. आनन्दसाग परमप्रभुको आराधना गर, हर्षका गीत गाउँदै उहाँको सामुन्ने आओ ।
३. परमप्रभु नै परमेश्वर हुनुहुन्छ भनी जान । उहाँले नै हामीलाई बनाउनुभयो, र हामी उहाँकै हौं, हामी उहाँका प्रजा र उहाँको खर्कका भेडाहरु हौं ।
४. उहाँको भवनका द्वारहरुभित्र धन्यवादसाथ पस, र प्रशंसा गर्दै उहाँको मन्दिरमा प्रवेश गर । उहाँलाई धन्यवाद चढाओ, र उहाँका नाउँको प्रशंसा गर ।
५. किनभने परमप्रभु भला हुनुहुन्छ, र उहाँको करुणा सदाकाल रहन्छ । उहाँको विश्वसनीयता पुस्तादेखि पुस्तासम्म रही नै रहन्छ ।
(भजनसंग्रह १००:१-५)

# तपाईको बाँकी जीवनभर प्रभुभोज प्रत्येक हप्ताको पहिलो दिन लिनु

*- इ्यानी बोग्स*



पहिलो शताब्दीमा येशूका चेलाहरू हप्ताको पहिलो दिन रोटी भाँच्नको निम्ति भेला हुन्थे (प्रेरित २०:७) । तिनीहरूले प्रेरितहरूका मार्ग निर्देशनको अधिनमा रही प्रत्येक आइतबार प्रभुभोज लिने गर्थे । यो सत्य तथ्य हो भनी तपाईले स्वीकार गर्नुपर्छ ।

"किनकि प्रभुबाट मैले जे पाएँ, सो तिमीहरूलाई सुम्पिदिएँ, अर्थात, जुन रात उहाँ पक्राउ पर्नुभयो, त्यो रात प्रभु येशूले रोटी लिनुभयो, र धन्यवाद दिनु भएपछि उहाँले त्यो भाँच्नुभयो, र भन्नुभयो, 'यो तिमीहरूका निम्ति मेरो शरीर हो । यो मेरो सम्झनाको निम्ति गर ।' त्यसै गरी खाएपछि उहाँले कचौरा लिएर यसो भन्नुभयो, 'यो कचौरा मेरो रगतमा भएको नयाँ करार हो । जहिले-जहिले तिमीहरू यो पिउँछौ, मेरो सम्झनामा यो अक्सर गर ।' किनभने जहिले-जहिले तिमीहरू यो रोटी खान्छौ र यस कचौराबाट पिउँछौ, उहाँ नआउञ्जेल तिमीहरू प्रभुका मृत्युको घोषणा गर्दछौ" (१ कोरिन्थी ११:२३-२६) ।

येशूको मृत्युलाई स्मरण गर्नको निम्ति हामी रोटी खान्छौं र दाखरस पिउँछौं । उहाँले हाम्रो निम्ति आफ्नो शरीरसित के गर्नुभयो भन्ने कुराको हामी स्मरण गर्छौं । उहाँले आफ्नो रगतसित के गर्नुभयो भन्ने कुराको हामी स्मरण गर्छौं । भेलामा उपस्थित हुँदा हामी सबैले उहाँको मृत्युको

घोषणा गर्छौं । उहाँ अहिले स्वर्गमा हुनुहुन्छ र फेरी आउँदै हुनुहुन्छ भन्ने कुरालाई जानेर हामी यो घोषणा गर्दछौं ।

"यसकारण जसले अयोग्य रीतिले प्रभुको रोटी खान्छ, कि प्रभुको कचौरबाट पिउँछ, त्यो मानिस प्रभुको शरीर र रगतलाई अपवित्र तुल्याएकोमा दोषी ठहरिनेछ । हरेक मानिसले आफूलाई जाँचोस्, अनि मात्र त्यसले रोटी खाओस् र कचौराबाट पिओस् । किनकि प्रभुको शरीरलाई नचिनीकन जसले खान्छ र पिउँछ त्यसले त्यो खाएको र पिएको कारणले आफूमाथि दण्ड ल्याउनेछ । यसैकारण तिमीहरूमध्ये धेरै जना दुर्बल र रोगी छौ, र कति जनाचाहिँ मरिसकेका छन् । तर हामी साँच्चै आफैले आफैलाई जाँचेका छौं भने हामी न्यायमा पर्नेछैनौं । तर जब प्रभुले हाम्रो न्याय गर्नुहुन्छ, तब हामीलाई ताडना दिनुहुन्छ, ताकि संसारमा हामी दोषी नठहरिऔं" (१ कोरिन्थी ११:२७–३२) ।

प्रभुभोज सामान्य भोजन होइन् । यसले शारीरिक भोकलाई सन्तुष्ट गर्दैनन् । ख्रीष्टको शरीर र रगतबारे गम्भीर विचार गरेको छैनन् भने प्रभुभोज अर्थहिन हुन्छ । प्रभुभोज आफैले आफैलाई जाँच गर्ने समय हो । उहाँ मेरो निम्ति मर्नु भयो । यसले विगतको सात दिनलाई के फरक पार्‍यो? यसले आउने अर्को सात दिनलाई के फरक पार्नेछ? यसले वर्तमान क्षणलाई कस्तो फरक पार्दैछ?

प्रभुभोजप्रतिको बेवास्ता स्वभावले जीवनको स्वभावमा पनि त्यस्तै कुराहरू बाँधिन पुग्छ । यदि मैले प्रभु भोजको निम्ति समय दिइँन भने वा प्रभुभोजको निम्ति वर्तमान समयमा यसप्रति इच्छा देखाएँन भने वा सोचविचार पूर्वक मैले मेरो हृदय र मनलाई यसमा सम्लग्न गर्न अनुशासनमा राखिँन भने म कमजोर हुन्छु, म विरामी हुन्छु, म पहिले नै आत्मिकरूपमा मरिसकेको हुन्छ ।

आफैले आफैलाई जाँच्ने कुरा वास्तवमै प्रभुको इन्साफको निम्ति आमन्त्रण हो । यसले मलाई अहिले अनुशासनमा राख्छ । म आज नै उहाँलाई रोग पत्ता लगाउन र निको हुन अनुमति दिन्छु । नत्र होइन भने म पनि एक दिन संसारसित दोषको भागीदार हुन्छु ।

हामी सम्झना, घोषणा र आत्मनिरिक्षणको निम्ति खान्छौं र पिउँछौं । हामीले याद गर्नुपर्छ । हामीले घोषणा गर्नुपर्छ । हामी आफैले जाँच्नुपर्छ ।

आत्मिक स्वस्थको निम्ति उत्कृष्ट तरीकाद्वारा परमप्रभुले उहाँको भोजलाई शुत्रबद्ध गर्नुभयो । सबैभन्दा उत्कृष्ट परिणामको निम्ति महान प्रचारकले भनेको थियो, "तपाईको बाँकी जीवन भरको निम्ति प्रभुभोज प्रत्येक हप्ताको पहिलो दिन लिनु ।"

# आगोसित खेल्दै

- *रिक कनिङ्घम*



मोशाको ब्यवस्थाको पहिलो पूजाहारी मोशाको दाजु हारून थियो । हारूनले एलिशिबालाई विवाह गरे । तिनीहरूका नादाब, अबीहू, एलाजर र ईथामार चार सन्तानहरू भए । तिनीहरूका सन्तान पनि पूजाहारी भए ।

मोशा सिनै पर्वतमा उक्लेर परमेश्वरसित भेट गरेर करारको सम्झौता प्राप्त गरे । तर हारून, नादाब, अबीहू र इस्रायलका हरेक कूलबाट ६ जना मानिसहरू परमेश्वरलाई हेर्नको निम्ति वा विशेषरूपमा परमेश्वरको उपस्थितिको स्थान हेर्नको निम्ति पहाडमा उक्ले । मोशाले प्रस्थान २४:९-११ मा यसो लेख्दछः "त्यसपछि मोशा, हारून, नादाब, अबीहू र इस्रायलका धर्म-गुरुहरूमध्ये सत्तरी जना माथि उक्ले, र इस्रायलका परमेश्वरलाई देखे । उहाँका खुट्टामुनि नीरले छापेको, आकाशजस्तै सफा भएको पेटीजस्तो



थियो । तर उहाँले इस्रायलीहरूका नाइकेहरूका विरूद्धमा आफ्नो हात उठाउनुभएन, र तिनीहरूले परमेश्वरलाई देखे र खानपान गरे ।" त्यसैले परमेश्वरको उपस्थितिमा सिनै पर्वतमा नादाब र अबीहू लगायत थोरै मानिसहरूले खानपान गरे, तर परमेश्वरले तिनीहरूका विरूद्धमा आफ्नो हात उठाउनुभएन् । तैपनि, परमेश्वरले पछि नादाब र अबीहूको विरूद्धमा आफ्नो हात उठाउनुभयो ।

यी दुइजना पूजाहारीहरू पवित्र वासस्थानमा काम गर्दै थिए । आराधनामा धुपौरो बाल्न तिनीहरूले आफ्नो-आफ्नो धुपौरोमा आगो भरिरहेका थिए । आगो वेदीबाट लिनुपर्थ्यो भनी परमप्रभुले आज्ञा गर्नुभएको थियो । तर नादाब र अबीहूले अधिकार नगरेको आगो प्रयोग गरे । मोशाले लेवी १०:१,२ मा लेख्दछ, "हारूनका छोराहरू नादाब र अबीहूले आफ्नो-आफ्नो धुपौरो लिएर त्यसमा आगो भरे, र त्यस आगोमा धूप हालेर परमप्रभुले आज्ञा नगर्नुभएको आगो हालेर उहाँको सामु चढाए । यसकारण त्यतिखेर परमप्रभुबाट आगो निस्केर उनीहरूलाई भस्म पाऱ्यो, र उनीहरू परमप्रभुको सामु मरे ।" अधिकार नगरेको आगो, वा अधिकार नगरेको कुनै पनि आराधनाका क्रियाकलापहरू परमेश्वरको निम्ति अपमानजनक कुरा हो ।

परमेश्वरको नजिक जान चाहने सबैको निम्ति यो बाइबलीय कथा चेतावनीको रूपमा दिएको छ । मानिसले के गर्नुपर्छ भन्ने कुरालाई परमेश्वरले निर्देशन गर्नुहुन्छ । परमेश्वरले आज्ञा गर्नुभएका कुराहरूभन्दा कुनै पनि कुरा थप्नु भनेको परमेश्वरको विरूद्धमा जानु हो । नादाब र अबीहूबाट हामीले यो पाठ सिक्यौं । जसले अधिकार नदिएको आराधनाका क्रियाकलापहरूलाई कार्यान्वयन गर्छन्, तिनीहरू आगोसँग खेल्दैछन् ।

❀

# सत्यतामा आराधना

*- सेसिल मे, जुनियर*



"अनुग्रह र सत्यता येशू ख्रीष्टद्वारा आए" (यूहन्ना १:१७) । "सच्चा आराधकहरूले पितालाई आत्मा र सत्यतामा आराधना गर्नेछन्" (यूहन्ना ४:२३) । के यहाँ प्रयोग गरेको सत्यताको अर्थमा केही सम्वन्ध छ?

"आत्मा र सत्यतामा" आराधना गर्नु भन्नाले "हृदयबाट (आत्मामा) आराधना गर्ने" र "धर्मशास्त्रले मार्गदर्शन गरे (सत्यता) अनुसार आराधना गर्ने भनी धेरैले त्यसरी नै बुझेका हुन्छन् । तैपनि सन्दर्भ अनुसार विगतका करारसित विपरीत जनाउँछ । पुरानो करारको आराधनामा हृदयदेखि साँचो बलिदान र परमेश्वरले धर्मशास्त्रमा मार्गदर्शन दिए अनुसारको माग हुन्थ्यो । मोशाको व्यवस्थाको साथसाथै येशूको व्यवस्थामा पनि विभिन्न तरीकाबाट अनुग्रह र सत्यता दुवै प्रमाण भएको छ । त्यसो भए के चाहिँ

फरक कुरा छ? आत्मा र सत्यताको धर्मशास्त्रीय प्रयोगले शायद यहाँ विशिष्टरूपमा पुरानो करारसित विषमता देखाउँछ ।

**नयाँ नियममा आत्माको प्रयोगको उदाहरणहरू**

"किनकि परमेश्वरलाई आत्मामा पुज्ने र ख्रीष्ट येशूमा गर्व गर्ने र शरीरमा भरोसा नराख्ने साँचो खतना हामी नै हौं" (फिलिप्पी ३:३) । पुरानो करार "अक्षर" हो र नयाँ करार "आत्मा" हो (२ कोरिन्थी ३:४–११) ।

**नयाँ नियममा सत्यताको प्रयोगको उदाहरणहरू**

मोशाको व्यवस्थामा पूजाहारीपन र बारम्बार डोऱ्याइरहेका बलिदानहरू छाँया वा आकृतिहरू थिए । ख्रीष्टको पूजाहारीपन र एकचोटीको बलिदान सदाको बलिदान वास्तविकता र साँचो हो (हिब्रू ८:२; ९:२२) । मोशाले मन्ना दिए; साँचो रोटी ख्रीष्ट हुनुहुन्छ (२ कोरिन्थी ३:४–११) ।


यी कुराहरूलाई प्रयोग गरिसकेपछि आत्मामा आराधना गर्नु भन्नाले नयाँ करार अनुसार आराधना गर्नु हो, जुन आत्मा हो । पुरानो करारको अक्षर र शरीर अनुसारको आराधना होइन् । सत्यतामा आराधना गर्नु भन्नाले नयाँ करारको यर्थाथ अनुसार आराधना गर्नु हो, जुन पुरानो करारको छाँया र आकृति अनुसार होइन् ।

मोशालाई दिएको व्यवस्था साँचो थियो । यो अर्थमा होइन कि त्यसमा कुनै झुट थिएन् । तर येशू ख्रीष्टले छाँयाको स्थानमा सत्यता ल्याउनुभयो । अब येशू आउनु भएको छ, त्यसैले शारीरिक बलिदानहरू, लेवी संस्कारको विस्तार, सुगन्धित धुपौरोहरू, मन्दिरभित्रको सांगितिक दलहरू, गवैयाहरू, सबै ख्रीष्टको एक चोटीको बलिदानद्धारा, हाम्रा प्रशंसाको बलिदानद्धारा, हाम्रा ओठको फल र हाम्रा भलाइको काममा स्थापित भए (हिब्रू १३:१५,१६) ।

❁

"सच्चा आराधकहरुले पितालाई आत्मा र सत्यतामा आराधना गर्नेछन् ।"
(यूहन्ना ४:२३)

# प्रसन्न हृदय असल औषधी हो- हितोपदेश १७:२२





अगुवाः यूहन्ना आज तिमी जवान संगतिमा ढिलो आएको?

यूहन्नाः बाटोमा आउँदै गर्दा बाइक बिग्रिएकोले गर्दा हो ।

अगुवाः त्यसो भए बसमा आउन सक्दैन थियो त?

यूहन्नाः म त आउने थिएँ अगुवा बुबा तर तपाईको छोरी आउन तयार थिइनन् ।

.................................................................................

अगुवाः यहूदीहरू मिश्र देशबाट ४० बर्षसम्म किन पैदल हिड्नु पऱ्यो?

एक जना विश्वासीः त्यति खेर गाडीहरू पाइदैन थियो होला ,त्यसैले ।

.................................................................................

बाल संगतिमा नशालु पदार्थको असरबारे पढाइसकेपछि शिक्षकले विद्यार्थीहरूलाई एउटा प्रश्न गर्नुभयो?

शिक्षकः भन त भाइ बहिनीहरू कुन चिजमा सबभन्दा बढी नशा हुन्छ?

एक जनाले भन्योः सर बाइबलमा ।

शिक्षकः रिसाउँदै भन्यो कसरी?

त्यसले जवाफ दियोः सर, हामीले बाइबल पल्टाएर पढ्ने बित्तिकै निन्द्रा लाग्छ, त्यसैले ।

.................................................................................

श्यामः ल भन त दिपक भालुको कपाल किन लामो हुन्छ?

दिपकः जंगलमा हजाम नभएर, त्यसैले ।

छोराः बुबा, यदि हाम्रा विश्वासीहरू अर्को मण्डलीमा संगति गर्न गए भने तपाई के भन्नुहुन्छ?

बुबाः तिनीहरूलाई अल्पविश्वासी भन्छु ।

छोराः बुबा, यदि अरू मण्डलीका विश्वासीहरू हाम्रो मण्डलीमा आए भने तपाई के भन्नुहुन्छ?

बुबाः तिनीहरूलाई हृदय परिवर्तन भएको भन्छु ।

.................................................................................

आफ्नी आमासित दुःख पोख्दै छोरीले भनीः आमा म त अब जवान संगतिमा जान्न् ।

आमाः किन के भयो?

छोरीः बाटोमा जाँदै गर्दा केटाहरूले मलाई जिस्क्याएर हैरान पार्छन् ।

आमाः धेरै बहाना नबनाऊ है, म पनि त त्यहि बाटो भएर दिनहुँ संगति जान्छु । तर मलाई आजसम्म कसैले जिस्क्याएको छैनन् ।

.................................................................................

एउटा मण्डलीमा जहिले पनि कसै न कसैको जुत्ता हराउथ्यो । त्यसपछि एउटा ५,००० पर्ने महँगो जुत्ता फुकालेर त्यो जुत्तामाथि एउटा कागजको टुक्रामा यस्तो लेखेर टाँसेको रहेछ, 'मेरो जुत्ता कसैले चोर्ने हिम्मत नगर्नुहोस्, म बक्सिङ्गमा वल्ड च्याम्पियन हुँ ।' संगति सकिएपछि उसको जुत्ता हरायो । तर चोरले त्यो जुत्ता राखेको ठाउँमा एउटा कागजमा यस्तो लेखेर छोडेछ, 'मलाई पक्रने कोशिस नगर्नू होला, म दौडनमा वल्ड च्याम्पियन हुँ ।'

# नरक हाँसउठ्दो कुरा होइन् ।

*- चाल्स बक्स*

केही दिन अगाडी एउटा भोजनालयमा दुइ जना मानिसहरू मेरो पछाडी बसेर कुरा गरिरहेका थिए । ती मध्ये एक जनाले कुनै डरलाग्दो कथा भनिरहेको थियो । मेलै त्यसको केही अंश मात्र सुने । त्यो कथाको अन्तमा मेरो छेउमा बसेको एकजना मानिसले निकै उच्च स्वरले "यो नरक जस्तै हाँसउठ्दो कुरा भयो" भनी भन्यो । प्रायजसो मानिसहरूले प्रयोग गर्ने भाषाद्धारा परमेश्वर, हाम्रो सृष्टिकर्त्ताको अपमान हुन्छ । मानिसले भनेका कुराहरू प्रायजसो अज्ञानतामा हुन्छन् । यदि त्यो कथा नरक जस्तै हास्यास्पद थियो भने पनि त्यो मानिसले प्रयोग गरेको भनाइ अनभिज्ञ थियो । उसले भन्दै थियो कि यो डरलाग्दो कथा थियो; तर वास्तवमा कुनै पनि कथा नरक जत्तिकै डरलाग्दो हुँदैनन् । अनन्त पीडा दिने स्थान नरक हो (लूका १६:२४) । नरक अनन्त अग्नी कुण्डको स्थान हो (मत्ती २४:४१) । नरक त्यो आगो हो जुन कहिल्यै पनि निभ्दैन् (मर्कूस ९:४६) । "नरक जस्तै हास्यास्पद" भन्ने शब्द कहिल्यै पनि सुन्नमा राम्रो लाग्दैनन् ।

ख्रीष्टियानहरूले बकवास तरीकाद्धारा यस्तै अरू अभिब्यक्त गर्ने शब्दहरू प्रयोग नगर्दा उपयुक्त हुन्छ । जस्तै, "हे परमप्रभु मेरा परमेश्वर, तपाईमा नै म शरण पर्छु । मेरो खेदो गर्नेहरू सबैबाट मलाई बचाउनुहोस् र छुटाउनुहोस्" (भजन संग्रह ७:१) । "हे मेरा परमेश्वर" भन्ने अभिब्यक्तलाई श्रद्धाको रूपमा प्रयोग गरेको हो भने यो प्रशंसनीय भनाइ हो । दुर्भाग्यवश मानिसहरूले स्वर्गीय परमेश्वरको निम्ति सम्मान र श्रद्धाविना "हे मेरा परमेश्वर" भनी उच्चारण गर्दछन् वा लेख्ने गर्दछन् । आउनुहोस् यसलाई राम्रो गर्ने संकल्प गरौं ।

"दोष" वा "गधा" शब्दहरूलाई हामीले उचित तरीकाले प्रयोग गर्नुपर्छ । यदि हामीले "दोष" शब्दलाई प्रयोग गर्छौ भने त्यसको पछाडी केही कारण हुनुपर्छ । यदि होइनन् भने हामीले यो शब्दलाई निन्दा दिने अर्थमा प्रयोग गरिरहेका हुन्छौं । "विश्वास गर्ने र बप्तिस्मा लिनेले उद्धार पाउनेछ, तर विश्वास नगर्ने दोषी ठहरिनेछ" (मर्कूस १६:१६) ।

यदि तपाईले "गधा" शब्द प्रयोग गर्दै हुनुहुन्छ भने तपाईले किङ्ग जेम्स संस्करणलाई प्रयोग गर्नु हुँदा त्यो पदलाई राम्रोसँग पढ्नुहुन्छ । त्यो पदमा तपाईले गधालाई जनावरको अर्थ लगाएको पाउनुहुन्छ । येशूले भन्नुभयो, "तिमीहरू सामुन्नेको गाँउमा जाओ । त्यहाँ पुग्ने बित्तिकै तिमीहरूले एउटा गधा र त्यसको बछेडो बाँधिएका भेट्टाउनेछौं । तिनलाई फुकाएर मकहाँ ल्याओ" (मत्ती २१:२) । त्यस्तो शब्दहरू प्रयोग गर्नुभन्दा पहिला त्यो शब्दले परमेश्वरको कति अपमान हुन्छन् भन्ने कुरा सोच्नुहोस् ।

मानिसहरूका बीचमा हृदयको चिन्ता निकै नै गम्भीर कुरा हो । मानिसहरूले आत्मिकी कुराहरूमा पनि अश्लील भाषाहरू प्रयोग गरी तर्क दिने गर्दछन् । यसरी आत्मिकी कुराहरूमा पनि श्राप र अश्लील भाषाहरू तपाईको हृदयबाट नै आउँछन् । "असल मानिसले आफ्नो हृदयको असल भण्डारबाट असलै थोक निकाल्दछ, र दुष्ट मानिसले आफ्नो हृदयको दुष्ट भण्डारबाट दुष्ट थोक नै निकाल्दछ । किनकि जुन कुराले हृदय भरिएको हुन्छ, मानिसको मुखबाट त्यही निस्कन्छ" (लूका ६:४५) ।

मानिसहरूका हृदयबाट पूर्णरूपले श्राप दिएका र अश्लील भाषाहरू प्रयोग गरेका संगीतहरू सुन्ने, टेलिभिजन कार्यक्रमहरू र चलचित्रहरू हेर्ने कुराहरूलाई परमेश्वरका जनहरूले बन्द गर्नैपर्छ । ख्रीष्टमा भएकाहरू सबै नयाँ सृष्टि हुन् । "यसकारण कोही ख्रीष्टमा छ भने त्यो नयाँ सृष्टि हो । पुरानो बितिगएको छ, हेर नयाँ आएको छ" (२ कोरिन्थी ५:१७) ।

ख्रीष्टियानहरू परिवर्तन भएका छन् । "यसकारण भाइ हो, परमेश्वरको कृपालाई ध्यानमा राखी म तिमीहरूलाई अनुरोध गर्दछु, कि तिमीहरूको आत्मिक उपासनाको रूपमा आ-आफ्ना शरीरलाई पवित्र र परमेश्वरलाई ग्रहणयोग्य हुने जिउँदो बलिको रूपमा अर्पण गर । यस संसारको ढाँचामा नचल, तर आफ्नो मनमा नयाँ भई पूर्ण रूपले परिवर्तित होओ, र परमेश्वरको असल, ग्रहणयोग्य र सिद्ध इच्छा के हो, त्यो तिमीहरूले जाँच्न सक" (रोमी १२:१,२) । के तपाईको जिब्रो नयाँ र परिवर्तन भएको छ? ख्रीष्टियानहरूका जीवनमा अशिष्ट र अश्लील भाषाहरूको कुनै स्थान छैनन् । के तपाईको मुखबाट निस्केका शब्दहरूले येशूको महिमा हुन्छ? "किनकि तिम्रा वचनहरूले तिमी निर्दोष ठहरिनेछौ, र तिम्रा वचनहरूले

तिमी दोषी ठहरिनेछौं" (मत्ती १२:३७) ।

**ख्रीष्टियान हुनको निम्ति...**

- **वचन सुन्नुहोस्ः** "...अगमवक्ताहरूका पुस्तकमा लेखिएको छ । प्रत्येक जसले पिताबाट सुन्छ र सिक्छ त्यो मकहाँ आउँछ" (यूहन्ना ६:४५) ।
- **परमेश्वर र येशूमा विश्वास गर्नुहोस्ः** "विश्वासविना परमेश्वरलाई प्रसन्न पार्नु असम्भव छ । किनकि जो परमेश्वरको नजीक आउँछ, त्यसले परमेश्वर हुनुहुन्छ र उहाँलाई खोज्नेहरूलाई उहाँले प्रतिफल दिनुहुन्छ भन्ने पक्का विश्वास गर्नुपर्छ" (हिब्रू ११:६) ।
- **आफ्ना पापहरूबाट पश्चात्ताप गर्नुहोस्ः** "यस्तो अज्ञानताका समयलाई परमेश्वरले ध्यान दिनुभएन, तर अब प्रत्येक ठाउँमा सब मानिसहरूलाई पश्चात्ताप गर्ने आज्ञा दिनुहुन्छ । किनकि उहाँले आफूले नियुक्त गर्नुभएका एक जना व्यक्तिद्वारा धार्मिकतामा संसारको इन्साफ गर्नुहुनेछ । उहाँले सबै मानिसहरूलाई यसको प्रमाण दिनुभएको छ" (प्रेरित १७:३०,३१) ।
- **येशूलाई परमप्रभुको रूपमा स्वीकार गर्नुहोस्ः** "यसकारण हरेक जसले मानिसहरूका सामु मलाई स्वीकार गर्छ, म पनि उसलाई स्वर्गमा हुनुहुने मेरा पिताको सामुन्ने स्वीकार गर्नेछु" (मत्ती १०:३२) ।
- **ख्रीष्टमा बप्तिस्मा लिनुहोस्ः** "के तिमीहरू जान्दैनौ हामी सबै, जतिले ख्रीष्ट येशूमा बप्तिस्मा लियौं, उहाँकै मृत्युमा बप्तिस्मा लिएका थियौं? यसकारण बप्तिस्माद्वारा हामी मृत्युमा उहाँसँगै गाडियौं, ताकि जसरी पिताको महिमाद्वारा ख्रीष्ट मरेकाहरूबाट जीवित पारिनुभयो, त्यसरी हामी पनि नयाँ जीवनको मार्गमा हिंडौं" (रोमी ६:३,४) ।

"सारा संसारमा गएर सारा सृष्टिलाई सुसमाचार प्रचार गर । विश्वास गर्ने र बप्तिस्मा लिनेले उद्धार पाउनेछ, तर विश्वास नगर्ने दोषी ठहरिनेछ" (मर्कूस १६:१५,१६) ।

"हे परमप्रभु, मेरो चट्टान र मेरा उद्धारक, मेरो मुखका शब्द र मेरो हृदयका ध्यान तपाईको दृष्टिमा ग्रहणयोग्य होऊन्" (भजनसंग्रह १९:१४) ।

❀

# के तपाईले सन्तुष्ट रहने कुरा सिक्नुभयो?

*- ग्रीली क्रिकप्याट्रिक*

फिलिप्पी ४ अध्यायमा प्रेरित पावलले भेटीको निम्ति धन्यवाद दिदैं उनले मन पराएको मण्डलीलाई यो पत्र अन्त्य गर्दछ । उनको कष्टमा मण्डलीले उनलाई सहायता गरेकोमा पावल निकै खुशी थियो । उनी रोममा कैदी हुँदा उनले तिनीहरूबाट सहायता पाएको थियो । तिनीहरूबाट भौतिक सहायता पाए पनि नपाए पनि पावल सन्तुष्ट थियो भन्ने कुरामा उनी सुनिश्चित थियो । फिलिप्पी ४:११ मा उनले भनेको कुरालाई सुनौं, "खाँचो पऱ्यो भनेर मैले गुनासो पोखाएको होइन, किनभने जुनसुकै परिस्थितिमा भए पनि त्यसमा सन्तुष्ट रहन मैले सिकेको छु ।"

कसरी पावलले यस्तो कुरा सिके? दार्शनिकहरूले ब्याख्या गरेका सिद्धान्तहरूलाई सुनेर? चार वर्षसम्म महाविद्यालयमा अध्ययन गरेर? पुस्तकहरू पढेर वा प्रवचनहरू सुनेर? अवश्य पनि होइन् । उनले यस्तो पाठ अनुभव र उनको जीवनमा ख्रीष्टको शक्तिद्धारा भएर सिके । त्यही कारणले गर्दा कसरी अपमानित हुने र प्रशस्त हुने कुरा उनलाई थाहा थियो । उनमा ख्रीष्टको शक्ति जीवित थियो । ख्रीष्टले उनलाई शक्ति दिइरहेको कारणले गर्दा हो । फिलिप्पी ४:१३ ले भन्दछ, "जसले मलाई शक्ति दिनुहुन्छ, उहाँमा नै म सब कुरा गर्न सक्छु ।" यसलाई अर्को शब्दमा भन्नुपर्दा म प्रशस्ततामा वा थोरै कुराहरूमा पनि सन्तुष्ट हुन सक्छु । प्रशस्तता र अभाव सन्तुष्टिलाई निर्धारण गर्ने कारक तत्वहरू होइनन् । चाहे प्रशस्त होस् या रित्तो अवस्था होस्, वास्तविक कारण भनेको ख्रीष्ट उनमा जीउनुहुन्छ । सन्तुष्ट हुनको निम्ति उनलाई ख्रीष्टले शक्ति प्रदान गर्नुहुन्छ ।

के तपाईले यो सन्तुष्टिको रहस्य सिक्नुभयो? ख्रीष्टको शक्तिले तपाईलाई यस्तो सम्भव बनाउन सक्छन् भन्ने कुरा के तपाईले अनुभवबाट सिक्नुभयो? पावलले तपाई र मलाई भनिरहेको छ कि शान्ति भन्ने कुरा बाहिरी परिस्थितिबाट आकस्मिकरूपमा आउने कुरा होइन् तर यो भित्री आनन्द हो ।

# "...धन्यवादसहित"

*- दान विंकलर*



"कुनै कुरामा चिन्तित नहोओ, तर हरेक कुरामा प्रार्थना र निवेदनद्वारा धन्यवादसहित तिमीहरूका बिन्ती परमेश्वरमा जाहेर होऊन, र समझले नै भियाउन नसकिने परमेश्वरको शान्तिले तिमीहरूका हृदय र तिमीहरूका मनलाई येशूमा रक्षा गर्नेछ" (फिलिप्पी ४:६,७) ।

कस्तो अचम्मको अनुच्छेद! कस्तो राम्रो प्रतिज्ञा! कुनै कुरामा चिन्तित नहोओ । सबै कुराको निम्ति परमेश्वरसँग कुराकानी गर । त्यसपछि, मनको शान्तिको निम्ति तयार होओ, जुन कुरा सम्भव छ भनी तपाईले कहिल्यै पनि सोच्नु भएको छैनन् होला । यो सम्पूर्ण अचम्मको प्रक्रियाको मूख्य साँचो भनेको "धन्यवादसहित" भन्ने योग्यता हो ।

(१) **समस्याहरू?** सबै मानिसको जीवनमा कुनै न कुनै प्रकारका समस्याहरू हुन्छन् । मानिसहरू समस्याबाट भाग्न सक्दैनन् । कसको जीवनमा समस्याहरू छैनन् होला (अयूब १४:१)? कसको जीवन असुरक्षित छैनन्? कसमा राम्रो स्वस्थको चाहना हुँदैनन्? कसको जीवनमा शोकको आँशु छैनन्? कसको जीवनमा तनावग्रस्त सम्बन्धहरू छैनन्? यी सबै कुरा हुँदाहुँदै पनि माथिको पदले हामीलाई कुनै कुरामा चिन्तित नहाओ भनी हौसला दिन्छ । के

चिन्ता लिएर मानिसले आफ्ना समस्याको समाधान गर्न सक्छन्? यदि सक्दैनन् भने चिन्ता लिनु पनि ब्यर्थको हो ।

(२) **<u>प्रार्थना!</u>** "परमेश्वरले हामीभित्र काम गर्ने उहाँको शक्ति अनुसार हामीले मागेको वा चिताएको भन्दा ज्यादै प्रशस्त मात्रामा गर्न सक्नुहुन्छ" (एफिसी ३:२०) । जस्तैः सृष्टि, जलप्रलय, येशूका आश्चर्यकर्महरू आदि । "हाम्रा परमप्रभु महान हुनुहुन्छ, सर्वशक्तिमान् र सर्वज्ञानी हुनुहुन्छ" (भजनसंग्रह १४७:५) । उहाँमा नै हामी हाम्रा हृदयका भावहरू "प्रार्थना र निवेदनद्वारा" चढाउँछौं । हामीमा भएका सबै समस्याहरू परमेश्वरमा हामी प्रार्थनाद्वारा निवेदन गर्छौ । विश्वासीहरूको शक्ति, बल, साधन नै प्रार्थना हो । जब विश्वासीहरूले विश्वासकासाथ प्रार्थना गर्दछन् तब परमेश्वरले यही प्रार्थनाद्वारा काम गर्नुहुन्छ ।


(३) **<u>प्रशंसा!</u>** "हरेक असल दान र हरेक सिद्ध वरदान स्वर्गबाट हो, यो वरदान ज्योतिका पिताबाट आउँछ..." (याकूब १:१७) । जस्तैः जीवन, परिवार, ख्रीष्टियानिटी, आशा इत्यादि । परमेश्वरले हाम्रो निम्ति गर्नुभएका सबै कुराहरूको प्रतिबिम्ब नै कृतज्ञता हो । भविष्यमा पुनः हाम्रा आवश्यकताहरूलाई पुरा गर्न सहायता गर्नुहुन्छ भनी उहाँमा फर्किन सहायता मिल्छ । उहाँले हाम्रो जीवनमा गर्नु भएका सबै कुराहरूको निम्ति हामी निरन्तर प्रशंसा गर्छौं ।

(४) **<u>शान्ति!</u>** परमेश्वरबाट शान्ति आउँछ । जब हामी हाम्रा चिन्ता, समस्याहरूलाई विश्वासकासाथ परमेश्वरमा प्रार्थना गर्दछौं, तब त्यो समस्या र चिन्ता परमेश्वरले लिनु हुन्छ । अनि उहाँले हाम्रो हृदयमा शान्ति दिनुहुन्छ । ममा तिमीहरूलाई शान्ति होस् भनी येशूले भन्नुभयो (यूहन्ना १६:३३) । तर, माथिको अनुच्छेद अनुसार, कसरी हाम्रो हृदयमा यो शान्ति आउँछ? विगतमा परमेश्वरले हाम्रो निम्ति गर्नुभएको कुराहरूलाई धन्यवादसहित सम्झन्छौं । त्यसपछि उहाँमा भरोसा गरी हामी हाम्रो भविष्य हेरेर उत्साहित हुन्छौं र परमेश्वरको शान्तिमा रमाउँछौं ।

(५) **कृतज्ञता** । यसले हिजोको सम्झनाहरूमा रमाउन, आजको कठिनाइहरूलाई सामना गर्न र भोलिका अनिश्चिततामा सपना देख्न सहायता गर्छ । यसकारण, सबै कुराको निम्ति जहिले पनि धन्यवाद दिऔं (एफिसी ५:२०) ।

# चोट लागेका हृदयहरुले स्वर्गबाट मद्दत खोज्दै

*- किथ पार्कर*




अब के गर्ने होला भन्ने बारे तपाईलाई थाहा छैनन् भने त्यस्तो अवस्थामा तपाई के गर्नुहुन्छ? प्रार्थना गर्नुहोस् भनी म तपाईलाई सल्लाह दिन्छु ।

यहि कुरा नेहम्याहले गरेको थियो । के तपाईले यो कथालाई याद गर्नु भएको छ? नेहम्याह राजाको अगि देखापरे । के चाहेको थियो भनी राजाले तिनलाई सोधे? नेहम्याहले जे गरेको थियो त्यो रोचक लाग्दो छ । राजासँग माग्नु अगि उनले प्रार्थना गरे । यो अभिलेखलाई सुनौं । "राजाले भन्नुभयो, 'मबाट तिमी के चाहन्छौं?' मैले स्वर्गका परमेश्वरलाई प्रार्थना

गरें, अनि मैले राजालाई यो जवाफ दिएँ, 'हजूरलाई असल लागे, र म हजूरको निगाह-पात्र भएको छु भने मेरा पुर्खाहरू गाडिएको शहरलाई पुननिर्माण गर्न मलाई यहूदामा पठाइबक्सिओस्" (नेहम्याह २:४-५) ।

कल्पना गर्नुहोस् तपाई राजाको अगि उभिराख्नु भएको छ जसले तपाईलाई प्रश्न सोध्नुभयो । उहाँले तपाईको जवाफ पर्खिराख्नु भएको छ । राजा ब्यस्त हुनुहुन्छ । त्यहाँ लडनु पर्ने लडाइहरू धेरै छन् । जित्नु पर्ने युद्धहरू छन् । विजयी गर्नुपर्ने शहरहरू छन् । तिमी के गर्छौ भनी उहाँले तपाईलाई सोध्दै हुनुहुन्छ ।

नेहम्याहले प्रार्थना गरे । त्यो प्रार्थना लामो थिएन् । आफ्नो मालिकसँग १५ मिनेट बसेर गरेको कुराकानी जस्तो पनि थिएन् । प्यारो परमेश्वर, तपाईलाई यो दिन लगाएत सबै आशिषको निम्ति धन्यवाद भन्ने जस्तो अनुरोधका कुराहरू पनि थिएन् । यो सुहाउँदो कुरा थियो । यसमा मूख्य कुरा थियो । यो छोटो र छिटो थियो । "परमेश्वर सहायता गर्नुहोस् ।" चोट पुगेको हृदयले स्वर्गबाट सहायता मागी रहेको जस्तो थियो ।

के तपाईले कहिल्यै तत्कालै स्वर्गबाट सहायताको महसुस गर्नु भएको छ? हुन सक्छ तपाईले आफ्नो मित्रलाई येशूको बारेमा सिकाउँदै हुनुहुन्छ होला वा आफ्ना मालिकसित कुराकानी गर्दै हुनुहुन्छ वा विश्वासबाट पतन हुनुभएका दाजुभाइलाई फर्काएर ल्याउने प्रयास गर्दै हुनुहुन्छ वा मित्रसँगको असहमतिमा सम्लग्न हुनुभएको छ वा आफ्ना बालबच्चाहरूलाई सल्लाह दिनको निम्ति तपाईलाई बुद्धिको खाँचो परेको हुन सक्छ । त्यस्तो बेला तपाईमा परमेश्वरसँग अति घनिष्ट भएर कुराकानी गर्ने लामो समय नहुन सक्छ । परमेश्वर तपाईले मलाई सहायता गर्नुहोस् । मलाई बुद्धिको आवश्यकता छ भनी अनुरोध गर्नेमात्र समय हुन सक्छ । नेहम्याहले गरे जस्तै तपाईले पनि प्रार्थना गर्नुहोस् । जब सबै कुरा असफल हुन्छ वा उत्तम कुरा आउन बाँकी हुन्छ- कुनै कुरा कोशिस गर्नु अगि प्रार्थना गर्नुहोस् । तपाईमा चोट लागेको हृदय छ भने स्वर्गको सहायताको निम्ति तपाई कोशिस गर्नुहोस्- प्रार्थना गर्नुहोस् ।

तपाई देख्नुहुन्छ कि हाम्रा प्रार्थनाहरू आत्मिक हुनुको निम्ति अनन्तको हुनुपर्दैनन् ।

# प्रोत्साहनका केही वचनहरू

## चिन्ता र फिक्री

"आफ्नो सारा हृदयले परमेश्‍वरमा भरोसा राख्‌ र तेरो आफ्नै समझशक्तिमा भर नपर, आफ्ना सारा मार्गमा उहाँलाई सम्झी, र उहाँले तेरा मार्गहरू सोझा तूल्याइदिनुहुनेछ" (हितोपदेश ३:५-६) ।

"कुनै कुरामा चिन्तित नहोओ, तर हरेक कुराका प्रार्थना र निवेदनद्धारा धन्यवादसहित तिमीहरूका बिन्ती परमेश्‍वरमा जाहेर होऊन्, र समझले नै भियाउन नसकिने परमेश्‍वरको शान्तिले तिमीहरूका हृदय र तिमीहरूका मनलाई येशूमा रक्षा गर्नेछ" (फिलिप्पी ४:६-७) ।

"हे सबै थाकेका र बोझले दबिएका हो, मकहाँ आओ, म तिमीहरूलाई विश्राम दिनेछु । मेरो जुवा आफूमाथि लेओ, र मसँग सिक, किनभने म विनम्र र कोमल हृदयको छु, अनि तिमीहरूले आफ्ना आत्मामा विश्राम पाउनेछौ । किनकि मेरो जुवा सजिलो छ, र मेरो भारी हलुको छ" (मत्ती ११:२८-३०) ।

"तिमीहरूका सारा फिक्री उहाँलाई सुम्पिदेओ, किनकि उहाँले तिमीहरूको वास्ता गर्नुहुन्छ" (१ पत्रुस ५:७) ।

"यसकारण भोलिको निम्ति फिक्री नगर, किनकि भोलिको दिनले आफ्नो फिक्री आफै गर्नेछ । आजको दुःख आजको निम्ति पर्याप्त छ" (मत्ती ६:३४)

"शान्ति म तिमीहरूलाई छोडिराख्छु । म आफ्नो शान्ति तिमीहरूलाई दिन्छु । संसारले दिएजस्तो म तिमीहरूलाई दिंदिन । तिमीहरूको हृदय ब्याकुल नहोस् र भयभीत नहोस्" (यूहन्ना १४:२७) ।

## हौसलाको आवश्यक

"चूर्ण हृदय भएकाहरू सबैका नजीक परमप्रभु हुनुहुन्छ, र निराश भएकाहरूलाई उहाँले बचाउनुहुन्छ" (भजनसंग्रह ३४:१८) ।

"तँलाई मेरो आज्ञा छ, बलियो र खुब साहसी हो, नडरा, निराश नहो, किनकि तँ जहीं गए पनि, परमप्रभु तेरा परमेश्‍वर, तेरो साथमा हुनुहुनेछ" (यहोशू १:९) ।

"हामी जान्दछौं, उहाँलाई प्रेम गर्नेहरू र उहाँका अभिप्रायअनुसार बोलाइएकाहरूका निम्ति हरेक कुरामा परमेश्वरले भलाइ नै गर्नुहुन्छ" (रोमी ८:२८) ।

"तँलाई मेरो आज्ञा छ बलियो र खुबै साहसी हो, नडरा, निरासा नहो, किनकि तँ जहाँ गए पनि, परमप्रभु तेरा परमेश्वर, तेरो साथमा हुनुहुनेछ" (यहोशू १:९) ।

## स्वास्थ्य समस्याहरू

"मेरो तन र मन दुवै विफल होलान्, तर परमेश्वर सदासर्वदाको निम्ति मेरो हृदयको शक्ति र मेरो भाग हुनुहुन्छ" (भजनसंग्रह ७३:२६) ।

"त्यसैले नडरा, किनकि म तँसित छु । निरूत्साहित नहो, किनकि म तेरा परमेश्वर हुँ । म तँलाई बलियो पानेछु । म तँलाई सहायता गर्नेछु । मेरो धार्मिकताको दाहिने हातले म तँलाई समात्नेछु" (यशैया ४१:१०) ।

"तिमीहरूको शरीर पवित्र आत्माको मन्दिर हो, जुन पवित्र आत्मा तिमीहरूले परमेश्वरबाट पाएका छौ, र उहाँ तिमीहरूभित्र वास गर्नुहुन्छ भन्ने के तिमीहरूलाई थाहा छैन? तिमीहरू स्वयम् आफ्नै होइनौ । तिमीहरू मोल तिरेर किनिएका हौ । यसकारण तिमीहरूका शरीरमा परमेश्वरको महिमा गर" (१ कोरिन्थी ६:१९,२०) ।

## अशुभ समाचार प्राप्त हुँदा

"मैले तिमीहरूलाई यी कुरा यस हेतुले भनेको छु, कि ममा तिमीहरूलाई शान्ति होस् । संसारमा तिमीहरूलाई संकट हुनेछ, तर साहस गर, मैले संसारलाई जितेको छु" (यूहन्ना १६:३३) ।

"धर्मीजन कहिले पनि डगमगाउँदैन, त्यसको सम्झना सदासर्वदा रहनेछ । अशुभ समाचारले त्यो कहिले पनि डराउँदैन, परमप्रभुमा भरोसा गरेर त्यसको हृदय स्थिर रहन्छ" (भजनसंग्रह ११२:६-७) ।

"तर उहाँले मलाई भन्नुभयो, 'मेरो अनुग्रह तेरो निम्ति पर्याप्त छ, किनभने मेरो शक्ति दुर्बलतामा नै सिद्ध हुन्छ ।' यसकारण ख्रीष्टको शक्ति ममाथि वास गरोस् भनेर म बरू मेरो दुर्बलतामा बढी खुशीसाथ गर्व गर्नेछु" (२ कोरिन्थी १२:९) ।

# "बच्चालाई तालिम दिनुहोस्"

*- डेन आर ओवेन*



हितोपदेश २२:६ पदको प्राचीन सत्यवाद भनाइले बालबालिकाहरूलाई हुर्काउने बिषयमा संक्षेप बुद्धि प्रदान गर्छ । "तालिम दिनु" भन्ने अनुवाद गरेको शब्दले कसैलाई केही कुरामा अभ्यस्त हुन लगाउँछ भन्ने अर्थ लाग्छ । यसमा विशिष्ट तरीकाबाट अभ्यास गर्ने, काम दोहोऱ्याउने, अर्ती दिने, सच्याउने, उदाहरण दिने, र समय दिने जस्ता कुराहरू सम्लग्न हुन्छन् । यस्तो प्रकारको तालिमले कसैलाई ईश्वरीय मार्गहरूमा अभ्यस्त बनाउँछन् ताकि उनलाई जुन कुरा तालिम दिएको थियो त्यो प्रसिद्ध मार्गमा हिँड्दा उ सही हो भनी ठान्छ र अरू त्यो मार्गमा नहिडेको देख्दा अरू गलत जस्तो लाग्छ । त्यसकारण त्यो प्रसिद्ध मार्गलाई फेरी खिच्नुहोस् । सबै अभिभावकहरूका निम्ति यो चुनौतीपूर्ण कुरा हो । जीवनको फरक चरणमा दिने तालिमले तिनीहरूलाई पृथक बनाउँछ । यी सम्पूर्ण चरणले हाम्रो उपस्थिति र इच्छाको माग गर्दछ ।

"परमेश्वर" शब्दलाई मात्र उल्लेख गरी हामीले हाम्रा बच्चाहरूलाई तालिम दिन्छौं भने त्यो प्रेमको सन्दर्भमा र सृष्टि गरेको कुराहरूलाई

चिनाउनको निम्ति भनिरहेका हुन्छौं । हामीले तिनीहरूलाई प्रार्थना, सेवा आराधना र बाइबल अध्ययन कक्षाको ईश्वरीय भण्डारहरूमा लिएर जान्छौं ताकि तिनीहरूले यसलाई बुझ्न नसकेता पनि यी नित्यकर्मलाई अनुभव गर्न थाल्छन् ।

प्राथमिक बालबच्चाहरूका निम्ति हामीले तिनीहरूलाई तालिम दिँदा नियमित आराधनाको समय तालिका, र सन्डे स्कुल लगायत खाना खाँदा र सुत्नुभन्दा अगि नियमित प्रार्थनाको समय मिलाइदिने, परमेश्वरको बारेमा तिनीहरूलाई जहिले पनि कुराकानी गर्ने, परमेश्वर तिनीहरूको वरपरका कुराहरूमा सम्वन्धित हुनुहुन्छ भनी बताउनुपर्छ । हामीले तिनीहरूलाई परमेश्वरको बारेमा भजनहरू र बाइबलका सरल कथाहरू सिकाएर तालिम दिन्छौं । हामी तिनीहरूको प्रशंसा गर्छौं । असल ब्यवहारको निम्ति परमेश्वरले तिनीहरूलाई स्वीकार गर्नुहुन्छ र खराब ब्यवहारको निम्ति परमेश्वरले तिनीहरूलाई अस्वीकार गर्नुहुन्छ भन्ने कुरा बताउँछौं।

सानो उमेर समुहको निम्ति बाइबलका कथाहरू, बाइबलका तथ्यहरू, र बाइबलका जानकारीहरूलाई देखाएर हामी तिनीहरूलाई तालिम दिन्छौं । हामी तिनीहरूलाई सन्डे स्कुल र आराधनाको नित्यकर्महरूमा निरन्तरतारूपमा लिएर जान्छौं । ब्यक्तिगतरूपमा तिनीहरूलाई धेरै मात्रामा कसरी प्रार्थना गर्ने भन्ने कुरा सिकाउँछौ र सोही अनुरूप तिनीहरूलाई अभ्यास गर्न लगाउँछौं । जब तिनीहरू बढ्दै जान्छन, हामी तिनीहरूलाई आत्मिकी भारहरू पनि बोक्न लगाउँछौं । परमप्रभुको सेवाको निम्ति हामी तिनीहरूलाई हामीसँगै सम्लग्न गराउँछौं । परमप्रभुलाई सबैकुरा दिनुपर्छ भन्ने कुरा हामी तिनीहरूलाई सिकाउन शुरूवाट गर्छौं । हामीले तिनीहरूलाई सच्याउँदै जाँदा सही ब्यवहार नै किन हुनुपर्छ भन्ने बारे हामी तिनीहरूसित कुराकानी गर्छौं ।

किशोर किशोरीहरूका निम्ति हामीमा फरक दृष्टिकोण हुनुपर्छ । जतिबेला तिनीहरू स्वतन्त्र भएर अलग हुने कोशिश गरिरहेका हुन्छन्, त्यतिबेला उनीहरूसँगको कुराकानीको सम्बन्धको समयमा हामीले धेरै मेहनत गर्नुपर्छ । हामीले तिनीहरूलाई प्रचुरमात्रामा प्रष्ट अपेक्षाहरू र सिमानाहरू कोरी स्वतन्त्र प्रदान गर्नुपर्छ । तिनीहरूको ब्यवहारको निम्ति तिनीहरू नै जवाफदेही हुनुपर्छ भन्ने कुरा गर्छौं । हामीले तिनीहरूसँग समय बिताउनुपर्छ । तिनीहरूप्रति हाम्रो प्रेमको आश्वासन हुनुपर्छ । तिनीहरूप्रति हाम्रा सपनाहरू



हामीले तिनीहरूलाई बताइदिनुपर्छ । तिनीहरूले हामीहरूबाट असल उदाहरणहरू देख्नुपर्छ । हामीले गरेका गलत कुराहरूलाई हामीले स्वीकार गरेको तिनीहरूले सुन्नुपर्छ र पश्चात्तापलाई अभिव्यक्त गर्नुपर्छ । परमेश्वरसँगको हाम्रो हिडाइमा हामी इमान्दार छौं भन्ने कुरा तिनीहरूले जान्नुपर्छ ।

वयस्क उमेरका हाम्रा बालबच्चाहरूमाथि हामी निरन्तररूपमा हाम्रो ठूला प्रभाव देखाउँछौं । तिनीहरूको जीवनमा रही सबै असल कुराहरूमा सहयोगी बन्दै हामीले गर्न सक्ने कुराहरूमा सहायता गर्दै जान्छौं । जुन अभिभावकहरूले वयस्क बच्चाहरूसित सकारात्मक सम्वन्ध कायम गर्दछ र ख्रीष्टियानिटीको असल र प्रेमिलो उदाहरण दिन्छन्, ती वयस्क बच्चाहरूको जीवनमा निकै नै शक्तिशाली प्रभाव पर्दछन् । जसरी तिनीहरूले आफ्ना छोराछोरीहरूका बच्चाहरूलाई माया गर्दछन्, तब माया गर्ने हजुरबुबा र हजुर आमाहरूद्वारा यो प्रभाव बढ्दै जान्छ ।

तालिम दिने कुराको अन्त्य कहिल्यै पनि हुँदैनन् भन्ने कुरा अभिभावकहरूले बुझ्नुपर्छ । आमाबुबाहरू बाँचुजेलसम्म तिनीहरूले आफ्ना बच्चाहरूको जीवनमा सकारात्मक आत्मिक प्रभाव लगाइरहनु पर्छ । हामीले हाम्रा बच्चाहरूलाई भन्ने कुरा महत्वपूर्ण हुन्छ किनभने राज्यको बीऊ भनेको परमेश्वरको वचन हो । तर तिनीहरूले हाम्रो जीवनका हरेक चरणमा जे देख्छन् ती कुराहरूले तिनीहरूलाई मार्गदर्शन मिल्छन् जुन अरू कुनै कुरामा हुँदैनन् ।

# पति, पत्नी र बच्चाहरू

- *वेन बेरियर*



ख्रीष्टियान परिवारको निम्ति केही आधारभूत आवश्यकताहरूका नमूना बाइबलले उपलब्ध गरेको छ । जीवनको यो क्षेत्रमा हामीलाई केही भरपर्दो र प्रभावकारी मार्गदर्शनको आवश्यकता पर्दछ । घर परिवारको समस्याहरूका कारणले गर्दा हाम्रो समाजमा पुरूष, महिला र बच्चाहरू दुःखी, कार्य विहीन र अस्वस्थ हुन्छन् । यी समस्याहरूलाई सम्बोधन गर्नको निम्ति हरेक वर्ष दर्जनौ लेखकहरूले नयाँ पुस्तकहरू प्रकाशन गर्ने गर्दछन् । विद्यालयहरूले सहज ब्यवस्थापन कायम गर्न र सजिलै हासिल गर्न सक्ने शैक्षिक गुणस्तर उत्पादनको निम्ति संघर्ष गर्दैछन् । विभिन्न देशहरूमा हरेक वर्ष लाखौं मानिसहरूमा अपराध, हिंसा र गिरोह गतिविधिहरूका प्रभाव परिरहेका छन् । परिवारका सदस्यहरूविचको ब्यवहारिक समस्याहरूद्धारा लाखौं बालबच्चाहरू घरमा संघर्ष गर्दछन् । लागुपदार्थको प्रयोग र त्यसको दुरूपयोगले बहुसंख्यक बालबच्चा र वयस्यकहरू बिग्रदैछन् । कामदारहरूका अभाव, कमजोर स्वभावहरू, अपर्याप्त दक्षता र काममा कमजोर प्रस्तुतिले प्रायजसो सबै आर्थिक क्षेत्रमा कर्मचारीहरूका प्रर्दशन न्यून भएका छन् । यी डरलाग्दो समस्याहरूको जवाफ पाउन गाह्रो छ ।

यी समस्याहरूको कारणले गर्दा हाम्रा समाजमा घरहरू असफल



भइरहेका छन् । केही साधारण पुरानो तरीकाबाट सिकाएको बाइबलको आधारभुत शिक्षाद्वारा हाम्रा घरहरू उत्तम तरीकाले परिवर्तन हुन सक्थ्यो । एफिसी ५ र ६ अध्यायमा सजिलै र प्रत्यक्षरूपले बुझ्न सक्ने पावलको सिकाइलाई विचार गर्नुहोस् । सबै भन्दा पहिला उनले पत्नीहरूलाई एफिसी ५:२२–२४ मा भन्दछ, "पत्नी हो, प्रभुको अधीनमा रहेजस्तै आ-आफ्ना पतिको अधीनमा बस । किनकि पति पत्नीको शिर हो, जसरी ख्रीष्ट मण्डलीको शिर हुनुहुन्छ, जुन मण्डली उहाँको शरीर हो, र उहाँ स्वयम् त्यसको मुक्तिदाता हुनुहुन्छ । जसरी मण्डली ख्रीष्टको अधीनमा छ, त्यसरी नै पत्नीहरू पनि हरेक कुरामा पतिहरूका अधीनमा रहून ।" त्यस्तै गरी एफिसी ५:३३ ले भन्दछ, "...पत्नीले पनि आफ्ना पतिको आदर गरोस् ।" यसको अतिरिक्त तीतस २:३–५ मा पढ्न पाउँछौं, "...यसरी नै वृद्ध स्त्रीहरू आचार-व्यवहारमा श्रद्धालु हुनुपर्छ, बदख्वाई नगर्ने, धेरै मद्यपान नगर्ने हुनुपर्छ भन्ने आदेश देऊ । जे असल छ, तिनीहरूले त्यही सिकाऊन् । तिनीहरूले तरुणीहरूलाई आ-आफ्ना पति र बालबच्चाहरूलाई प्रेम गर्न, र तिनीहरू समझदार, पतिव्रता, घरजम गर्न सक्ने, दयालु, आ-आफ्ना पतिका अधीनमा रहने हुनलाइ तालीम दिऊन, ताकि परमेश्वरका वचनको निन्दा हुन नपाओस् ।" यो प्रचलित नभएको, पुरानो ढंगको, र सामाजिकरूपले पनि सही नभएको अवधारणाहरू हो भनी ठान्छन् । वर्तमान समयमा यो असुहाउँदो छन् र परिवारमा पत्नीको भूमिकामा पनि यो उपयुक्त छैनन् भनी सोच्छन् । तापनि ती वचनहरू परमप्रभु सृष्टिकर्त्ता, पालनहारकर्त्ता र न्यायकर्त्ताका हुन् ।

पतिहरूका निम्ति पावललको सिकाइहरू एफिसी ५:२५–३३ सम्ममा उल्लेख गरेको हामी पढ्न पाउँछौं । जसमा यसरी लेखेको छः-

"पति हो, आफ्ना पत्नीहरूलाई प्रेम गर, जसरी ख्रीष्टले पनि मण्डलीलाई प्रेम गर्नुभयो, र त्यसको निम्ति आफूलाई अर्पण गर्नुभयो, यस हेतुले कि उहाँले त्यसलाई पानीले धोएर वचनद्वारा पवित्र पार्न सकून्, र

उहाँले दाग वा चाउरी नभएको, अथवा यस्ता कुनै कुरा नभइको तेजस्वी मण्डली आफैकहाँ प्रस्तुत गर्न सकून्, र त्यो चाहिँ पवित्र र निष्खोट होस् । त्यसरी नै पतिहरूले पनि आ-आफ्ना पत्नीलाई आफ्नै शरीरलाई झैँ प्रेम गर्नुपर्छ । आफ्नी पत्नीलाई प्रेम गर्नेले आफैलाई प्रेम गर्छ । किनकि कुनै मानिसले कहिल्यै आफ्नो शरीरलाई घृणा गर्दैन, तर त्यसको कदर गरेर पालनपोषण गर्दछ, जसरी ख्रीष्टले पनि आफ्नो मण्डलीको निम्ति गर्नुहुन्छ, किनभने हामी उहाँका शरीरको अङ्ग हौं । यसकारण मानिसले आफ्ना बाबु-आमालाई छोडेर आफ्नी स्वास्नीसँग मिलिरहन्छ, र ती दुवै एउटै शरीर हुनेछन् । यो एउटा गम्भीर रहस्य हो, अनि यो कुरा म ख्रीष्ट र मण्डलीको सम्बन्धमा बोल्दछु । जे भए पनि तिमीहरू हरेकले आफ्नी पत्नीलाई आफैलाई झैं प्रेम गर, र पत्नीले पनि आफ्ना पतिको आदर गरोस् ।"

वर्तमान समयका धेरै विज्ञ र विद्वानहरूद्वारा यी सिकाइहरूलाई अप्रचलित र अतितका कुरा भन्दछन् । धर्मशास्त्रबाट आएका यी अर्तीका वचनहरू परमेश्वरको हो । तिनीहरू मानव असफलता र कमजोरीका विषयहरू होइनन् । परमेश्वर सबै कुरा जान्नुहुन्छ र बुद्धिमानी हुनुहुन्छ ।

एफिसी ६:१-४ ले बालबच्चाहरूका निम्ति केही आधारभूत सिकाइ र अर्तीहरू दिएका छन्, "छोराछोरी हो, प्रभुमा आफ्ना आमा-बाबुको आज्ञापालन गर, किनकि यो उचित हो । आफ्ना बाबु र आमाको मान गर । जो प्रतिज्ञासहितको पहिलो आज्ञा हो, कि तिमीहरूलाई भलो होस्, र पृथ्वीमा तिमीहरू दीर्घायु होओ । बाबु हो, आफ्ना छोराछोरीलाई रीस नउठाओ, तर तिनीहरूलाई प्रभुको अनुशासन र शिक्षामा हुर्काओ ।"

यी अर्तीहरू सरल र आधारभूत कुराहरू हुन् । यदि हामी हाम्रो बैवाहिक जीवन र बालबच्चा हुर्काउने कुरामा सफलता हासिल गर्ने आशा राख्दछौं भने हाम्रो घर परिवारको निम्ति परमेश्वरको योजना र नमूनाहरूलाई हामीले पछ्याउनु पर्छ । जीवनका सबै क्षेत्र र ख्रीष्टियानिटीका महत्वपूर्ण कुराहरूबारे परमेश्वरको वचनमा अरू धेरै कुराहरू उल्लेख गरेका छन् । परमेश्वरको वचन अध्ययन गर्नुहोस् र त्यस वचनले तपाईलाई निर्देशन र आत्मिकी अगुवाई गरून् ।

❁

# विवाह

*- केन टायलर*



विवाह परमेश्वरबाट शुरूवाट भएको एउटा सम्बन्ध हो (उत्पति १:२६-२८; २:१८-२४) । विवाह परमेश्वरको योजना अनुसार हुन्छ भने यो साँच्चै नै सुन्दर सम्बन्ध बन्न जान्छ । एफिसी ५:२२-२३ मा पति र पत्नीको सम्बन्धको उदाहरणलाई लिएर मण्डली ख्रीष्टको दुलहीको रूपमा

जोडिएको छ ।

जबसम्म वैवाहिक सम्वन्ध बिग्रिएको हुँदैनन्, तबसम्म विवाह सुन्दर हुन्छ । दुःखकासाथ हामीले भन्नैपर्छ कि आज धेरैको वैबाहिक अवस्थामा समस्या छन् । मलाई पक्का छ कि तपाईले टुटेको परिवारहरूका उदाहरण एक पछि अर्को दिन सक्नुहुन्छ । घर परिवारको अवस्थामा हामी विचारशिल हुनुपर्छ । यो अवस्थालाई सुर्धानको निम्ति तपाईले केही प्रयास गर्नुपर्छ ।

एम. एफ. म्याक नाइटले विवाहलाई यसरी परिभाषित गर्दछ, "विवाह एउटा यस्तो सम्झौता हो जसमा कुनै पुरूष र महिलाले आफ्नो सम्बन्ध रहेसम्म सम्पूर्ण आपसी जिम्मेवारीहरूलाई स्वीकार गर्दै यहाँसम्म कि सबै मौकाहरूलाई सही अपेक्षा गर्दै घर स्थापना गर्ने उद्देश्यले पति र पत्नीको रूपमा एकैसाथ जिउने मञ्जुरी गर्दछ ।"

परमेश्वरको योजना अनुसारको विवाह भनेको "मृत्युले अलग नगरेसम्म" हुन्छन् भनी हामी सबैले महसुस गर्नैपर्छ । रोमी ७:२-३ लाई पढौंः-

"उदाहरणको लागि, एउटी विवाहित स्त्री उसको पति बाँचुञ्जेल आफ्नो पतिसँग कानूनले बाँधिएकी हुन्छे, तर यदि उसको पति मऱ्यो भने पति सम्बन्धको कानूनबाट ऊ मुक्त हुन्छे । यसै गरी पति जीवित छँदै ऊ अर्को पुरूषसँग बस्न गई भने ऊ व्यभिचारिणी कहलान्छे । तर पति मऱ्यो भने ऊ त्यस कानूनबाट मुक्त हुन्छे, र अर्को पुरूषसँग विवाह गरी भने पनि ऊ व्यभिचारिणी हुँदिन ।"

मत्ती १९:६ मा येशूले भन्नु भएको छ, "ती अब दुइ होइनन्, तर एउटै शरीर हुन्छन् । यसकारण परमेश्वरले जसलाई एकसाथ जोर्नुभएको छ, त्यसलाई कुनै मानिसले नछुट्टयाओस् ।"

जब दुइजनाको विवाह हुन्छ, तिनीहरू मृत्युले अलग नगरेसम्मको निम्ति एक हुन्छ । पति र पत्नी हुनुभन्दा अगाडी हरेक जोडीले यो कुरालाई महसुस गर्नैपर्छ । परीक्षणको रूपमा धेरै मानिसहरू विवाहमा प्रवेश गर्दछन्, र उब्जेका समस्यालाई समाधान गर्नुको सट्टा "हामी मिलेर बस्न सक्दैनौं" भनी तिनीहरूले सरलरूपमा यसो भन्ने गर्दछन् । तिनीहरूले आफ्नो सम्बन्धलाई तोड्छन् । विवाहलाई यसरी हल्का रूपमा लिनु हुँदैन । सम्बन्ध विच्छेदले हाम्रा घर परिवार र हाम्रो देशलाई पूर्णरूपले नष्ट गर्नु अगि हामी उठ्नुपर्छ ।

# आफ्नो जाल हान ।

- *गेरी सी. ह्यामप्टन*



पत्रुसको डुङ्गाबाट येशूले बहुसंख्यक भीडलाई सिकाउनुभयो । त्यसपछि उहाँले पत्रुसलाई भन्नुभयो, "गहिरोतिर लगेर माछा पक्रनलाई आफ्ना जाल हान ।" पत्रुसले जवाफ दियो, "गुरुज्यू, हामीले रातभरि मेहनत गरेर पनि


केही फेला पारेनौं, तापनि तपाईंको वचन अनुसार म जाल हान्नेछु" (लूका ५:४-५) । त्यसको परिणाममा तिनीहरूले एक थुप्रो माछा पक्रे, डुङ्गा माछाले भरे, यहाँसम्म कि डुङ्गाहरू डुब्न लागे ।

हामीले मानिसहरूलाई सिकाउनको निम्ति हाम्रा जालहरू हान्नुपर्छ भनी परमप्रभुले हामीलाई भन्दै हुनुहुन्छ भन्ने गहिरो भाव लुकेको छ । हामीले हाम्रै घर परिवारबाट हाम्रै बालबच्चाहरूलाई बाइबल कक्षाहरू शुरूवाट गर्नु पर्छ । परमेश्वरले इस्राएलीहरूलाई भन्नुभयो, "तिमीहरूले मेरा यी वचनहरू आफ्ना मन र हृदयमा राख । ती आफ्ना हातमा र निधारमा चिन्हहरू स्वरूप बाँध । आफ्नो घरमा बस्दा, बाटोमा हिँडदा, ढल्कँदा र उठ्दा तिमीहरूले तिनीहरूका विषयमा चर्चा गरेर आफ्ना छोराछोरीहरूलाई सिकाओ । आफ्ना घरका द्वारको चौकोस र मूल ढोकाहरूमा ती लेख, ताकि परमप्रभुले तिमीहरूका पूर्वजहरूलाई दिने प्रतिज्ञा गर्नुभएको देशमा तिमीहरू र तिमीहरूका सन्तानहरू पृथ्वीमाथि आकाश रहुञ्जेल चिरायु होऊन्" (व्यवस्था ११:१८-२१) ।

ख्रीष्टियान बुबाहरूले पावलको निर्देशनलाई पछ्याउनुपर्छ । "बाबु हो, आफ्ना छोराछोरीलाई रीस नउठाओ, तर तिनीहरूलाई प्रभुको अनुशासन र शिक्षामा हुर्काओ" (एफिसी ६:४) ।

ख्रीष्टलाई पछ्याउनेहरूले हरेक देशका मानिसहरूलाई चेला बनाउँछन् (मत्ती २८:१८-२०; मर्कूस १६:१५,१६; लूका २४:४६-४८) । हामीले रातभरि मेहनत गरेर पनि केही फेला पारेनौं भनी परमप्रभुलाई प्रलोभनमा पारेर भन्न सक्छौं । यस्तो जिम्मेवारीले राज्यको बिऊलाई छरेर वास्तविक फल उत्पादन गर्ने कुरालाई बेवास्ता गर्दछ (१ कोरिन्थी ३:६,७) । अघिको मण्डलीले यो कुरालाई बुझेको थियो । खेदो सतावट आएता पनि तिनीहरू छरपष्ट भए । "तब ती छरपष्ट भएकाहरूले चारैपट्टि गएर वचन प्रचार गरे" (प्रेरित ८:४) ।

हाम्रा बालबच्चाहरूलाई सिकाउने कुरामा हामी सुनिश्चित होऔं र अरू मानिसहरूलाई सिकाउने अवसर खोजौं । तपाईंले आफ्नो जाल हान्नुहोस् । परमप्रभुले प्रशस्तमात्रामा माछाहरू दिनुभएको होस् भनी प्रार्थना गर्नुहोस् ।



# पाँच मिनेट बाइबल अध्ययन

## परमप्रभुले मलाई चिन्नुहुन्छ ।

(१) "हे परमप्रभु, तपाईले मेरो पारख गर्नुभएको छ, अनि मलाई............। तपाईले मेरो बसाइ र मेरो उठाइ जान्नुहुन्छ, टाढैबाट मेरो................ बुझ्नुहुन्छ" (भजनसंग्रह १३९:१,२) ।

(२) "....तिनीहरुको विचार बुझेर भन्नुभयो, 'तिमीहरु किन आफ्ना........... ....................विचार गर्दछौ?'"(मत्ती ९:४) ।

(३) "तर येशूले आफैलाई तिनीहरुका..................................छोड्नुभएन, किनकि......................हो भनी उहाँ जान्नुहुन्थ्यो । उहाँलाई मानिसको विषयमा कसैले सिकाउनु आवश्यक थिएन, किनकि मानिसको हृदयमा के हुन्छ, सो उहाँ स्वयम्........................ " (यूहन्ना २:२४,२५) ।

(४) "तर तँ कहाँ..................म जान्दछु । तँ बाहिर................र भित्र ................मलाई थाहा छ" (२ राजा १९:२७) ।

(५) "तर तिमीहरुमध्ये कति छन्, जसले................गर्दैनन् । किनभने विश्वास नगर्नेहरु को-को हुन् र उहाँलाई..............दिने को हुनेछ भनी येशूलाई....................नै थाहा थियो" (यूहन्ना ६:६४) ।

(६) "तिनीहरुले यसरी प्रार्थना गरे, 'सबै मानिसका....................कुरा जान्नुहुने प्रभु यी दुइमध्ये तपाईले कसलाई.....................छ सो हामीलाई देखाउनुहोस्" (प्रेरित १:२४)।

(यसको उत्तर पुस्तकको पछाडीको पानामा छ ।)

# तिमीहरू पृथ्वीका नुन हौ ।

– *डेमन भिन्सेन्ट*



मत्ती ५:३-१२ पदहरूमा येशूले स्वर्गीय राज्यको निम्ति चाहिने ख्रीष्टियान चरित्रहरूको बारेमा वर्णन गनुभयो । उहाँले यी पदहरूमा आठवटा धन्यका वचनहरू भन्नुभयो । अब उहाँले ख्रीष्टियान चरित्रको प्रमाण र प्रभावहरूका बारेमा वर्णन गर्नुहुन्छ । ख्रीष्टियान चरित्र राम्रोसँग विकास भएको छ भने त्यसको परिणाममा आत्मिकी फलहरू उत्पन्न हुन्छन् (मत्ती ७:१६-२०; गलाती ५:२२-२३) । परमेश्वरको राज्यको प्रभाव वा फलहरूलाई देखाउनको निम्ति येशूले दुइवटा उदाहरण प्रयोग गर्नुभयो, जुन उदाहरण उहाँका स्रोताहरूलाई राम्रोसँग थाहा थियो । त्यो नुन र ज्योतिको स्वभाव र प्रभावबारे हो । तर यहाँ हामी नुनको बारेमा अध्ययन गर्नेछौं ।

प्राचीन संसारमा नुन बहुमूल्य र सबैले चाहना गर्ने बस्तुको रूपमा प्रयोग गरिन्थ्यो । कहिलेकाहिँ नुनलाई पैसाको रूपमा पनि लिइन्थ्यो । जुन स्थानमा नुनको उत्पादन भएर त्यसको ब्यापार हुन्थ्यो ती स्थानहरूमा शहरहरू स्थापना हुन्थ्यो । नुनको पृथक र त्यसमा खनिज पदार्थको लाभदायक गुण भएको कारणले गर्दा येशूले ख्रीष्टियान

प्रभावलाई प्रमाणको रूपमा तुलना गर्नको लागि नुनलाई चुन्नुभयो । उहाँले नुनको निम्न गुणहरूसित ख्रीष्टियानहरूको प्रभावलाई प्रर्दशन गर्नुभयोः-

(१) **नुनले संरक्षकको रूपमा काम गर्छ** । आधुनिक समयमा पनि मासु लगायत अरू कुहेर जाने खानेकुरालाई नकुहिन र लामो समयसम्म सुरक्षित राख्नको निम्ति नुनलाई प्रयोग गरिन्छ । प्राचीन संसारमा पनि नुनलाई संरक्षणको रूपमा लिएको कुरा अपरिहार्य थियो । त्यसरी नै समानान्तररूपमा ख्रीष्टियानहरूले अरू मानिसहरूको बीचमा संरक्षण गर्ने कामको अभ्यास गर्दछ । यसरी सुसमाचारको प्रभाव नपरीकन बिनाश भएका र पापबाट दुषित भएको संसारलाई ख्रीष्टियान सिद्धान्तहरूद्वारा प्रसारण गर्ने र सुरक्षा दिने गर्दछन् ।

(२) **खानेकुरालाई नुनले स्वादिलो पार्ने काम गर्दछ ।** नुनलाई अक्सर गरी मसलाको रूपमा पनि प्रयोग गरिन्छ । ख्रीष्टियानहरूसँग पनि त्यस्तै समानान्तर प्रभाव पार्ने कुराहरू छन् जुन तिनीहरूको प्रेम, दया, करूणा, सहायता अरू मानिसहरूलाई प्रर्दशन गर्दछ । त्यसरी नै ख्रीष्टियानहरूले संसारका मानिसहरूलाई परमेश्वरको वचनद्वारा स्वादिलो पार्ने काम गर्दछन् ।

(३) **नुनले तिर्खा जगाउँछ ।** नुनले पानीको तिर्खा जगाउने काम गर्दछ । त्यसरी नै ख्रीष्टियानहरूले मानिसहरूलाई परमेश्वरको वचनको इच्छा जगाउने कुरामा अभिप्रेरित गर्न खोज्छ, जुन येशूद्वारामात्र सन्तुष्ट हुन्छ (यूहन्ना ४:१०-१५; ७:३७) ।

(४) **नुनले शुद्ध गर्ने र निको पार्ने काम गर्छ ।** परमेश्वरको राज्यका नागरिकहरू जो परमेश्वरको वचनद्वारा शुद्ध भएका हुन्छन् (याकूब ४:८; १ पत्रुस १:२२) तिनीहरूले आफ्नो मुक्तिका कुराहरू अरू मानिसहरूलाई बाँड्छन् । यहि कारणले गर्दा येशूले आफ्ना चेलाहरूलाई तिनीहरूको नुनिलोपन नगुमाउन चेतावनी दिनुहुन्छ । यदि तिनीहरूको नुनिलोपन गुम्दै गयो भने तिनीहरूको ख्रीष्टियान प्रभाव घट्दैजान्छन् । परमेश्वरको राज्यका नागरिकहरूले यो कहिल्यै पनि बिर्सनुहुँदैनन् कि तिनीहरू संसारमा भएता पनि तिनीहरू संसारको होइनन् (यूहन्ना १७:१६) ।

❁

# ख्रीष्टियान भरोसा र वास्ता

*- जिमी क्लार्क*

"मेरा परमेश्वरले आफ्नो महिमामा उहाँको सम्पति अनुसार तिमीहरूको हरेक खाँचो ख्रीष्ट येशूमा पूरा गरिदिनुहुनेछ" (फिलिप्पी ४:१९) । प्रायजसो विश्वासीहरूले यो पदलाई ख्रीष्टियान बैक नोटको रूपमा उल्लेख गर्दछ । यसले ख्रीष्टियानहरूका आश्वासन, उपलब्धता, र वास्ताको बारेमा बोल्दछ ।

**बैकको अध्यक्ष:-** "मेरा परमेश्वर ।" पावलको ब्यक्तिगत अनुभवको कारणले गर्दा "मेरा परमेश्वर" भनेर भन्न सक्यो । यो स्पष्ट छ कि कसैको बारेमा जान्नु र त्यो ब्यक्तिको बारेमा साँच्चै थाहा पाउनुमा ठुलो भिन्नता छ । जब म "उहाँको सन्तान" हुन्छु, केवल त्यति बेलामात्र उहाँ "मेरो परमेश्वर" हुनुहुन्छ । जब उहाँले मलाई अधिनमा राख्नुहुन्छ, केवल त्यतिबेलामात्र म उहाँको स्वामित्वमा हुन्छु । स्वामित्वमा भएको कुरालाई धर्मशास्त्रमा ब्यक्तिगत सर्वनाम प्रयोग गरेको छ । परमेश्वरले संसार र मानव जातिको निम्ति गर्छु भनेर प्रतिज्ञा गर्नुभएका सबै कुराहरू हाम्रो आफ्नै ब्यक्तिगत सर्वनामद्धारा दावी गर्न सक्छौं । "परमेश्वरले मलाई यस्तो प्रेम गर्नुभयो ताकि उहाँले आफ्नो एकमात्र पुत्र दिनुभयो... ।" स्वर्ग र पृथ्वीको परमेश्वर "मेरो परमेश्वर" हुनुहुन्छ ।

**तिर्ने वाचा:-** "पूरा गरिदिनुहुनेछ ।" यहाँ पूरा गरिदिनुहुनेछ भन्ने शब्दको अनुवाद फिलिप्पी ४:१८ मा उल्लेख गरेको त्यही "तृप्त" शब्दको अनुवाद नै हो । पावलले एफिसीको मण्डलीलाई पत्र लेख्दा जोडदार रूपले त्यही कुरा भन्दछ, "उहाँलाई, जसले हामीभित्र काम गर्ने उहाँको शक्तिअनुसार हामीले मागेको वा चिताएको भन्दा ज्यादै प्रशस्त मात्रामा गर्न सक्नुहुन्छ" (एफिसी ३:२०) । कस्तो अच्चमको यर्थाथ! हामीले कल्पना गर्न सक्ने भन्दा पनि बढ्दा परमेश्वरले प्रशस्त मात्रामा गर्नुहुनेछ ।

**रकम:-** "तिमीहरूका हरेक खाँचो ।" तिमीहरूका सबै चाहनाहरू होइनन्, तर तिमीहरूका सबै आवश्यकताहरू हुन् । यसले परमेश्वरमा पूर्ण आनन्द र भरोसाको निम्ति बोलाउँछ । हाम्रा आत्मिकी र भौतिक दुवै

आवश्यतकता उहाँले पूरा गरिदिनुहुनेछ । के तपाईले त्यसलाई वास्तवमै विश्वास गर्नुहुन्छ? के परमेश्वरले हामीलाई यी कुराहरू हरेक समयमा देखाउनु भएको छैनन् र? येशू भन्नुहुन्छ, "आकाशका चराचुरुङ्गीलाई हेर । तिनीहरूले नता बीउ छर्छन्, न अन्न कटनी गर्छन, न भकारीमा बटुल्छन, तर तिमीहरूका स्वर्गका पिताले तिमीहरूलाई खुवाउनुहुन्छ । के तिमीहरू तिनीहरूभन्दा बढी मूल्यवान छैनौ र?...आज हुने र भोलि अगेनोमा फालिने घाँसलाई परमेश्वरले यसरी पहिराउनुहुन्छ भने, ए अल्पविश्वासी हो, के तिमीहरूलाई झन् बढी उहाँले पहिराउनुहुनेछैन र? यसकारण फिक्री नगर..." (मत्ती ६:२६,३०,३१) ।


**बैंकको पूँजी:-** "आफ्नो महिमामा उहाँको सम्पति अनुसार ।" परमेश्वरमा कहिल्यै पनि कुनै पूँजीको अभाव हुँदैनन् । जसरी उहाँको अनन्त प्रेम र अनुग्रहको अन्त्य हुँदैनन्, त्यसरी नै उहाँको खजाना घर पनि अपरिहार्य र असीमित छन् । पावलले एफिसीहरूलाई लेखेको पत्रमा "सम्पति" र "धनी" शब्दहरू ६ पल्ट उल्लेख गरेको छः "उहाँको अपार अनुग्रह अनुसार ख्रीष्टको रगतद्वारा हामी उहाँमा उद्धार, हाम्रा पापको क्षमा पाउँछौं, जुन अनुग्रह उहाँले हामीलाई प्रशस्त मात्रामा दिनुभयो" (एफिसी १:७,८), "...उहाँको महिमित उत्तराधिकारको सम्पति के हो, सो तिमीहरू जान्न सक" (एफिसी १:१८), "तर परमेश्वर, जो कृपामा धनी हुनुहुन्छ..." (एफिसी २:४), "...आफ्नो अनुग्रहको असीम सम्पति..." (एफिसी २:७), "...ख्रीष्टको अगम्य सम्पतिको सुसमाचार..." (एफिसी ३:८), "म प्रार्थना गर्छु कि उहाँका महिमाको सम्पति अनुसारको शक्तिले उहाँका आत्माद्वारा भित्री मनुष्यत्वमा तिमीहरूलाई शक्तिशाली पारून्" (एफिसी ३:१६) । हो, निश्चिय नै परमेश्वरको अगम्य सम्पति हामीहरूमाथि छ ।

**पैसा दिने व्यक्तिको नाम:-** "येशू ख्रीष्ट ।" हाम्रा मुक्तिदाता येशू ख्रीष्ट भएर यी महान अपरिहार्य आशिषहरू प्रवाह हुन्छन् । उहाँसँगको हाम्रो मिलन भएर येशू ख्रीष्टद्वारा यी सबै आशिषहरू आउँछन् । "किनकि परमेश्वरका सबै प्रतिज्ञाहरू उहाँमा "हो" हुन्छ । यसैकारण उहाँद्वारा परमेश्वरका महिमाको निम्ति हामी "आमिन" भन्छौं" (२ कोरिन्थी १:२०) । "अब हामीहरूका परमेश्वर र पितालाई सदासर्वदा महिमा होस् । आमिन ।" (फिलिप्पी ४:२०) भनी पावलले प्रशंसा व्यक्त गर्दछ ।

- पाठ्य अध्ययन -

# हामी पूजाहारीगिरी हौं ।

*- ड्वाइट फुक्का*




ख्रीष्टियानहरू चेला हुन् । ख्रीष्टियानहरू भेडाहरू हुन् । ख्रीष्टियानहरू पत्रहरू हुन् । ख्रीष्टियानहरू कामदारहरू हुन् । नयाँ नियममा ख्रीष्टियानहरूलाई धेरै कुराहरूले सम्बोधन गरेका छन् । यी वर्णनहरूले हाम्रो सम्बन्ध र भूमिकाहरूको आन्तरिक कुराहरू उपलब्ध गराउँछ । ख्रीष्टियानहरू पूजाहारीगिरीहरू हुन् भन्ने तथ्यलाई हामीले यो अध्ययनमा विस्तार गर्न चाहन्छौं । यी विचारहरूबारे सोच्नुहोस्ः-

**(१) "हामी पवित्र पूजाहारीगिरी हौं ।"**

पत्रुस लेख्दछ, "तिमीहरू पनि येशू ख्रीष्टद्वारा परमेश्वरको दृष्टिमा ग्रहणयोग्य आत्मिक बलिदान चढाउने पवित्र पूजाहारीगिरीको निम्ति जीवित पत्थरहरूझैं आत्मिक घर बन्दैजाओ" (१ पत्रुस २:५) । परमेश्वरको पूजाहारी भएकाले हामी "पवित्र" छौं । थायर भन्दछ कि यो पवित्र शब्दले ग्रीक भाषामा "विशेष रूपले परमेश्वरको निम्ति अलग गरेको भन्ने अर्थ दिन्छ ।"

**(२) हामी "राजकीय पूजाहारीगिरी हौं ।"**



पत्रुस लेख्दछ, "तर तिमीहरू त चुनिएका वंश, राजकीय पूजाहारीगिरी, पवित्र जाति, परमेश्वरका निजी प्रजा हौं । उहाँले तिमीहरूलाई अन्धकारदेखि उहाँका उदेकको ज्योतिमा ल्याउनुभयो, ताकि तिमीहरू उहाँका आश्चर्यपूर्ण कार्यहरूको घोषणा गर्न सक" (१ पत्रुस २:९) । राजकीय भन्ने शब्दले ग्रीक भाषामा राजासँग सम्बन्धित भएको कुरा जनाउँछ । हामी राजाहरूका राजाका पूजाहारीगिरी हौं ।

**(३) पूजाहारीगिरीको रूपमा हामीले के गर्छौं भनी यी अनुच्छेदहरूले पहिचान गर्दछ ।**

१ पत्रुस २:५ पद अनुसार हामीले "येशू ख्रीष्टद्वारा परमेश्वरको दृष्टिमा ग्रहणयोग्य आत्मिक बलिदान चढाउँछौं ।" १ पत्रुस २:९ पद अनुसार परमेश्वरको पूजाहारीगिरीको रूपमा हाम्रो भूमिका भनेको "अन्धकारदेखि उहाँका उदेकको ज्योतिमा ल्याउनुभएको आश्चर्यपूर्ण कार्यहरूको घोषणा गर्ने हो ।"

**(४) हाम्रो आफ्नै कारण वा योग्यताले गर्दा हामी पूजाहारीगिरी हुँदैनौं ।**

"...हामीलाई प्रेम गर्नुहुने र आफ्नो रगतले हामीलाई हाम्रा पापबाट स्वतन्त्र पार्नुहुनेलाई र हामीलाई एउटा राज्य, उहाँका पिता र परमेश्वरका पूजाहारीहरू तुल्याउनेहुने, उहाँलाई महिमा र पराक्रम सदासर्वदा होस् । आमिन ।" (प्रकाश १:५,६) । यूहन्नाले त्यसमा थप्दै यसो भन्दछ, "र तिमीहरूलाई राज्य र हाम्रा परमेश्वरका पूजाहारी बनाउनुभएको छ, तिनीहरूले पृथ्वीमा राज्य गर्नेछन्" (प्रकाश ५:१०) ।

सबै ख्रीष्टियानहरू पूजाहारीगिरी हौं । जसले आत्मिकी बलिदानहरू चढाउँदैनन् र परमेश्वरको आश्चर्यकर्महरूका प्रशंसाको घोषणा गर्दैनन्, तिनीहरूले पूजाहारीगिरीको भुमिकालाई पूरा गर्न असफल भइरहेका हुन्छौ ।

दाजुभाइ दिदी बहिनी, हामी सबै पूजाहारीगिरी हौं ।



# वचनको शिकार

## न्यायकर्त्ता

रेबेका रश्मोर

(१) हात र खुट्टाका बुढी-औंला काटिएका कति जना राजाहरु अदोनी-बेजेकको टेबिलमुनि जूठाहरु टिप्ने गर्थे?

(२) कति बर्षको उमेरमा यहोशूको मृत्यु भयो?

(३) इस्रायलका सन्तानहरुले कनान देशमा पुजेका दुइवटा झुटा ईश्वरहरुका नाम भन्नुहोस् ।

(४) कनान देशको राजाको सिपाहीको नेतृत्व गर्ने सीसरालाई कसले र कसरी मार्‍यो?

(५) बाल देवताको बेदी भत्काइदिए पछि गिदोनलाई कुन नाउँ दिइएको थियो?

(६) लडाईबाट कुशलसित घर फर्कियो भने यिप्ताले होमबलि चढाउनको निम्ति के भाकल गरे?

(७) शिमशोनको बुबाको नाउँ भन्नुहोस् ।

(८) पलिश्तीहरुको भूमि जलाउनको निम्ति शिमशोनले कतिवटा स्यालहरुलाई प्रयोग गरे?

(९) पलिश्तीहरुका देवताको नाउँ भन्नुहोस् ।

(१०) शिमशोनले तिनीहरुको मन्दिरलाई ढाल्दाखेरि कति जना पलिश्ती पुरुष र स्त्रीहरु मरे?

(यसको उत्तर पुस्तकको पछाडीको पानामा छ ।)

# मनासोन, पुराना चेला

**- हर्सेल डाइर**

मनासोन पुराना चेला थियो । उनी पावलसँग यात्रा गरेको थियो । उनको यात्रा कैसरिया देखि यरूशलेमसम्म थियो (प्रेरित २१:१६) । यो पदले संकेट गरे अनुसार पावल र उनका मित्रहरू यरूशलेम आइपुग्दा तिनीहरू मनासोनको घरमा बास बसेका थिए ।

मनासोन उमेरमा बृद्ध भएको थियो या लामो समयदेखि चेला भएको थियो भन्ने बिषयमा यकिनका साथ भन्न सकिदैनन् । ग्रीक पाठ्यखण्डले पनि यसरी नै हो भनेर ब्याख्या गरेको छैन् । मनासोनको बारेमा पर्याप्तरूपमा भन्नुपर्दा बाइबलमा उनको बारेमा एक पल्टमात्र उल्लेख थियो । तापनि हामीलाई थाहा भएको अरू ब्यक्तिहरू जस्तै उनी पनि विशिष्ट छन् ।

प्रचार गर्ने र ख्रीष्टको सुसमाचार फैलाउन परिश्रम गर्नेहरूलाई उनले प्रेम गरेको थियो । पावल, लूका र अरू सहकर्मीहरू पनि थिए जसले हराएका मानिसहरूलाई सुसमाचार पुऱ्याउनको निम्ति कष्ट भोग्ने, निन्दा सहने र मृत्युको मुखसम्म जान तयार भएका थिए । त्यस्तो ब्यक्तिहरूलाई उनले आफ्नो घरको ढोका खोले । परमेश्वरको वचन र ख्रीष्टको सुसमाचार फैलाउन जाने मानिसहरूका निम्ति आफ्नो घरमा बास दिने, खाना खुवाउने र विश्राम गर्ने काममा उनलाई निकै आनन्द मिल्थ्यो ।

यस्तो दुलर्भ मौकामा पनि मनासोन आनन्दित भएको थियो । पावल लगायत अरू प्रेरणाप्राप्त मानिसहरू यरूशलेमको उनको घरमा हुनु निकै नै आशिषको कुरा थियो । पावल लगायत अरू मानिसहरूबाट जीवन परिवर्तन भएका उदाहरणहरू सुन्न पाउनु आनन्दित कुरा हो, जुन जीवन परिवर्तनका कुराहरू प्रेरितको पुस्तकमा पनि उल्लेख गरेका छन् ।

यद्यपी आज हाम्रो बीचमा प्रेरित र अगमवक्ताहरूको उपस्थिति छैनन् । तापनि त्यो समयका मानिसहरूले गरेका सेवा जस्तै हामीमा अरूलाई सेवा गर्ने मौकाहरू छन् । हामीले सुसमाचारलाई प्रेम गरेर त्यसलाई फैलाउन सक्छौं । हामीले हाम्रा साथीहरू लगाएत ख्रीष्टका सेवकहरूलाई तत्परताकासाथ समानरूपमा अतिथि सत्कार देखाउन सक्छौं ।

आज हाम्रो बीचमा कोही पुरुष र स्त्रीहरूका रूपमा आधुनिक मनासोनहरू छन् । उहाँहरूको बारेमा जान्न पाउनु मेरो जीवनको आनन्दको कुरा हो ।

- बाइबल चरित्रहरु -

# के तपाईलाई उनको बुबाको बारेमा थाहा छ?

*- जोन गिपसन*



हरेक बाइबलका विद्यार्थीहरूले शामूएललाई चिनेको हुनुपर्छ । उनको आमाको प्रार्थना र वाचाको जवाफबाट शामूएलको जन्म भएको थियो । यदि परमेश्वरले उनलाई छोरा दिनुभयो भने तिनलाई त्यसको जीवनभर परमप्रभुको निम्ति अर्पण गर्नेछु भनी हन्नाले प्रतिज्ञा गरिन् । जस पश्चात उनी कस्तो प्रकारको परमेश्वरको मानिस भयो भन्ने कुरा हामीलाई थाहा छ । अगमवक्ताहरूको सुचीमा उनी पहिलो श्रेणीमा थियो । मोशा पछि उनी पुरानो करारको सबैभन्दा महान चित्रणको रूपमा लिइन्थ्यो (यर्मिया १५:१) ।

हामी सबैलाई शमूएलको आमा हन्नाको बारेमा थाहा छ । तर के तपाईलाई उनको बुबाको बारेमा जानकारी छ? उनको नाउँ के थियो? उनी कस्तो प्रकारको मानिस थियो? यसबारे हामी केही कुराहरू जान्नेछौं ।

- **उनले आफ्नो पत्नीलाई प्रेम गर्थ्यो ।** उनले हन्नालाई साँच्चै नै यसो

भन्यो, "के म तिम्रो निम्ति दश जना छोराहरूभन्दा पनि बढ्ता छैनँ र?" (१ शमूएल १:१०) । नयाँ करार अनुसार हरेक पत्नीको यस्तो प्रकारको पति हुनुपर्छ । "पति हो, आफ्ना पत्नीहरूलाई प्रेम गर, जसरी ख्रीष्टले पनि मण्डलीलाई प्रेम गर्नुभयो, र त्यसको निम्ति आफूलाई अर्पण गर्नुभयो" (एफिसी ५:२५) ।

- **उनले आफ्नो परिवारलाई परमेश्वरमा आराधना गर्न लगे ।** "यो मानिस वर्षेणी शीलोमा सर्वशक्तिमान् परमप्रभुको आराधना गर्न आफ्नो शहरबाट उक्लेर जाने गर्थे" (१ शमूएल १:३) । परमेश्वरले भन्नुभएको ठाउँमा गएर आराधना गर्थे । परमेश्वरले निर्धारण गर्नु भएको तरीका अनुसार आराधना गर्थे । उनले आफ्नो परिवारलाई आफुसित लिएर जान्थे । येशूले यस्तै कुरा भन्नुभयो, "किनभने लेखिएको छ, 'तैले परमप्रभु आफ्ना परमेश्वरलाई दण्डवत गर्नू, र उहाँको मात्र सेवा गर्नू" (मत्ती ४:१०) । शमूएलको बुबाले यो महान आज्ञालाई कायम गरेको थियो र अरू बाँकी परिवारलाई पनि उदाहरण दिएको छ ।
- **उनी आराधना गर्दा बलिदान चढाउने गर्थे ।** "यो मानिस वर्षेणी शीलोमा सर्वशक्तिमान् परमप्रभुको आराधना गर्न र बलिदान चढाउन आफ्नो शहरबाट उक्लेर जाने गर्थे । त्यहाँ एलीका दुइ छोरा, होप्नी र पीनहास परमप्रभुका पूजाहारीहरू थिए" (१ शमूएल १:३) । परमेश्वरको सेवा गर्दा आराधना र बलिदान सँगसँगै गर्थ्यो । अहिले होप्नी र पीनहास पूजाहारीहरू थिए । तिनीहरू भ्रष्ट थिए भनी पहिलो शमूएल एक अध्यायले बताउँछ । जबसम्म यी बेकारका मानिसहरू पूजाहारीको रूपमा हुन्छन् तब सम्म म कुनै योगदान दिने छैनन् भनी शामुएलको बुबाले भन्न सक्थ्यो, तर उनले त्यसो गरेनन् । उनलाई थाहा थियो कि उनले यी मानिसहरूलाई बलिदान चढाइरहेका थिएनन्, तर परमप्रभुलाई बलिदान गरिरहेको थियो ।

शामूएलको बुबाको नाउँ एल्काना थियो । तपाई कस्तो बुबा हुनुहुन्छ? बुबा कस्तो हुनुपर्ने हो भन्ने कुरा उनलाई थाहा थियो । हरेक बुबाहरूले आफ्ना पाइलाहरूलाई पछ्याउनको निम्ति आग्रह गर्दछन् । यो छोटो पाठले तपाईको परिवारलाई आशिष मिलोस् ।

❀

# के हामी ख्रीष्टियानहरूले साँच्चैनै उद्धार पाएको अवस्था छौं भनी सुनिश्चित गर्न सक्छौं?

*- डीन फुगिट*



येशूले भन्नुभयो, "तिमीहरू मेरो वचनमा रहयौ भने तिमीहरू साँच्चै मेरा चेला हौं । तब तिमीहरूले सत्य के हो सो जान्नेछौ, र सत्यले तिमीहरूलाई स्वतन्त्र तुल्याउनेछ" (यूहन्ना ८:३१,३२) । त्यसमा उहाँले थप्दै भन्नुहुन्छ, "यसकारण पुत्रले तिमीहरूलाई स्वतन्त्र गरायो भने तिमीहरू निश्चय स्वतन्त्र हुनेछौ" (यूहन्ना ८:३६) । यी पदहरूमा येशूले भन्दै हुनुहुन्छ कि त्यहाँ एउटा ज्ञानको बिषय छ, जसलाई "सत्यता" भनेर चिनिन्छ । त्यो सत्यता जान्ने कुरा हो । उपयुक्त समयमा त्यो ज्ञानले स्वतन्त्रता उत्पन्न गर्छ । सन्दर्भमा प्रकट भए अनुसार यो स्वतन्त्र पापदेखिको स्वतन्त्र हो । येशूले यूहन्ना ८:३४ भन्नुहुन्छ, "पाप गर्ने प्रत्येक पापको कमारा हो ।" यदि पुत्रले कसैलाई स्वतन्त्र पार्दछ भने वास्तवमै उ स्वतन्त्र हुन्छ भन्ने येशूले भनाइ हो । यसकारण उहाँले पापदेखिको स्वतन्त्रता बारेमा बोल्दैहुनुहुन्छ भनी हामी जान्दछौं । पापदेखिको स्वतन्त्रता नै धार्मिकताको निम्ति स्वतन्त्र हुनु हो । रोमी ६:१६-१८ पदहरूमा पावलको टिप्पणीलाई नोट गर्नुहोस्ः "के तिमीहरू जान्दैनौं, आज्ञाकारी

कमाराको रूपमा आफैलाई जसकहाँ समर्पण गर्छौ जसको आज्ञा तिमी पालन गर्छौ, त्यसको कमारा पनि हुन्छौ?- कि त मृत्युतिर लाने पापको कमारा अथवा धार्मिकतातिर लाने आज्ञाकारिताको? तर परमेश्वरलाई धन्यवाद होस्, कि तिमीहरू, जो एक पल्ट पापका कमारा थियौ अब जुन शिक्षाको नमूनामा तिमीहरू सुम्पिएका थियौ, त्यो हृदयले पालन गर्ने भएका छौ । तिमीहरू पापबाट मुक्त गराइएर धार्मिकताका कमारा बनेका छौ ।"

यूहन्ना १७:३ मा येशूले भन्नुभयो, "अब अनन्त जीवन यही हो, कि तिनीहरूले तपाई, एकमात्र सत्य परमेश्वरलाई चिनून्, र तपाईले पठाउनुभएको येशू ख्रीष्टलाई चिनून् ।" परमेश्वरलाई "चिनून्" भन्ने शब्दको अर्थ बुझ्नको निम्ति यूहन्नाले हामीलाई १ यूहन्ना २:३-५ मा यसो भन्दछ, "यदि हामीले उहाँका आज्ञाहरू पालन गर्‍यौं भने यसैबाट हामी थाहा पाउन सक्छौं, कि हामी उहाँलाई चिन्दछौं । जसले 'म उहाँलाई चिन्छु' भन्छ, तर उहाँका आज्ञाहरू उल्लङ्घन गर्छ, त्यो झूटो हो, र त्यसमा सत्य छैन । तर जसले उहाँको वचन पालन गर्छ, त्यसमा पर मेश्वरप्रतिको प्रेम साँच्ची नै सिद्ध भएको हुन्छ । हामी उहाँमा छौं भन्ने कुरामा यसैबाट निश्चित हुन्छौं ।" यदि हामीले केही कुरा जान्न सक्छौं भने, हामीले हाम्रो उद्धार मुक्तिको निम्ति परमेश्वरका इच्छाहरू पनि जान्न सक्छौं । येशूले यही कुरा भन्नुहुन्छ । हामीले उहाँका आज्ञाहरू पालना गर्न सक्छौं । "तिमीहरू मलाई प्रेम गर्छौ भने मेरा आज्ञाहरू पालन गर्नेछौं" (यूहन्ना १४:१५) । हामीले उहाँका आज्ञाहरू पालन गर्छौं भने हामी उद्धार पाएका र सुरक्षित अवस्थामा छौं । हामीले कुनै पनि खेलका नियमहरूलाई जान्न सक्छौं । हामीले कुनै देशको नियमलाई पालन गरिरहेका छौं कि छैनौं भन्ने कुरा थाहा पाउन सक्छौं, त्यसरी नै हामीले परमेश्वरका आज्ञाहरूलाई पालन गरिरहेको छौं कि छैनौं भन्ने कुरा पनि बुझ्न सक्छौं ।

हामीले उहाँका आज्ञाहरू पालन गरेका छैनौं भने हामी उहाँमा हुँदैनौं र हामी उहाँका हुँदैनौं भन्ने कुरा पनि हामीले बुझ्न सक्छौं । हामीले हाम्रो अनन्त मुक्ति र स्वर्गको आशामा कुनै खतरा पार्ने काम गर्न सक्दैनौं भन्ने घृणित शिक्षा हो । यो दियाबलसबाट आएको हो, परमेश्वरको पुत्रबाट आएको होइन् । कसैलाई पनि यस्तो प्रकारको झुटो शिक्षाले छल्न नपाओस् ।

# कसरी परमेश्वरले प्रार्थनाको उत्तर दिनुहुन्छ?

– *डेनिस डुलेज*




"परमेश्वरमा हाम्रो पूर्ण भरोसा छ कि उहाँको इच्छाबमोजिम जे मागे तापनि उहाँले हाम्रो कुरा सुन्नुहुन्छ । हामीले प्रार्थनामा जेसुकै मागे तापनि परमेश्वरले सुन्नुहुन्छ भनी हामी जान्दछौं भने, यो पनि जान्दछौं कि उहाँलाई हामीले जे मागेका छौं त्यो हामीलाई प्राप्त भएको छ" भनी यूहन्ना भन्दछ (१ यूहन्ना ५:१४,१५) । याकूब ५:१६ ले भन्दछ, "यसकारण तिमीहरू एउटाले अर्कासँग आ-आफ्ना पाप स्वीकार गर । तिमीहरू निको हुनलाई एउटाले अर्काको निम्ति प्रार्थना गर । धार्मिक मानिसको प्रार्थना शक्तिशाली र प्रभावशाली हुन्छ ।"

परमेश्वरले आफ्ना आत्मिक परिवार जनहरूको प्रार्थनाका उत्तर दिनुहुन्छ । यसको अर्थ यो होइन् कि उहाँले सबै प्रार्थनाको त्यही तरीकाले जवाफ दिनुपर्छ या त हामीले अपेक्षा गरे अनुसार दिनुहुन्छ । सबैभन्दा पहिला, परमेश्वरले कहिलेकाहिँ हाम्रा अनुरोधको जवाफमा "हुन्छ" भन्नु हुन्छ, जस्तो पत्रुसले झ्यालखानाबाट प्रार्थना गरेको थियो (प्रेरित १२:५-१२) । दोस्रोमा, परमेश्वरले कहिलेकाहिँ प्रार्थनाको जवाफमा "हुन्न्" भन्नुहुन्छ । ब्यवस्था ३:२३-३५ मा मोशाले परमेश्वरसँग प्रतिज्ञाको भूमिमा प्रवेश गर्न पाउँ भनी प्रार्थना गरे । परमेश्वरले उनको प्रार्थनालाई इन्कार गर्नुभयो । शताब्दीयौं पछि येशूको क्रूसमा टाँग्नेबारे छलफल गर्नको निम्ति मोशा र एलिया आत्मामा येशूसित देखा परे (मत्ती १७:३) । यसकारण परमेश्वरले हाम्रा प्रार्थनाको उत्तरमा "होइन्" भन्नु हुन्छ भने यसको अर्थ उहाँले हाम्रो निम्ति केही उत्तम कुराहरू साँचेर राख्नु भएको छ भन्ने बुझिन्छ । अन्तमा, परमेश्वरको आफ्नै अनन्तको बुद्धिले हेरेर हाम्रा प्रार्थनाको जवाफ दिन ढिलाई पनि गर्नुहुन्छ । यसको उदाहरण अयुबलाई लिन सकिन्छ, जसले प्रार्थनाको उत्तर पाउनको निम्ति लामो समय पर्खनुपऱ्यो । अयुबले अधैर्यकासाथ आफ्ना बिन्तिहरू परमेश्वरमा राखेको थियो, तर परमेश्वरको मनमा त्यसको उद्देश्य थियो भन्ने कुरा अयुबले महसुस गर्न सकेनन् ।

- प्रवचन रूपरेखा -

# ताजा हेराई (यशैया ६:१-८)

*- बबी डकरी*



**परिचयः**

(क) उज्जियाह राजा मरेको वर्षमा यशैया अगमवक्ताको सेवाकाईमा संकष्ट आएको थियो । अलमल्लताको अवस्थामा पनि उनले लामो समयसम्म अगमवाणी गरे ।

(ख) उनको प्रमुख व्यक्तिगत चिन्ताले राष्ट्रिय विपत्तिमाथि प्रहार भयो । उज्जियाह राजाको मृत्यु उनको राजदरबारमा होइन्, तर कुष्ठरोगीको घरमा भयो ।

(ग) शोक र निराशामा यशैयाले परमेश्वरको उपस्थिति खोजे । उनले परमेश्वरको महिमालाई ताजारूपमा देखेकोले उनी एकदम नयाँ देखियो ।

**मूल बिषयः**

(I) **परमेश्वरलाई ताजारूपले हेर्ने (यशैया ६:१-४) ।**

(क) यशैयाले जुन परमेश्वरलाई देखेको थियो उहाँ अवर्णनीय शक्तिका परमेश्वर हुनुहुन्छ ।

(ख) दुइवटा कुरालाई व्याख्या गर्दै यशैयाले परमेश्वरको शक्तिलाई वर्णन गरेः-

(१) परमेश्वरको पोशाकको विभूषण (प्रस्थान २८:३३,३४; भजनसंग्रह १०४:१,२) ।

(२) परमेश्वरको सिंहासनमाथि सराफहरू थिए (हिब्रू १२:२८,२९; भजनसंग्रह ८९:७) ।

**(II) परिस्थितिहरूलाई ताजारूपले हेर्ने ।**

(क) उज्जियाह राजा मरेको वर्ष अन्धकार र अस्थिरताको समय थियो । उनले ५२ वर्ष राज्य गरे । त्यो समृद्धि र स्थिरताको समय थियो । उनको भविष्य अनिश्चित थियो ।

(ख) हामी अनिश्चित समयको सामना गर्छौं:

(१) विश्वमा आतंकवादको अशुभ संकेटका कुराहरू ।

(२) विश्वमा अर्थतन्त्रको चिन्ताजनक अवस्था ।

(३) आधुनिक संस्कृतिको भ्रष्टता ।

(ग) हामी कसरी प्रतिक्रिया गर्न सक्छौं? परमेश्वरमा भरोसा गरेर (रोमी ८:३१-३९) ।

**(III) आफैले आफैलाई ताजारूपले हेर्ने (यशैया ६:५) ।**

(क) "मलाई धिक्कार छ!" उनी पापी हो भन्ने कुरा यशैयालाई थाहा थियो, जुन कुरा परमेश्वरबाट लुकाउन सक्दैनन् ।

(ख) उनले आफ्नो पापलाई पहिचान गर्दै, उनलाई परमेश्वरको आवश्यकता थियो भन्ने कुरा महसुस गरे ।

**(IV) पाप क्षमालाई ताजारूपले हेर्ने (यशैया ६:६,७) ।**

(क) यशैया आफ्नो दोषप्रति सजग थिए ।

(ख) परमेश्वरको अनुग्रह उनको पापको निम्ति पर्याप्त थियो (रोमी ५:८) ।

**(V) हाम्रा सेवाकाईलाई ताजारूपले हेर्ने (यशैया ६:८) ।**

(क) उनी ऋणी थियो भन्ने कुरा यशैयाले महसुस गरे- अब उनले गर्नुपर्ने काम छ । "म हाजिर छु । मलाई पठाउनुहोस् ।"

(ख) मानिसहरूलाई वचन भन्नुपर्छ; सुसमाचार बाँड्नुपर्छ (रोमी १:१४,१५; मत्ती २८:१९,२०) ।

**निष्कर्ष:**

हरेक समयमा हाम्रो जीवनको संघर्षले हामीलाई चिन्तित बनाउँछ र हाम्रो हृदय गुम्छ कि भन्ने कुरासम्ममा पुग्छौं । त्यस्तो समयमा हामीले हाम्रा मुक्तिदातालाई ताजारूपले हेर्नुपर्छ ।

- प्रवचन रुपरेखा -

# अयुबबाट सिक्नुपर्ने महत्वपूर्ण पाठ

*- थर्मन होज*



**(क) मानिसहरूलाई आफ्नोतर्फ खिच्न शैतानले हरेक समय प्रयास गरिरहन्छ भनी अयुबको पुस्तकले हामीलाई सिकाउँछ ।**

(१) शैतानले मानिसलाई खाइहाँलू भनी निरन्तर खोजीहिँड्छ भनी पत्रुस भन्दछ (१ पत्रुस ५:८) ।

(२) मण्डलीको प्रगतिलाई पछाडी पार्न र निरासा गर्न विभिन्न प्रकारका उपकरणहरूलाई शैतानले प्रयोग गर्छ भनी पावल भन्दछ (२ कोरिन्थी २:११) ।

(३) परमेश्वरको बगाललाई नष्ट गर्न झुटा शिक्षा सिकाउन लगाएर, वा केही मण्डलीका अगुवाहरूलाई गलत शिक्षा सिकाउनको निम्ति काम दिएर, वा भेडाहरूलाई सत्यताबाट ताढा लैजान शैतानले बाहिरबाट ब्वाँसाहरू पठाउँछन् (प्रेरित २०:२८-३१; २ तिमोथी ४:३-५) ।

(४) प्रभुलाई पछ्याउनुको सट्टा मानिसहरूका समुहलाई पछ्याउन लगाएर शैतानले विभाजनलाई पनि प्रयोग गर्छ (१ कोरिन्थी १:१०-१३) ।

**(ख) मानविय दर्शनशास्त्र छोटो समयको निम्ति हुन्छ भनी अयुबले हामीलाई सिकाउँछ (अयूब १६:२-३) ।**

(१) मानिस आफैले आफ्नो मार्ग निर्देशन गर्न सक्दैनन् भनी यर्मिया अगमवक्ता भन्दछ (यर्मिया १०:२३) ।

(२) परमेश्वरको बुद्धिले हामीलाई भलाइको काम गर्न सिकाउँछ र सिद्धताको मार्गमा डोऱ्याउँछ (१ कोरिन्थी २:६-१३; २ तिमोथी ३:१६, १७) ।

(३) मानिसको बुद्धि र घमण्ड त्यागनको निम्ति पावलले हामीलाई हौसला दिन्छ (२ कोरिन्थी १०:५) ।

**(ग) परमेश्वरमा पूर्ण भरोसा राख्नुपर्छ भनी अयूब भन्दछ ।**

(१) परमेश्वरमा निर्भर रहनु भनी बुद्धिमानी मानिस सोलोमनले हामीलाई अर्ती दिन्छ (हितोपदेश ३:५-७) ।

(२) परमेश्वरमा शक्ति छ भनी इस्रायलको राजा दाऊदले हामीलाई देखाउँछ (भजनसंग्रह ३३:८-१२) ।

(३) "यदि परमेश्वर हामीतर्फ हुनुहुन्छ भने, हाम्रो विरूद्ध को हुन्छ?" (रोमी ८:३१) भन्ने पावलले सोधेको आलङ्कारीक प्रश्नमा कुनै अच्चम नहुनुहोस् ।

**(घ) जीवनका सम्पूर्ण आश्चर्यपूर्ण प्रश्नहरूको जवाफ येशू ख्रीष्टले दिनु हुन्छ भन्ने महान पाठहरू अयुबको पुस्तकमा पाउँछौं ।**

(१) परमेश्वर र आफैबीच अयुबले मध्यस्थकर्त्ताको चाहना गरे (अयुब २३:३; ९:३३) ।

(२) येशूले त्यो आवश्यकतालाई पुरा गर्नुहुन्छ भनी हामी जान्दछौं (१ तिमोथी २:५; १ यूहन्ना २:१; हिब्रू ४:१४- १६) ।

(३) चिहानपछि पनि जीवन हुन्छ कि भन्ने बारेमा अयुब अच्चम परेको थियो (अयुब १४:१४) ।

(४) येशूले आफ्नो शिक्षाद्धारा हामीलाई सिकाउनु भएको छ कि हामीहरू चिहानबाट विजयी भएर पुनरूत्थान हुनेछ (यूहन्ना ११ :२५, २६; १४:१-६; १ कोरिन्थी १५:१- २६; कलस्सी ३:४) ।

(५) हामीले जस्तै अयुबले पनि बिश्राम स्थलको इच्छा गरेको थियो (मत्ती ११:२८-३०; हिब्रू ४:१-११) ।

(६) स्वर्ग त्यो स्थान हो, जहाँ जीवनका सबै चिन्ता, फिक्री, दुःख र पीडाहरूबाट हामीलाई स्वतन्त्र पार्नुहुन्छ (प्रकाश २१:४-७) ।

## - स्थानीय मण्डलीको ठेगाना -

**काठमाडौ उपत्यकामा भएका केही मण्डलीहरू**

**चापागाउँ ख्रीष्टको मण्डली**
प्रचारकः दिपक देशार
आइतबार आराधनाः बिहान ८:००-९:३०

**पुतलीसडक ख्रीष्टको मण्डली**
प्रचारकः मेघ बहादुर मोक्तान, ९८५१००७१६०
आइतबार आराधनाः दिउँसो १२:००-१:३०

**गोलढुङ्गा ख्रीष्टको मण्डली**
प्रचारकः दावा लामा तामाङ्ग
आइतबार आराधनाः बिहान ८:००-१०:००
बेलुकी ७:३०-९:००

**धितालथोक ख्रीष्टको मण्डली**
प्रचारकः पा. सो बहादुर तामाङ्ग
आइतबार आराधनाः बिहान ७:००-९:००

**चपली ख्रीष्टको मण्डली**
प्रचारकः जेरी गलफिनी
आइतबार आराधनाः दिउँसो १:००-२:३०

**कलंकी ख्रीष्टको मण्डली**
प्रचारकः हरि दवाडी, ९८४०२१२०२९
आइतबार आराधनाः बिहान ८:३०-९:३०

**रसुवा जिल्लामा भएका केही मण्डलीहरू:**

**स्याफ्रूबेंशी ख्रीष्टको मण्डली**
अगुवाः लाक्पा कामी तामाङ्ग
सम्पर्कः ९८४९५६२८१६
आइतबारः आराधना बेलुकी ६:००-८:००

**पाजुङ ख्रीष्टको मण्डली**
अगुवाः सार्की लामा तामाङ्ग
सम्पर्कः ९८४३३३४४००
आइतबारः आराधना बिहान ८:००-१०:००

**मेहेन्द्रोगाँऊ ख्रीष्टको मण्डली**
अगुवाः ग थापा तामाङ्ग
सम्पर्कः ९८४३६८३१५७
आइतबारः आराधना बिहान ८:००-१०:००

**गतलाङ्ग ख्रीष्टको मण्डली**
अगुवाः चोक्ता तामाङ्ग
सम्पर्कः ९८०८१०६९६७
आइतबारः आराधना बिहान ८:००-१०

**ग्रे ख्रीष्टको मण्डली**
अगुवाः राम बहादुर तामाङ्ग
सम्पर्कः ९८४३५०८०६८
आइतबारः आराधना बिहान ८:००-९:३०

**सानो हाकु ख्रीष्टको मण्डली**
अगुवाः थिले वाङदी/लामा कार्पो तामाङ्ग
सम्पर्क नम्वरः ९८६०८०६०१३
आइतबारः आराधना बिहान ८:००-१०:००

**दालफेदी ख्रीष्टको मण्डली**
अगुवाः गेनजेन तामाङ्ग
सम्पर्क नम्वरः
आइतबारः आराधना बिहान ७:००-९:००

**धादिङ्ग जिल्लामा भएका केही मण्डलीहरूः**

**धादिङ्गबेशी ख्रीष्टको मण्डली**
अगुवाः पोडे घले
सम्पर्कः ९८४३१४५२९५
आइतबारः आराधना दिउँसो ११:००-१:००

**लाब्दुङ्ग ख्रीष्टको मण्डली**
अगुवाः दावा तामाङ्ग (चेन्चा)
सम्पर्क नम्वरः ९८६०४९०१९३
आइतबारः आराधना बिहान ८:००-१०:००

**पुरू ख्रीष्टको मण्डली**
अगुवाः प्रकाश घले
आइतबारः आराधना बिहान ८:००-१०:००

**लिङ्गजो ख्रीष्टको मण्डली**
अगुवाः बि बहादुर तामाङ्ग
सम्पर्कः ९८६९१२९२८२
आइतबारः आराधना बिहान ८:००-१०:००

## - स्थानीय मण्डलीको ठेगाना -

**तनहुँ जिल्ला र पोखरामा भएका केही मण्डलीहरू:**

### थाक्रे ख्रीष्टको मण्डली
अगुवाः मेन्जा तामाङ्ग
सम्पर्कः **९८४६९३८८१९**
आइतबारः आराधना बिहान ८:००-१०:००

### खातीथोक ख्रीष्टको मण्डली
अगुवाः मिङ्गमार घले
सम्पर्कः **९८४६२४२६५२**
आइतबारः आराधना बिहान ८:००-१०:००

### बर्षेनीटार ख्रीष्टको मण्डली
अगुवाः सुरेन्द्र/सन्त भुजेल
सम्पर्कः **९८६३३७१८८६/९८६५३५९४०५**
आइतबारः आराधना बिहान ८:००-९:३०

### कालिटार ख्रीष्टको मण्डली
अगुवाः चन्द्र प्रकाश बि.क.
सम्पर्कः **९८४९९२७५६२**
आइतबारः आराधना बेलुकी ६:००-७:३०

### पोखरा ख्रीष्टको मण्डली
अगुवाः मिलन तामाङ्ग
सम्पर्कः **९८६४३७६५८४**
आइतबारः आराधना बिहान १०:००-१२:००

**चितवन र मकवानपुर जिल्लामा भएका केही मण्डलीहरू:**

### पद्मपुर ख्रीष्टको मण्डली
अगुवाः सञ्जय प्रधान
सम्पर्कः **९८४५०९०७७५**
आइतबारः आराधना दिउँसो १:००-२:३०

### भालुमारा ख्रीष्टको मण्डली
अगुवाः लाल बहादुर प्रजा
सम्पर्कः **९८४५५६५८६४**
आइतबारः आराधना दिउँसो ८:००-१०:००

### सिमलताल ख्रीष्टको मण्डली
अगुवाः नन्दलाल प्रजा
सम्पर्कः **९८४४९७२१५५**
आइतबारः आराधना बिहान ८:००-१०:००

### कुचुर ख्रीष्टको मण्डली
अगुवाः गम बहादुर प्रजा
आइतबारः आराधना बिहान ७:००-१०:००

### खनकरेटार ख्रीष्टको मण्डली
अगुवाः जत्न लाल प्रजा
सम्पर्कः **९८६०५४०५४५**
आइतबारः आराधना बिहान ७:००-९:३०

### सिलिङ्गे ख्रीष्टको मण्डली
अगुवाः जीत बहादुर प्रजा
सम्पर्कः **९८४५७३४७५७**
आइतबारः आराधना बिहान ८:००-१०:३०

### पलासैं ख्रीष्टको मण्डली
अगुवाः उदय बहादुर चेपाङ्ग
सम्पर्कः **९८४५६५५११३**
आइतबारः आराधना बिहान ८:००-१०:००

### निगुरेटार ख्रीष्टको मण्डली
अगुवाः रामकुमार प्रजा/काजी राम प्रजा
सम्पर्कः **९८६२४५६२५८**
आइतबारः आराधना बिहान ८:००-१०:००

### मैसिराङ्ग ख्रीष्टको मण्डली
अगुवाः साजन प्रजा, **९८६१३१३७११**
आइतबारः आराधना बिहान ८:००-९:३०

**पूर्व नेपालमा भएका केही मण्डलीहरू:**

### मंगलबारे ख्रीष्टको मण्डली
अगुवाः कर्नेलियस मुर्मु
सम्पर्कः **९८२५९७६६२९**
आइतबारः आराधना बिहान ७:००-९:००


### सिजुवा ख्रीष्टको मण्डली
अगुवाः लुखीराम मुर्मु/देबीलाल सोरेन
आइतबारः आराधना दिउँसो १२:००-२:००


### सुरुङ्गा ख्रीष्टको मण्डली
अगुवाः भरत रायमाझी
आइतबारः आराधना बिहान ८:००-९:३०


### दमक ख्रीष्टको मण्डली
अगुवाः लक्ष्मी प्रसाद गिरी
आइतबारः आराधना बिहान ८:००-१०:००


## केही थप पुस्तकहरू


सत्यवाणी लगाएत अरू विशेष पुस्तकहरू उपलबध छन् । व्यक्तिगत अध्ययन तथा मण्डलीय बाइबल अध्ययन लगायत व्यक्तिगत प्रचार कार्यको निम्ति यी पुस्तकहरू सुहाँउदो छन् । प्रभुको इच्छा र आशिष भइरहे आगामी दिनहरूमा अरू थप पुस्तकहरू पनि प्रकाशन गरिरहनेछौं । तपाईका ख्रीष्टियान लेखहरू, प्रार्थना, सल्लाह र सहयोगको अपेक्षा गर्दछौं ।








































## ५ मिनेट बाइबल अध्ययन
(पाना नं. ७९)

<u>उत्तरहरु</u>:

(१) चिन्नुहुन्छ, विचार
(२) येशूले, हृदयमा, दुष्ट
(३) भरमा, मानिस, जान्नुहुन्थ्यो
(४) बस्छस्, गएको, आएको
(५) विश्वास, धोखा, शुरुदेखि
(६) हृदयको, चुन्नुभएको

## पदको खोजी (पाना नं. २९)


<u>उत्तरहरु</u>:

(१) व्यभिचार, एक जनाले आफ्नै बाबुकी स्वास्नी राखेको छ ।
(२) घमण्ड गर्छौं, शोक गर्नुपर्ने थियो ।
(३) अनुपस्थित, उपस्थित
(४) शैतानको हातमा सुम्पिदिने
(५) खमीर
(६) खमीरले, ढिकालाई
(७) ख्रीष्ट
(८) निष्कपट, सत्यताको
(९) सङ्गत नगर्नू वा खान पनि नबस
(१०) लोभी, मूर्तिपूजक, निन्दा गर्ने मतवाला, लुटाहा
(११) ख्रीष्ट बाहिर भएकाहरुको हामी न्याय गर्दैनौं ।
(१२) परमेश्वर

## वचनको शिकार (पाना नं. ८६)

<u>उत्तरहरु</u>:

(१) ७० जना, १:७५
(२) ११० २:८
(३) बाल र अस्तोरेत, २:११-१३
(४) याएल; कन्चट छिचोलेर भूइँ भेट्ने गरी कीला ठोकिदिइन् ४:१७-२२
(५) यरुब-बाल, ६:२८-३२; ७:१
(६) उनलाई भेट्न घरको ढोकाबाट बाहिर आउने पहिलो प्राणी परमप्रभुको हुनेछ, ११:३०-३१
(७) मानोह, १३:१-२४
(८) ३०० वटा, १५:३-५
(९) दागोन, १६:२३
(१०) ३०००, १६:२५-३०




थप जानकारीको लागि तलको ठेगानामा सम्पर्क गर्नुहोस्:


हाम्रो मृत्युपछि हामी कहाँ जान्छौ?
संसार
(जीवनको स्थान)
पाताल
(मृतकहरुका स्थान)
स्वर्ग
मृत्यु
स्वर्गलोक
उद्धार पाएका
साँघुरो ढोका
ठूलो निश्चित खाडी
फराकिलो ढोका
यातना
हराएका
मृत्यु
इनाम
इन्साफको
दिन
दोष
पुनरुत्थान
"आओ"
"आओ"
धन्यको हो...राज्यलाई अधिकार गर
(मत्ती २५:३४
"दूर होओ"
अनन्तको आगोमा जाओ (मत्ती २५:४१)
"दूर होओ"
नरक

## प्रभु येशूको प्रार्थना

९ तर तिमीहरूचाहिँ यस किसिमले प्रार्थना गर:
हे हाम्रा पिता, जो स्वर्गमा हुनुहुन्छ, तपाईंको
नाउँ पवित्र होस्।

१० तपाईंको राज्य आओस्। तपाईंको इच्छा स्वर्गमा
जस्तो छ, त्यस्तै यस पृथ्वीमा पूरा होस्।

११ हामीलाई आज हाम्रो दैनिक भोजन दिनुहोस्।

१२ हाम्रा अपराध क्षमा गर्नुहोस्, जसरी हामीले
आफ्ना अपराधीहरूलाई क्षमा गरेका छौं।

१३ हामीलाई परीक्षामा पर्न नदिनुहोस्, तर दुष्टबाट
छुटाउनुहोस् । किनभने राज्य, पराक्रम र
महिमा सदासर्वदा तपाईंकै हुन्, आमिन।

१४ किनकि तिमीहरूले मानिसहरूका अपराध क्षमा
गऱ्यौ भने तिमीहरूका स्वर्गमा हुनुहुने पिताले पनि
तिमीहरूलाई क्षमा गर्नुहुनेछ । तर तिमीहरूले
मानिसहरूका अपराध क्षमा गरेनौं भने
तिमीहरूका पिताले तिमीहरूका अपराध क्षमा
गर्नुहुनेछैन्।

मत्ती ६:९-१५